सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० चैत २०७९, सोमबार (3 April 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सरकारी आयोगले नै खारेज गर्न भनेका संस्थान र कार्यालय धान्न पाँच वर्षमा ४४ अर्ब खर्च

०७५ मै भएको थियो प्रतिफल नदिने, तर कर्मचारीको तलब, सवारीसाधन र कार्यालयलगायतमा आर्थिक भार थपिरहेका संस्थान र कार्यालय खारेजीको सिफारिस



खारेज गर्नयोग्य संस्थालाई सेतो हात्ती बनाएर राख्नुहुँदैन

● डा. डिल्लीराज खनाल,
अध्यक्ष, सार्वजनिक खर्च पुनरावलोकन आयोग

सरकारले सार्वजनिक संस्थान र कार्यालयबारे ठोस निर्णय लिने वेला भइसक्यो। कुनै संस्थान-कार्यालय खारेज गर्नुपर्ने खालका छन्। कुनैलाई पुनर्संरचना गरेर पनि चलाउन सकिन्छ। कुनैमा रणनीतिक साझेदार भित्र्याएर पनि काम गर्न सकिन्छ। हामीले सूक्ष्म अध्ययन गरेर कुन संस्थान-कार्यालय चलाउने, कुन तल्लो तहमा हस्तान्तरण गर्ने र कुन खारेज गर्ने भनेर पर्याप्त कारणसहित प्रतिवेदन दिएका छौं। त्यसैले खारेजीका लागि सिफारिस गरिएकालाई कुनै बहानामा सञ्चालन गरिरहनुपर्दैन। सरकारले अब त्यस्ता संस्थान-कार्यालयलाई सेतो हात्ती बनाएर राख्नुहुँदैन।

अजित अधिकारी, पवन तिमिल्सिना/नयाँ पत्रिका


आफैंले गठन गरेको आयोगले खारेज गर्न सिफारिस गरेका संस्थान र कार्यालयका लागि सरकारले पछिल्ला पाँच वर्षमा ४४ अर्बभन्दा धेरै खर्च गरेको छ। सार्वजनिक खर्च पुनरावलोकन आयोगले उचित प्रतिफल दिन नसकेका, तर कर्मचारीको तलब-भत्ता, सवारीसाधन र कार्यालयको मर्मतलगायतमा आर्थिक भार थपिरहेका ३१ कार्यालय, संस्थान, कोष, बोर्ड, आयोगलगायत खारेज गर्न सिफारिस गरेको थियो। त्यसमध्ये करिब एक दर्जन कार्यालय र संस्थानले राज्यलाई धेरै व्ययभार थपिरहेका छन्। खारेजीको सिफारिसपछि पनि सरकारले तिनै निकायमा ४४ अर्ब दुई करोड लगानी गरेको छ।

सार्वजनिक खर्च प्रणालीलाई दक्ष, मितव्ययी र परिणाममुखी कसरी बनाउन सकिन्छ भन्ने सम्बन्धमा सुझाव दिन सरकारले ३ भदौ ०७५ मा अर्थशास्त्री डा. डिल्लीराज खनाल नेतृत्वमा आयोग गठन गरेको थियो। आयोगले बृहत् अध्ययन-विश्लेषण गरेर सोही वर्षको माघमा सरकारलाई प्रतिवेदन बुझाएको थियो। आयोगले विकास समिति ऐन र विशेष ऐनहरूबाट सञ्चालित/गठित समिति, परिषद्, आयोग, बोर्ड र केन्द्र तथा संस्थान गरी ३१ वटा निकाय खारेज गर्न सिफारिस गरेको थियो।

आयोगले खारेज गर्न सिफारिस गरेको सूचीमा व्यापार तथा निकासी

» पृष्ठ २ मा क्रमशः

■ खारेजीको सिफारिसपछि पनि सरकारले धेरै लगानी गरिरहेका ११ संस्थान र कार्यालय



ग्रामीण खानेपानी तथा सरसफाइ कोष — **५ अर्ब ८७ करोड**

संघीयता लागू भएपछि खानेपानी उपभोक्ता समितिहरू स्थानीय तहको अवधारणामा सञ्चालन भइरहेका छन्। त्यसैले केन्द्रमा रहेको यस्तो समितिलाई पनि खारेज गरेर स्थानीय तहलाई नै हस्तान्तरण गर्नुपर्ने सिफारिस सार्वजनिक खर्च पुनरावलोकन आयोगको थियो। पाँच वर्षअघि ०७५/७६ मा दुई अर्ब ३९ करोड ९५ लाख बजेट दिएको समितिलाई सरकारले निरन्तर कटौती गर्दै ०७९/८० का लागि एक करोड २८ लाख मात्रै छुट्याएको छ। तर, खारेज नै गर्नुपर्ने आयोगको सुझाव कार्यान्वयन गरेको छैन।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र — **१ अर्ब ५ करोड**

व्यापार प्रवर्द्धनका लागि स्थापित केन्द्रमा खारेजीको सिफारिस भएयता सरकारले एक अर्ब पाँच करोड लगानी गरिसकेको छ। केन्द्रमा स्थायी, करार र ज्यालादारी गरी ४९ कर्मचारी कार्यरत छन्। केन्द्रको कार्यकारी प्रमुखमा राजनीतिक नियुक्ति हुने व्यवस्था छ। अहिले शरदविक्रम राणा कार्यकारी निर्देशक छन्। निर्यात प्रवर्द्धनका नाममा देश र विदेशमा भएका कार्यक्रमको खर्च अपारदर्शी भएको भन्दै महालेखापरीक्षकको कार्यालयले तीन करोड ५० लाख रुपैयाँ बेरुजु देखाएको छ।

राष्ट्रिय युवा परिषद् — **५० करोड १९ लाख**

युवा स्वरोजगार र युवालक्षित कार्यक्रम परिषद्मातहत सञ्चालन गर्ने भनिए पनि विभिन्न मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा पर्ने भएकाले दोहोरोपन आउने भन्दै परिषद्को औचित्यमाथि नै प्रश्न उठाइँदै आएका छन्। तर, पछिल्लो पाँच वर्षमा सरकारले परिषद्मा ५० करोड १९ लाख खर्च गरिसकेको छ। परिषद्मा हाल प्रशासकीय प्रमुख रमाकान्त शर्मासहित ३० कर्मचारी कार्यरत छन्। कार्यकारी उपाध्यक्ष र १९ जना सदस्य राजनीतिक नियुक्ति हुन्छ।

सडक बोर्ड — **३५ अर्ब १२ करोड**

देशभरका सडक मर्मतसम्भार स्तरोन्नतिका काममा बोर्डले समन्वय मात्रै गर्छ। सडक निर्माण गर्ने निकायलाई आवश्यक बजेट तर्जुमा गर्नेबाहेक अरू काम छैन। त्यसैले बोर्ड खारेज गरेर सडक निर्माण गर्ने निकायलाई नै बजेट पठाउन आयोगको सिफारिस छ। तर, खारेज गर्नुको सट्टा सरकारले पाँच वर्षमा बोर्डलाई ३५ अर्ब १२ करोड लगानी गरिसकेको छ। बोर्डमा एक कार्यकारी निर्देशक र १० जना कर्मचारी कार्यरत छन्।

केन्द्रीय बाल कल्याण समिति — **३५ करोड ८ लाख**

बालबालिकासम्बन्धी ऐनअनुसार गठन भएको समितिले गर्ने काम हाल प्रदेश र स्थानीय तहले गर्दै आएका छन्। केन्द्रमातहतको यो समिति खारेज गर्न आयोगले सिफारिस गरे पनि सरकारले हरेक वर्ष बजेट दिएर जोगाउँदै आएको छ। पाँच वर्षमा ३५ करोड आठ लाख लगानी गरेको सरकारले चालू आर्थिक वर्षका लागि सात करोड ४३ लाख दिएको छ।

भूमिगत जलस्रोत विकास समिति — **३४ करोड ५८ लाख**

भूमिगत जलस्रोतको पहिचान गर्ने उद्देश्यले स्थापना गरिएको यो समितिको जस्तै काम सिँचाइ विभागले गर्छ। त्यसैले यसलाई खारेज गर्न आयोगको सिफारिस थियो। तर, सरकारले यही समितिमा पछिल्ला पाँच वर्षमा ३४ करोड ५८ लाख खर्च गरिसकेको छ। बर्सेनि पाँच करोडका दरले बजेट दिँदै आएको सरकारले चालू आर्थिक वर्षमा दोब्बर अर्थात् १० करोड छुट्याएको छ। कार्यबोझ परिवर्तन भई सम्बन्धित काममा दोहोरोपना समेत हुने भएकाले समितिको काम जलस्रोत तथा सिँचाइ विभागले गर्नुपर्ने आयोगको सिफारिस छ।

राष्ट्रिय दुग्ध विकास बोर्ड — **२९ करोड ९५ लाख**

दुग्ध पदार्थ उत्पादन वृद्धि, प्रवर्द्धन गर्ने, निर्यातको सम्भावना खोज्ने र यस सम्बन्धमा नीति बनाई कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने उद्देश्य राखेर बोर्ड गठन भए पनि यी काम भएनन्। सरकारले बोर्डका लागि पछिल्लो पाँच वर्षमा २९ करोड ९५ लाख खर्च गरिसकेको छ। २० कर्मचारी रहेको बोर्डमा एक कार्यकारी निर्देशक, कृषिमन्त्रीबाट मनोनीत चार सदस्य र चार विषयविज्ञलाई सदस्यका रूपमा राजनीतिक नियुक्ति गर्ने व्यवस्था छ।

कपास विकास समिति — **१४ करोड ३७ लाख**

०३७ मा सरकारले कपास विकास समिति गठन गर्दा कपास खेतीको विकास र विस्तारको उद्देश्य लिएको थियो। तर, व्यवस्थापकीय लापरबाही र सरकारको नीतिगत प्राथमिकता नहुँदा कपास खेती नै हरायो। यससँगै समिति पनि कामविहीन बनेको छ। कपास बिक्री गरी नाफा आर्जन गर्नुपर्ने यो समिति ६ करोड २८ लाख घाटामा छ। पछिल्लो पाँच वर्षमा सरकारले समितिलाई कर्मचारी भरणपोषण तथा कार्यालय सञ्चालनका लागि १४ करोड ३७ लाख दिइसकेको छ। चालू आवमा मात्रै चार करोड ५५ लाख दिएको छ।

रेल्वे कम्पनी — **१४ करोड**

देशभर रेल्वे सेवाको विस्तार गर्न अध्ययन गराउने, रेलसँग सम्बन्धित आयोजना कार्यान्वयन गर्ने र सेवा विस्तार गरी आमजनतालाई यातायात र सामान ढुवानीमा सहजीकरण गर्ने उद्देश्यले स्थापित रेल्वे कम्पनी आफैं 'बिरामी' हुँदै गएको छ। रेलको टिकट बिक्री, आफ्नो ट्राकमा भारतीय रेल चलाएबापतको भाडा रकम र गोदाम भाडामा लगाएबापत कम्पनीले वार्षिक औसत साढे सात करोड आम्दानी गर्दै आएको छ। तर, राजनीतिक हस्तक्षेप र व्यवस्थापकीय लापरबाहीका कारण कम्पनीको आर्थिक अवस्था सुदृढ छैन। सरकारले पछिल्ला पाँच वर्षमा १४ करोड अनुदान दिएको महाप्रबन्धक निरञ्जन झाले बताए। अहिले थप ४८ करोड माग गरिएको उनले बताए। कम्पनीको खुद सम्पत्ति ११ करोड ५२ लाख ऋणात्मक छ।


» पृष्ठ २ मा क्रमशः

संसद्ले पायो सभा सञ्चालनको नयाँ कानुन

फौजदारी अभियोगमा अदालतको आदेश आएपछि सांसद निलम्बनमा रहने

(विस्तृत पृष्ठ ३)

कोभिडपछि पहिलोपटक महिनामै भित्रिए लाख पर्यटक



सन् २०२३ को जनवरी, फेब्रुअरी र मार्चमा आए दुई लाख २७ हजार पर्यटक

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उपनिर्वाचनका लागि आज मनोनयन

■ उम्मेदवारी दर्ता गर्न जाँदा उम्मेदवार, प्रस्तावक र समर्थकसहित बढीमा २५ जनाभन्दा बढीको जुलुस लिएर नजान आयोगको आग्रह



उपनिर्वाचन कार्यतालिका

२० चैत – उम्मेदवारको मनोनयन दर्ता

२३ चैत – उम्मेदवारको अन्तिम नामावाली प्रकाशन

१० वैशाख – बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म मतदान

■ चितवन र बारामा मतदाता बढे, तनहुँमा घटे

प्रेम गौतम/नयाँ पत्रिका

तीनवटा निर्वाचन क्षेत्रमा १० वैशाखमा हुने उपनिर्वाचनका लागि सोमबार उम्मेदवारी दर्ता हुँदै छ। चितवन २, तनहुँ १, बारा २ मा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारी दर्ता गर्न सकिने निर्वाचन आयोगले जनाएको छ।

चितवन २ र तनहुँ १ मा सत्तारूढ गठबन्धन, एमाले र रास्वापबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ। बारा २ मा भने जनमत पार्टीलाई पनि मुख्य प्रतिस्पर्धीका रूपमा हेरिएको छ। चितवन २ मा सत्तारूढ गठबन्धनबाट कांग्रेसका जितनारायण श्रेष्ठ, एमालेका रामप्रसाद न्यौपाने र रास्वपाका रवि लामिछाने उम्मेदवार बन्ने तय भएको छ। तनहुँ १ मा सत्तारूढ गठबन्धनबाट कांग्रेसका गोविन्द भट्टराई, एमालेका सर्वेन्द्र खनाल र रास्वपाका स्वर्णिम वाग्लेले उम्मेदवारी दर्ता गर्दै छन्।

बारा २ मा सत्तारूढ गठबन्धनबाट जसपाका उपेन्द्र यादव, जनमत पार्टीबाट शिवचन्द्र कुसवाह र रास्वपाबाट रमेश खरेल उम्मेदवार बन्दै छन्। कांग्रेस

» पृष्ठ २ मा क्रमशः



सेती अस्पतालमा विपन्नलाई निःशुल्क उपचार सेवा बन्द

- बजेट कटौती भएपछि सिकलसेलका बिरामीलाई पनि परीक्षणमा शुल्क
- निःशुल्क उपचारको एक करोड ८० लाख चार महिनामै सकियो, थप तीन करोड माग

धनगढीमा **तेजराज भट्ट**

दम र सुगर बढेपछि धनगढी उपमहानगरपालिका- ११ बेलाकी ७० वर्षीया एकल महिला भागा चुनारा निःशुल्क उपचार पाउने आस बोकेर आइतबार सेती प्रादेशिक अस्पताल पुगिन्। अस्पतालको सामाजिक सेवा इकाइमा ज्येष्ठ नागरिकको कार्ड देखाएर उनले निःशुल्क उपचारको पर्चा मागिन्। तर, सामाजिक सेवा इकाइका कर्मचारीले निःशुल्क उपचार बन्द गरिएको भनेर फर्काइदिए।

विपन्न एकल महिला चुनारासँग प्रयोगशालामा जाँच गर्ने र औषधि किन्ने पनि पैसा थिएन। 'मसँग ४० रुपैयाँ मात्र थियो, पर्ची काटेर डाक्टरलाई देखाएँ, डाक्टरले औषधि लेखिदिनुभयो,' उनले भनिन्,

» पृष्ठ २ मा क्रमशः



दम र सुगरपीडित ७० वर्षीया एकल महिला भागा चुनारा भन्छिन्-

वृद्धभत्ता बुझेपछि अरू उपचार गर्न आउँछु

ज्येष्ठ नागरिकको कार्ड देखाएर निःशुल्क उपचारको पर्चा मागेँ, तर कर्मचारीले कर्मचारीले दिएनन्। साथमा भएको ४० रुपैयाँले पर्चा काटेर डाक्टरलाई स्वास्थ्य देखाएँ। डाक्टरले औषधि लेखिदिनुभयो, तर औषधि किन्ने पैसा भएन। पहिला ज्येष्ठ नागरिक कार्ड देखाएर निःशुल्क उपचार पाइन्थ्यो, औषधिको पनि पैसा तिर्नुपर्दैनथ्यो। अहिले त्यही सेवा पाइनँ। दम बढेर राति सुत्नै नसकेपछि उपचार पाइने आसमा आएकी थिएँ। अब अर्को दिन औषधि किनेर लैजानुपर्ला। वृद्धभत्ता बुझेपछि अरू उपचार गर्न आउँछु।

मिटरब्याजीपीडितलाई न्याय दिनेबारे संसद्मा बहस

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले मिटरब्याजीपीडितको समस्या समाधान गर्न शक्तिशाली आयोग गठन र कानुन संशोधनको प्रक्रिया अगाडि बढाएको छ। मिटरब्याजलाई गम्भीर आर्थिक अपराध घोषणा गरेर प्रचलित कानुन संशोधन गर्न विधेयकको निर्माण र जाँचबुझ आयोग ऐनअनुसार शक्तिशाली छानबिन समिति गठन प्रक्रियामा अघि बढाइएको उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिए।

आइतबार प्रतिनिधिसभामा विशेष समय लिएर सम्बोधन गर्दै मन्त्री श्रेष्ठले पीडितलाई न्याय र पीडकलाई दण्ड सजाय दिने गरी सरकार अघि बढेको जानकारी गराए। मिटरब्याजी समस्या सामन्तवादको अवशेषको रूपमा रहेको र यसलाई हल गर्न विगतमा सरकारहरूले प्रयत्न गरिरहे पनि पर्याप्त नभएको उनको भनाइ थियो। 'यो समस्यालाई हामीले हरहालतमा सम्बोधन गर्नैपर्छ। मिटरब्याजीहरूबाट अन्याय र पीडितमा परेका जनतालाई न्याय दिनुछ। पीडाबाट उन्मुक्ति दिनुछ। लोकतन्त्रमा प्रवेश गरेको नेपालमा सामन्तवादको अवशेष अन्त्य भयो भने भन्ने सुनिश्चित गर्नुछ,' उनले भने, 'यसप्रति सरकार पूरै गम्भीर छ, हरहालतमा सम्बोधन गर्न प्रतिबद्ध छ।

सर्लाहीका मिटरब्याजीको आन्दोलनमा आफैं सहभागी भएर राज्यका सबै निकायलाई एकठाउँमा ल्याई पीडितले न्याय पाउने र पीडिकलाई सजाय गराएको, फर्जी तमसुक कागजहरू च्यातिएको स्मरण गर्दै मन्त्री श्रेष्ठले यो समस्या तराई-मधेसका साथै अन्य जिल्लामा पनि चर्को रूपमा रहेको बताए। यसलाई समाधान गर्न यसअगाडि पनि पहल भएको जिकिर गर्दै उनले अहिले जाँचबुझ ऐनअन्तर्गत आयोग नै बनाउने सहमति पीडित पक्षसँग भएअनुसार अब बस्ने मन्त्रिपरिषद् बैठकबाट निर्णय गरिने बताए। 'पहिलेको कार्यदलले पनि प्रतिवेदनमार्फत आवश्यक ऐन संशोधनको सिफारिस गरेको थियो। मिटरब्याज ठूलो आर्थिक कसुर भएकाले कारबाही गर्ने ठोस कानुनी आधार तयार गर्नुपर्छ भनेर सिफारिस गरेको थियो। त्यो सिफारिस कार्यान्वयन गर्न सरकारले मन्त्रिपरिषद्बाट कानुनमा संशोधन गर्ने र त्यो संशोधनका प्रावधानसहित संसद्मा विधेयक ल्याउने निर्णय गरिसकेको छ,' उनले भने।



● **नारायणकाजी श्रेष्ठ**, गृहमन्त्री

उच्चस्तरीय आयोगले यहाँ बसेर यो मिटरब्याजीको समस्या के हो, कसरी समाधान गर्न सकिन्छ भनेर अमूर्त प्रतिवेदन गर्ने आयोग बनाइनेछैन। त्यो आयोग फिल्डमा जान्छ। हरेक पीडितको उजुरी लिन्छ। हरेक उजुरीमाथि छानबिन गर्छ। ठीक-बेठीक के हो पत्ता लगाउँछ। आवश्यक कारबाहीको सिफारिस गर्छ।

मिटरब्याजपीडितको अर्को समूहले सोमबारबाट पुनः आन्दोलन गर्ने

मिटरब्याजपीडित र सरकारबीच भएको सहमतिमा विरोध जनाउँदै मिटरब्याजपीडितको अर्को समूहले काठमाडौंमा पुनः आन्दोलन गर्ने भएका छन्। उनीहरूले सोमबारबाट माइतीघर मण्डलामा आन्दोलन गर्ने घोषणा गरेका छन्। संघर्ष समितिका अनुसार सोमबारबाट हुने आन्दोलनमा कैलाली, सुर्खेत, बाँके, दाङ, रुपन्देही, कास्की, सुनसरी, मोरङ, धनुषा, सप्तरी, सिराहा, महोत्तरी, सर्लाहीलगायतका जिल्लाबाट मिटरब्याजपीडित सहभागी हुनेछन्। आन्दोलन घोषणा गर्ने अवदेश कुशवाह नेतृत्वको मिटरब्याज तथा ठगीविरुद्ध किसान-मजदुर संघर्ष समिति हो। जोसँग सरकारले गत १ असोजमा पाँचबुँदे सहमति गरेको थियो। झन्डै दुई महिनासम्मको आन्दोलनपछि सरकारले उनीहरूसँग उक्त सहमति गरेको थियो। सहमतिपत्रमा मिटरब्याजलाई अपराध घोषणा गर्ने र यथाशीघ्र कानुन बनाउने उल्लेख थियो।

उनीहरूको आयोग गठन प्रक्रियाका सम्बन्धमा विरोध छ। सरकारले शनिबार मात्रै मनोजकुमार पासवान नेतृत्वको मिटरब्याजविरुद्धको संघर्ष समितिसँग पाँचबुँदे सहमति गरेको थियो। सहमतिमा मन्त्रिपरिषद्को पहिलो बैठकबाटै आयोग गठनको निर्णय गर्नेलगायतका बुँदा उल्लेख छन्। आयोग गठनले न्याय निरुपण प्रक्रिया नै लम्बिन सक्ने कुशवाह नेतृत्वको संघर्ष समितिले दाबी गरेको छ। सोही कारण आन्दोलनको घोषणा गरिएको संघर्ष समितिका प्रवक्ता निर्ग नवीनले बताए। 'मिटरब्याजपीडितलाई चाँडोभन्दा चाँडो न्याय चाहिएको छ। उनीहरूको घरजग्गा धमाधम लिलाम गर्दिै छ। अयोग गठन हुँदा उजुरीमा पुनः छानबिन गनुपर्‍यो। यसले समय लिन्छ। त्यसवेलासम्म पीडितको घरजग्गा लिलाम भइसक्छ। आयोगमा पीडित पक्षको प्रतिनिधित्व हुने-नहुने स्पष्ट छैन। त्यसो हुँदा आन्दोलनमा उत्रनु परेको हो,' उनले भने। आयोग गठनभन्दा मिटरब्याजपीडितसँग सम्बन्धित कानुन निर्माण प्रक्रियालाई तीव्रता दिनुपर्ने संघर्ष समितिको भनाइ छ। कानून अभाव हुँदा दर्ता भएको उजुरीमाथिसमेत प्रहरीले कारबाही प्रक्रिया अघि बढाउन नसकेको समितिले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

आयोगलाई सघाउने गरी हरेक जिल्लामा जिल्ला प्रशासन, सुरक्षा निकाय, मालपोत, नापीलगायत मिटरब्याजीपीडितको समेत प्रतिनिधित्व हुने गरी समन्वय संयन्त्र बनाइने र अपराधको निगरानी तथा समाधानको तत्काल पहल गर्न सक्ने मन्त्री श्रेष्ठले जानकारी दिए। 'मिटरब्याजीको समस्या र यो शोषणको भद्दा र विकृत रूपलाई हामीले जसरी पनि अन्त्य गर्ने र पीडितलाई हरहालतमा मुक्त गर्ने र न्याय दिने प्रतिबद्धता छ,' उनले भने।

प्रतिनिधिसभा बैठकमा सांसदहरूले मिटरब्याजी समस्या समाधानबारे जिज्ञासा राखेका थिए। एमाले सांसद रघुजी पन्तले पीडितलाई राहतको ठोस प्रस्ताव ल्याउन माग गरे। नेमकिपा सांसद प्रेम सुवालले मिटरब्याजी समस्यालाई राष्ट्रियकरण गरेर जानुपर्ने सुझाव दिए। एमाले प्रमुख सचेतक पदम गिरीले सरकारले बनाउने आयोगको समयावधि कति हो, पीडितले कहिलेसम्म न्याय पाउने हो भनी प्रश्न गरेका थिए।

कांग्रेस सांसद तेजुलाल चौधरीले न्याय कहिले पाउने, जग्गा फिर्ता कहिले हुने भनी प्रश्न गरे। राष्ट्रिय स्वतन्त्र पार्टीकी सुमना श्रेष्ठले कुन कानुन नभएकाले फर्जी तमसुक नच्यातिएको, कतिजना जेल गए, कति छुटे भनेर प्रश्न गरिन्। कांग्रेसका सञ्जय गौतमले मिटरब्याजी सबैले समान न्याय पाउनुपर्ने, लद्धुवित्तको ब्याजमा पनि ध्यान दिनुपर्ने धारणा राखे। एमालेकी विद्या भट्टराईले प्रधानमन्त्रीले च्यापिड एक्सन फोर्सका आधारमा न्याय दिन्छु भनेको र अहिले आयोग बनाएर टालटालु पार्न खोजेको आरोप लगाइन्। सांसद नागिना यादवले एउटालाई न्याय दिँदा अर्कोलाई अन्याय हुन नहुने भन्दै मिटरब्याजी दिनेको पक्षमा धारणा राखिन्। सांसद बद्री पाण्डेले आयोगको छानबिन र कानुन निर्माणको तादाम्यता के हो भनेर सोधेका थिए।

सांसदहरूको प्रश्नको जवाफमा गृहमन्त्री श्रेष्ठले सरकारका सबै गृहकार्य पीडितलाई शोषणबाट मुक्ति र न्याय दिनेगरी भइरहेको बताए। 'पीडितलाई न्याय दिलाउने काममा सरकार प्रतिबद्ध छ र हरहालतमा गरिनेछ, यो कबोल हो। आयोग बनाएर टार्न खोजिएको, भ्रम छर्न खोजिएको भनेर कसैले नसोचे हुन्छ। कुनै पनि हालतमा मिटरब्याजीलाई छोडिँदैन। पीडितलाई न्याय दिलाउने कुरामा पछि हटिँदैन। कुनै पनि कोणबाट यो विषयलाई विषयान्तर गर्न दिइँदैन। हरहालतमा पीडितलाई न्याय दिइन्छ। उनीहरूको अधिकार दिइन्छ। उनीहरूलाई मुक्त गरिन्छ। यो हाम्रो संकल्प हो,' उनले भने।

यसलाई आर्थिक अपराधका रूपमा लिएर कानुनमै व्याख्या गरेर संशोधनको प्रक्रिया अगाडि बढाउने र यसका लागि मन्त्रिपरिषद्ले ऐन संशोधन गर्न विधेयक पठाउने गरी प्रक्रिया अगाडि बढाएको उनले बताए। अर्कोतिर, स्थलगत काम गर्ने गरी आयोग बनाइने बताए। 'यो सामान्य रिपोर्ट दिने आयोग होइन। मिटरब्याजीपीडितबाट उजुरी लिएर छानबिन गरेर हरेक शोषक, उत्पीडक वा मिटरब्याजीहरूले कहाँनेर ठगी गरेको छ, शोषण गरेको छ, को पीडित भएको छ, के-कति कुन रूपमा पीडित भएको छ, सबै तथ्यसहित प्रस्ट गरिदिए त्यसका आधारमा उपयुक्त कारबाहीको सिफारिस गर्ने आयोग हो। सरकारले आफैंले गर्न सक्ने जति गर्छगर्छ, न्यायालयमार्फत गर्नुपर्ने काम न्यायालयमा पठाउँछौं, तर त्यसको कानुनी आधारसहित,' उनले भने।

गृहमन्त्री श्रेष्ठले तीन प्रकारका मिटरब्याजीपीडित रहेको बताए। 'एउटा सडकमा आएको मिटरब्याजीपीडित, जसले ५० हजार रुपैयाँ लिएको, ५० लाख पुगेको छ। घरजग्गा सबै गुमाइसक्यो। तमसुक फिर्ता पाएको छैन,' उनले भने, 'अर्को पीडित छ। बोल्न सकेको छैन। भित्रभित्रै चरम पीडाबाट ग्रसित छ। तेस्रो न्यायालयमा मुद्दा भएको छ। न्यायालयले कतिपयलाई कानुन हेरेर तमसुक छ, सही छाप त्यहीअनुसार फैसला गरिदिएको छ।

सरकारी आयोगले...

« पृष्ठ १ बाट क्रमशः

प्रवर्द्धन केन्द्र, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, भूमिगत जलस्रोत विकास समिति, कपास विकास समिति, राष्ट्रिय दुग्ध विकास बोर्ड, ग्रामीण खानेपानी तथा सरसफाइ कोष, केन्द्रीय बाल कल्याण समिति, राष्ट्रिय युवा परिषद्, काठमाडौं उपत्यका विकास प्राधिकरण, सडक बोर्ड नेपाल, रेल्वे कम्पनी र तारागाउँ विकास समिति थिए। त्यस्तै, शान्ति कोष सचिवालय (एडिबी), सार्वजनिक संस्थान निर्देशन बोर्ड, भू-बहाल कर तथा शिक्षा र तालिम, नेपाल क्यापासिटी इन्हान्स फर ट्रेड प्रोजेक्ट, प्रविधि विकास कोष, पशु विकास फार्म कार्य सञ्चालन कोष, राष्ट्रिय सहकारी विकास बोर्ड, कार्य सञ्चालन कोष (६६ वटा), विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति, जग्गा विकास चक्रकोष, नगर विकास समिति, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, दुर्गम क्षेत्र विकास समिति, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति, स्थानीय निकाय वित्तीय आयोग, प्रेस काउन्सिल नेपाल, न्यूनतम पारिश्रमिक निर्धारण समिति र केन्द्रीय हज कमिटीलाई पनि खारेज गर्न आयोगले सिफारिस गरेको थियो।

परिवर्तित सन्दर्भमा यी निकाय सान्दर्भिक नदेखिएको, मन्त्रालय वा विभागले गर्न सक्ने काममा दोहोरोपन देखिएको, अहिलेको संरचनामा कार्ययोग्य नभएको र उद्देश्यअनुसार काम गर्न नसकेको निष्कर्ष आयोगको थियो। तर, कतिपय आयोगलाई सरकारले संवैधानिक मान्यता दिइसकेको छ। कतिपय कोष सम्बन्धित मन्त्रालयमातहत रहेकाले व्ययभार नरहेको सरकारको ठहर छ। करिब एक दर्जन कार्यालय/संस्थानमा भने राज्यको ठूलो लगानी भइरहेको छ, जसलाई आयोगले खारेज गर्न सिफारिस गरेको थियो। ती निकाय दलका कार्यकर्ता भर्तीकेन्द्र बनिरहेका छन्।

खारेजीका लागि सफारिस गरिएका यस्ता कार्यालय/संस्थानको अध्यक्ष, महाप्रबन्धक, कार्यकारी निर्देशकलगायत प्रमुख पदमा राजनीतिक नियुक्ति हुने परम्परा छ। सञ्चालक समितिमा पनि विज्ञ सदस्य भन्दै दलआबद्ध व्यक्ति नै नियुक्त गर्ने प्रचलन छ। सरकारमा पुग्दा तल्लो दर्जाका कार्यकर्तालाई योग्यताअनुसार करार र ज्यालादारीमा नियुक्ति दिन पनि संस्थाहरू जोगाउने काम भएको छ।

आयोग अध्यक्ष खनाल सेतो हात्ती बनाएर राख्न नहुने संस्थान तथा कार्यालयलाई खारेज गर्न यथेष्ट कारणसहित सिफारिस गरिएको बताउँछन्। 'हामीले सूक्ष्म अध्ययन गरेर कुन संस्थान चलाउने, कुन तल्लो तहमा हस्तान्तरण गर्ने र कुन खारेज गर्ने भनेर पर्याप्त कारणसहित प्रतिवेदन दिएका छौं,' उनले भने, 'त्यसैले खारेजीका लागि सिफारिस भएका संस्थालाई कुनै बहानामा सञ्चालन गरिरहनुपर्दैन। अब सरकारले ती संस्थानलाई सेतो हात्ती बनाएर राख्नुहुँदैन।'

सरकारले भने खारेजीका लागि सुझाव आएका संस्थान तथा कार्यालयमा कर्मचारीसमेत बढाएर हरेक वर्ष खर्च भर्दै आएको छ। ठूलो संख्यामा रहेका संस्थान परिचालनलाई सरकारले प्राथमिकता नदिँदा अहिले धराशयी भएको र खारेजीको सिफारिस गर्दासमेत आलटाल गरिएको विज्ञहरू बताउँछन्। पूर्वसचिव तथा संस्थान निर्देशन बोर्डका पूर्वअध्यक्ष विमल वाग्लेले योग्यताविहीन कार्यकारी प्रमुख र कर्मचारी भर्ती गर्ने प्रवृत्तिका कारण संस्थान धराशयी भएको बताए। 'राजनीतिक नेतृत्वले संस्थानलाई भर्तीकेन्द्र मात्रै बनायो, संस्थान सुधारका लागि गठित कार्यदलले गतिला सुझाव पनि दिएनन्, न त कार्यदलले दिएका सुझाव नै कार्यान्वयन भए,' उनले भने।

खारेजीको...

« पृष्ठ १ बाट क्रमशः

सरकारलाई तिर्नुपर्ने ऋणको दायित्व पनि ४० करोड ६९ लाख छ। कम्पनीमा हाल नौ स्थायीसहित ११० कर्मचारी कार्यरत छन्। चार स्टेसन मास्टर र सहायक १० जना स्टेसन मास्टरको दरबन्दी भए पनि रेल नहुँदा यी दरबन्दीमा पूर्ति हुन सकेको छैन। तर, दलका कार्यकर्तालाई भने विभिन्न पद सिर्जना गरेर करार र ज्यालादारीमा राखिएको छ। कम्पनीले गत बुधबार मात्रै संगठन तथा व्यवस्थापन सर्भे (ओएनएम) पास गरी २५८ स्थायी दरबन्दी स्वीकृति गरेको छ।

तारागाउँ विकास समिति — **१२ करोड**

आयोगले समिति नै खारेज गरेर मन्त्रालयअन्तर्गतको इकाइले हेर्नुपर्ने सिफारिस गरेको थियो। तर, त्यसपछि सरकारले १२ करोड लगानी गरिसकेको छ। समितिकै स्रोतबाट थप १७ करोड ४८ लाख खर्च भएको छ।

समिति सञ्चालनका लागि सात सदस्यीय सञ्चालक समिति छ। अध्यक्षमा सुरेशराज जोशी र विज्ञ सदस्यमा शिवप्रसाद लामिछानेले राजनीतिक नियुक्ति लिएका छन्। समितिमा स्थायी, करार र ज्यालादारी गरी २५ कर्मचारी कार्यरत छन्। समितिले विभिन्न पर्यटकीय स्थान र भवन भाडामा लगाएर वार्षिक औसतमा साढे तीन करोड आम्दानी गर्दै आएको छ भने सरकारले कर्मचारी खर्च र अन्य मसलन्दका लागि बर्सेनि बजेट विनियोजन गर्ने गरेको छ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान — **७ करोड ९५ लाख**

खारेजीको सिफारिसपछिका पाँच वर्षमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा पनि सरकारले सात करोड ९५ लाख लगानी गरिसकेको छ। कार्यकारी निर्देशक राजनीतिक नियुक्ति हुने प्रतिष्ठानमा हाल भने उद्योग मन्त्रालयबाट उपसचिव विजय घिमिरेलाई काजमा पठाइएको छ। २१ कर्मचारी छन्। प्रतिष्ठानलाई मन्त्रालयको एउटा इकाइका रूपमा सञ्चालन गर्न सकिने आयोगको सुझाव छ।

उपत्यकाको ठूलो आर्थिक कसुर भएकाले कारबाही गर्ने ठोस कानुनी आधार तयार गर्नुपर्छ भनेर सिफारिस गरेको थियो।

उपनिर्वाचनमा कांग्रेसले उपेन्द्र यादवलाई समर्थन गर्ने, बागीमाथिको कारबाही फुकुवा

काठमाडौं/ कांग्रेसले बारा २ मा सत्तागठबन्धनका तर्फबाट जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार उपेन्द्र यादवलाई समर्थन गर्ने निर्णय लिएको छ। गठबन्धनका तर्फबाट चितवन र तनहुँमा भने कांग्रेसले उम्मेदवारी दिएको छ। केन्द्रीय कार्यसम्पादन समितिको बैठकले ०७९ मा सम्पन्न तीनै तहका निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिएका र त्यस्ता उम्मेदवारका प्रस्तावक वा समर्थक बसेका पार्टीका सदस्यमध्ये तनहुँ, चितवन र बाराको हकमा पार्टीको क्रियाशील सदस्यता निरन्तरतासहित कायम रहने निर्णय गरेको छ। कांग्रेसको निर्णयले पूर्वसहमहामन्त्री गोविन्दराज जोशी र चितवनका पूर्वसभापति विकास कोइरालामाथि गरिएको कारबाही फुकुवा भएको छ। जोशी र कोइरालाले पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिँदा गरिएको कारबाही फुकुवा भएको हो। ढिला भएको तर सकारात्मक रूपमा लिएको नेता कोइरालाले बताए। जोशीले कांग्रेसको निर्णयलाई 'चुनावको मुखमा मञ्चन गरिएको चुनावी रणनीति' भनेका छन्।

सेती अस्पतालमा...

« पृष्ठ १ बाट क्रमशः

'अर्को दिन औषधि किनेर लैजानुपर्ला। वृद्धभत्ता बुझेपछि अरू उपचार गर्न आउँछु।'

भागाले यसअघि सेतीमा उपचार र औषधिका लागि पैसा तिर्नुपर्थेन। ज्येष्ठ नागरिकको कार्डका आधारमा सामाजिक सेवा इकाइबाट पर्चा लिएर निःशुल्क उपचार पाउँथिन्।

आर्थिक अवस्था कमजोर भएकाले औषधोपचार गर्न आफूसँग नभएको उनले बताइन्। 'दम बढेर हिजो राति सुत्न सकिनँ। उपचार पाइएला भनेर आएकी थिएँ,' चुनाराले भनिन्, 'पहिले कार्डबाट फ्री उपचार हुन्थ्यो। औषधिको पनि पैसा तिर्नुपर्थेन। अहिले फर्काइदिए।'

धनगढी उपमहानगरपालिका- १४ फूलबारीकी सोनप्यारी चौधरीको पाठेघरको समस्या बाँ(लिएको छ। गत वर्ष शल्यक्रिया गरेको पाठेघरमा समस्या देखिएपछि निःशुल्क उपचार पाउने आसले उनी आइतबार बिहान सेती प्रादेशिक अस्पताको सामाजिक सेवा इकाइमा पुगिन्। वडाले बनाइदिएको विपन्नको सिफारिस भए पनि उनले उपचारका लागि शुल्क तिर्नुपर्‍यो। सिटीस्क्यान र औषधि गरी ११ हजार खर्च भएको उनका श्रीमान् छोटेलाल चौधरीले बताए।

'ऋणसापटी गरेर उपचार गराउनुपर्‍यो। आधा मात्र छुट गरिदिएको भए पनि निकै राहत हुन्थ्यो,' मजदुरी गरेर जीविका चलाउँदै आएका चौधरीले भने। उनका अनुसार गत वर्ष सेतीमै सोनप्यारीको पाठेघरको निःशुल्क शल्यक्रिया गरिएको थियो। विपन्न भएकाले वडाको सिफारिसका आधारमा उनले शल्यक्रियापछि नियमित जाँच निःशुल्क गराउँदै आएकी थिइन्। पाठेघर, छाती र टाउको दुख्ने समस्या देखिएकाले उनी आइतबार श्रीमान्सहित सेती अस्पताल पुगेकी हुन्।

सुदूरपश्चिम प्रदेशको रेफरल अस्पतालका रूपमा रहेको सेतीले सामाजिक सेवा इकाइमार्फत विपन्न र लक्षित वर्गलाई दिने निःशुल्क उपचार सेवा बन्द गरेपछि विपन्न नागरिक मारमा परेका छन्। लक्षित वर्गलाई निःशुल्क उपचारका लागि आएको बजेट सकिएको र थप बजेट नआएको भन्दै अस्पतालले १७ माघदेखि निःशुल्क उपचार सेवा बन्द गरेको हो। गरिब, विपन्न, ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार दिने सरकारी नीति छ, तर अस्पतालमा निःशुल्क सेवा बन्द भएपछि विपन्न वर्गका बिरामी उपचार पाउनबाट वञ्चित भएका छन्।

संघीय सरकारको नीतिअनुरूप सामाजिक सेवा इकाइमार्फत पालिकाको सिफारिसका आधारमा विपन्न, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, सहिदका परिवार, एकल महिला, प्रहरी नियन्त्रणमा रहेका व्यक्ति, प्राकृतिक विपत्का घाइतेलगायत १२ वटा लक्षित समूहका नागरिकले निःशुल्क उपचार सेवा पाउँदै आएका थिए। उनीहरूलाई प्रयोगशाला परीक्षण र औषधि निःशुल्क थियो।

अहिले प्रहरी नियन्त्रणमा रहेका व्यक्ति, प्राकृतिक विपत्का घाइतेलाई मात्र निःशुल्क उपचार सेवा दिइरहेको अस्पतालको सामाजिक सेवा इकाइका प्रमुख टीकाराम जैसीले बताए। जैसीका अनुसार निःशुल्क उपचारका लागि दैनिक सयदेखि दुई सयसम्म बिरामी सेतीमा आउने गरेका छन्। निःशुल्क उपचार लिन आउनेलाई अस्पतालले फिर्ता पठाउने गरेको छ।

अस्पताल विकास समितिका अध्यक्ष निर्मल शाहले बजेटको सुनिश्चितता नभएसम्म निःशुल्क उपचार सेवा गर्न सक्ने अवस्था नरहेको बताए। 'अस्पतालको आन्तरिक आम्दानी पनि घटेको छ। भएको बजेट पनि सकिएपछि निःशुल्क उपचार सेवा बन्द गर्नुपरेको हो,' उनले भने, 'बजेटको सुनिश्चितता भए सुरु गर्छौं।'

निःशुल्क उपचारको एक करोड ८० लाख चार महिनामै सकियो, थप तीन करोड माग

लक्षित समूहलाई निःशुल्क उपचारका लागि संघ सरकारले ससर्त अनुदान शीर्षकमा प्रदेश सरकारलाई बजेट दिन्छ। अपुग बजेट प्रदेशले थपेर अस्पताललाई दिने गरेको थियो। चालू आव ०७९/८० का लागि प्राप्त एक करोड ८० लाख गत कात्तिकमै सकिएको सेती अस्पतालका सूचना अधिकारी मेखराज उपाध्यायले बताए। थप तीन करोड २० लाख बजेट उपलब्ध गराइदिन प्रदेशको सामाजिक विकास मन्त्रालयलाई गत पुसमा पत्राचार गरिएको उनले जानकारी दिए। उनका अनुसार लक्षित वर्गलाई निःशुल्क सेवा दिन मासिक ४० लाख खर्च हुन्छ, यस हिसाबले वार्षिक चार करोड ८० लाख खर्च हुन्छ।

प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका डा. चेतराज पन्तले सेती प्रादेशिक अस्पताललाई निःशुल्क उपचारका लागि आवश्यक बजेट दिन संघ सरकारसँग माग गरिएको बताए। उनले संघबाट नआएमा मन्त्रालयबाट व्यवस्था गर्ने बताए पनि सेवा रोकिएको महिनौं हुँदा पनि कुनै व्यवस्थापन गरिएको छैन।

गत वर्ष पनि बजेट सकिएपछि केही समय निःशुल्क उपचार सेवा रोकिएको थियो। तर, संघ सरकारले पुनः बजेट थप गरेपछि सेवा सुरु भएको थियो।

बजेट कटौती भएपछि सिकलसेलका बिरामीलाई पनि परीक्षणमा शुल्क

सेती प्रादेशिक अस्पताललले थारू समुदायमा चुनौतीपूर्ण देखिएको सिकलसेल रोगको परीक्षण विगतमा निःशुल्क गरेकोमा अहिले शुल्क लिन थालेको छ। सुदूरपश्चिम प्रदेश सरकारले सामाजिक सेवातर्फको बजेट कटौती गरेपछि अस्पताललले ५ फागुनदेखि एक हजार परीक्षण शुल्क लिन थालेको हो।

'पहिले सिकलसेलको उपचार, जाँच, अनुसन्धानका लागि बजेट थियो। त्यही बजेटबाट निःशुल्क परीक्षणको सुविधा दिइएको थियो,' अस्पतालका वरिष्ठ फिजिसियन डा. शेरबहादुर कमरले भने, 'अहिले बजेट कटौती भएर आएकाले परीक्षणको शुल्क लिन थालिएको हो।' उनका अनुसार हाल सेतीमा सिकलसेलका आठ सय ४५ बिरामी उपचाररत छन्। रोग पत्ता लागेर दर्ता भएपछि भने उपचार सेवा निःशुल्क रहेको उनले बताए। सिकलसेलका लागि यस वर्ष २० लाख मात्र बजेट आएको अस्पताललले जनाएको छ। प्रदेशकै रेफरल अस्पतालका रूपमा रहेको सेतीमा सामाजिक सेवातर्फका सुविधा प्रभावित भएपछि लक्षित वर्गका बिरामी मारमा परेका छन्।

उपनिर्वाचनका...

« पृष्ठ १ बाट क्रमशः

केन्द्रीय कार्यसम्पादन समितिले आइतबार मात्रै यादवलाई समर्थन गर्ने औपचारिक निर्णय गरेको छ। लोसपाले वरिष्ठ नेता राजेन्द्र महतोलाई उम्मेदवार बनाउने तयारी गरे पनि अन्ततः यादवलाई समर्थन गर्ने निर्णय गरेको छ।

एमालेले उम्मेदवार टुंग्याउन बाँकी छ। एमालेले बारा २ को उम्मेदवार छान्ने जिम्मा अध्यक्ष केपी ओलीलाई दिएको छ।

निर्वाचन आयोगका अनुसार गत ४ वैशाखको निर्वाचनमा भन्दा आगामी उपनिर्वाचनमा चितवन २ र बारा २ मा मतदाता बढेका छन् भने तनहुँ १ मा मतदाता घटेका छन्। चितवन २ मा चार सय ७०, बारा २ मा दुई सय ३७ मतदाता थप भएका छन् भने तनहुँ १ मा भने एक सय ८५ जना मतदाता घटेका छन्। गत निर्वाचनमा चितवन २ मा १ लाख २४ हजार दुई सय १५, बारा २ मा एक लाख पाँच हजार ११, तनहुँ १ मा एक लाख २३ हजार चार सय ९० मतदाता थिए।

निर्वाचन आयोगका अनुसार चितवन २ मा ४३ वटा मतदानस्थलमा एक सय ३८ मतदान केन्द्र, बारा २ मा ८२ मतदानस्थलमा एक सय ३७ मतदान केन्द्र र तनहुँ १ मा ६९ मतदानस्थलमा एक सय ५२ मतदान केन्द्र रहनेछन्। चितवन २ र तनहुँ १ मा गत निर्वाचनमै रहेका मतदानस्थल र केन्द्र यथावत् रहेका छन् भने बारा २ मा एक मतदान केन्द्र थपिएको आयोगले जनाएको छ।

उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन निर्वाचन आयोगले राजनीतिक दल र उम्मेदवारलाई आग्रह गरेको छ। उम्मेदवारी दर्ता गर्न जाँदा उम्मेदवार, प्रस्तावक र समर्थकसहित बढीमा २५ जनाभन्दा बढीको जुलुस लिएर नजान आयोगले आग्रह गरेको छ। उम्मेदवारी दर्ताका क्रममा बाजागाजा, झाँकी तथा निर्वाचन आचारसंहिताविपरीतका ब्यानर, चिह्न र झन्डासहित नजान पनि आयोगले आग्रह गरेको छ।

यस्तै, उम्मेदवारको पहिचान झल्किने लोगो, टीका, चिह्न, टिसर्ट, ज्याकेट, कमिज, ब्याज, मास्क, लकेट, झोला, टोपी, गम्छा, ब्यानर, प्लेकार्ड पनि प्रयोग गर्न पाइनेछैन। मनोनयन स्थलमा उम्मेदवारको पक्षमा नारा-जुलुस, भाषण र प्रतिस्पर्धी लक्षित गा(लीगलौज र टीकाटिप्पणी गर्न पनि पाइने छैन। उम्मेदवारी दर्ताका क्रममा सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्थाको वा अन्तर्गतको कुनै परियोजनाको स्रोत, साधन र सम्पत्ति प्रयोग गर्न पनि पाइने छैन।

यस्तै, नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले तत्तत् हैसियतमा रही उम्मेदवारको मनोनयनमा सहभागी हुन नपाइने, बालबालिकाको प्रयोग गर्न नपाइने, संवैधानिक निकाय तथा सोका पदाधिकारीले कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो सवारीसाधन वा अन्य सामग्री प्रयोग गर्न नहुने आयोगले जनाएको छ।

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

मिति : २०७९/१२/२०

यस कार्यालयको चालु आ.व.२०७९/०८० को विविध निर्माण कार्यका लागी मिति **२०७९/११/०५** गते राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान गरिएकोमा तपसिल अनुसारको फर्मको बोलपत्र न्युनत्म मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

क्र. सं.	ठेक्का नं.	योजनाको नाम	आसयपत्र दिएको फर्मको नाम र ठेगाना	कबोल अंक (भ्याट बाहेक)	कैफियत
1	PMUN/GORKHA/ 2079/80- 21	Maintenance Works of Radhakrishna Chowk- Thantipokhari Chowk- Baddanda- Aampipal- Harmi Road Sector Project, Palungtar-Gorkha	M\S Sanad Nirman Sewa, Gorkha Municipality- 6, Gorkha.	7163048.50	

प्रमुख प्रशासकीय अधिकृत

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

भुल सुधार

मिति २०७९/१२/१९ गते आईतबार नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस बैंकको ऋणिहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सुचनामा शाखा कार्यालय सामाखुशी २, काठमाण्डौको ऋणिको विवरण नं. ३ मा ऋणिको नाम गुरूदेव मेडिकल सेन्टर प्रा.लि. हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।

सच्चाइएको बारे

कैलाली भन्सार कार्यालय, धनगढीको मिति २०७९/१२/१२ गते प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा प्रकाशित मिति २०७९/१२/१२ हुनु पर्नेमा, मिति २०७९/१०/१३ हुन गएकोले सच्याइएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ।

कैलाली भन्सार कार्यालय
धनगढी, कैलाली

मोटरसाइकल हरायो

मिति २०७९/१२/१७ गते राति १०:०० बजेको समयमा का.जि. बु.न.पा.-६, हात्तिगौडा बाट बा.प्र. ०२-०४० प १७८१ नम्बरको रातो/कालो रंगको 220CC को पल्स

संक्षेप

■ भन्सारबाट रिटायर्ड नासुको दुई करोड १४ लाख गैरकानुनी सम्पत्ति

काठमाडौं/ भन्सार विभागमा कार्यरत पूर्वकर्मचारीको दुई करोड १४ लाख ४६ हजार गैरकानुनी सम्पत्ति भेटिएको छ। नासु रघुनाथ घिमिरेविरुद्ध सोही सम्पत्तिबराबरको बिगो कायम गरेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

एयरपोर्टसहित विभिन्न भन्सार कार्यालय र राजस्व अनुसन्धान विभागमा कार्यरत रहेर राजस्व हिनामिना तथा गैरकानुनी गतिविधि गरी सम्पत्ति आर्जन गरेको अख्तियारको आरोप छ। २८ कात्तिक ०५२ मा सार्वजनिक सेवामा प्रवेश गरेका घिमिरेको गत १२ पुससम्मको अवधिको सम्पत्ति, आम्दानी र खर्चबारे अख्तियारले छानबिन गरेको थियो।

यस अवधिमा उनको आम्दानी पाँच करोड २५ लाख देखिएको आरोपपत्रमा उल्लेख छ। उनको पारिश्रमिक, श्रीमती शारदा गौतमको पारिश्रमिक तथा अन्य आम्दानी, छोरीको पारिश्रमिक, कर्मचारी सञ्चय कोषलगायत विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा, जग्गा बिक्री, घरबहाल, कम्पनी लाभांश, पुरस्कार, सेयर बिक्रीसहितको रकम हो। सोही अवधिमा उनको खर्च तथा लगानी भने सात करोड ४९ लाख ६२ हजार देखिएको आरोपपत्रमा उल्लेख छ। यो उनको जग्गा खरिद, घरनिर्माण, रजिस्ट्रेसन दस्तुर र पुँजीगत लाभकरमा भएको खर्च, सेयर खरिदमा भएको खर्च, कर्जाको साँवाब्याज, बिमा प्रिमियम, अध्ययन खर्च, कम्पनी लगानीमा भएको खर्च, विद्युतीय उपकरण खरिद, बैंक मौज्दात, विदेश भ्रमण, सुनचाँदी खरिदसहितको हो।

पत्नीका नाममा खरिद गरिएका जग्गा, घर निर्माण, कम्पनी लगानी, सेयर खरिद र बैंक खाताहरूमा रकम मौज्दातलगायतमा गरिएका खर्चबराबरको भागको स्रोत नखुलेको सम्पत्ति बिगो र त्यसबाट बढेबढाइको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि पत्नी गौतमलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ। स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाइ उनको नाममा हाल कायम सम्पत्तिमध्येबाट बिगो जफत गर्न गौतमलाई अख्तियारले प्रतिवादी बनाएको हो।

यसैबीच, जिल्ला मालपोत कार्यालय, बाराका खरिदार रामविश्वास साह र लेखापढी व्यवसायी गौरीशंकर कुसवाह १५ हजार घुससहित रंगेहात पक्राउ परेका छन्। जग्गा दर्ता प्रयोजनका लागि उनीहरूले सेवाग्राहीबाट घुस लिएका हुन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयको टोलीले घुस रकमसहित उनीहरूलाई कार्यालय परिसरनजिकैको पसलबाट नियन्त्रणमा लिएको हो। साह र कुसवाहमाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ।

■ तिब्बती शरणार्थीलाई नागरिकता दिने जिल्ला प्रशासनका नासु पक्राउ

काठमाडौं/ तिब्बती शरणार्थीलाई आर्थिक चलखेलका आधारमा नेपाली नागरिकता दिलाएको आरोपमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नायब सुब्बा देवराज गौतम पक्राउ परेका छन्। यसअघि पक्राउ परेका अभियुक्तको बयानका आधारमा प्रहरीले शुक्रबार उनलाई नियन्त्रणमा लिएको हो। गौतम लामो समयदेखि जिल्ला प्रशासनको नागरिकता फाँटमा कार्यरत थिए। उनले सयौँ तिब्बतीलाई फर्जी कागजपत्रका आधारमा नागरिकता दिन सघाएको प्रहरीले जनाएको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सो घटनामा संलग्न चारजनालाई यसअघि पक्राउ गरिसकेको छ। लेखापढी व्यवसायी कृष्णबहादुर कटवाल, हिरालाल सिवाकोटी, नक्कली बाबु बनेका न्युक्लेस श्रेष्ठ र तनहुँको शरणार्थी क्याम्पमा बस्दै आएका लोब्साङ थिन्ले ५ चैतमा पक्राउ परेका थिए। उनीहरूमाथिकै बयानको क्रममा नासु पक्राउ परेका हुन्। अन्य कर्मचारीहरू पनि अनुसन्धानको दायरामा रहेको प्रहरी स्रोत बताउँछ।

सो गिराहले करिब पाँच सय तिब्बतीलाई मिलेमतोका आधारमा नागरिकता दिएको प्रहरी आकलन छ। धेरैजसो यही वर्ष दिइएको थियो। वास्तविक नेपालीले नागरिकता लिन कठिन हुनेमा यसरी सयौँ शरणार्थीलाई नागरिकता दिएको खुलेपछि गृह मन्त्रालयले भने यस विषयमा आन्तरिक छानबिनसमेत गरेको छैन। कतिसम्म भने एकै व्यक्ति पाँचजना शरणार्थीको बुबा बनेर जिल्ला प्रशासनमा उपस्थित भई नागरिकता दिलाएका थिए।

■ माओवादी कोसी प्रदेश नामकरण संशोधन गर्न तयार

सत्तारूढ माओवादीले कोसी प्रदेशको नामकरण संशोधन गर्न आफ्नो पार्टी तयार रहेको जनाएको छ। माओवादी कोसी प्रदेशका अध्यक्ष हर्कबहादुर नेम्बाङ र सचिव गणेश उप्रेतीले आइतबार विज्ञप्ति जारी गर्दै प्रदेश सभाले दुईतिहाइ बहुमतले १७ फागुनमा नामकरण गरेको कोसी प्रदेशको नाम संशोधन गर्न आफ्नो पार्टी तयार रहेको बताएका हुन्।

माओवादी कोसी प्रदेश समितिले नाम खारेजीको माग गर्दै पहिचान पक्षधरहरूले गर्दै आएको शान्तिपूर्ण आन्दोलनमा आफ्नो पनि समर्थन र ऐक्यबद्धता रहेको जनाएको छ। ५ चैतमा विराटनगरको प्रदर्शनमा घाइते भई उपचारका क्रममा मृत्यु भएका पदम लिम्बू लाजेहाङलाई सहिद घोषणा गर्न र तुरुन्तै आन्दोलनरत पक्षसँग वार्ता गर्न माओवादीले माग गरेको छ। पहिचानसहितको संघीयता र गणतन्त्र नेपाल माओवादीकै नेतृत्वमा भएको दशवर्षे जनयुद्धको प्रतिफल भएको र माओवादी सर्धैभरि उत्पीडितहरूको पक्षमा रहेकाले पहिचानको मुद्दालाई सबै संघसंस्था र पार्टीहरूले साझा बनाउनुपर्नेमा उसको जोड छ।

संसद्‌ले पायो सभा सञ्चालनको नयाँ कानुन

फौजदारी अभियोगमा अदालतको आदेश आएपछि सांसद निलम्बनमा रहने, विषयगत समितिमा स्वार्थ बाझिने सांसद सदस्य रहन नपाउने

● **कमलराज भट्ट**/नयाँ पत्रिका

प्रतिनिधिसभाले अधिवेशन प्रारम्भ भएको तीन महिनामा नयाँ नियमावली पाएको छ। सभामुखको बैठक बोलाउने तजबिजी अधिकार कटौतीको संशोधन प्रस्तावले अन्योलमा परेको प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन आइतबार सदनमा संशोधनसहित बहुमतले पारित भएको हो।

०७५ कै पुरानै नियमावलीका आधारमा २५ पुसदेखि सञ्चालन हुँदै आएको प्रतिनिधिसभाले करिब तीन महिनामा सभा सञ्चालनको नयाँ कानुन बनाएको हो। नयाँ कानुनमा फौजदारी अभियोगमा अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेको अवस्थामा वा थुनामा नबसी फरार रहेको अवस्थामा सांसद निलम्बनमा रहने र सेवा-सुविधा रोक्का हुने व्यवस्था छ।

नयाँ नियमवालीमा छ, 'कुनै सदस्यलाई फौजदारी अभियोगमा पक्राउ गरिएको जानकारी प्राप्त भएमा त्यस्तो सदस्यलाई प्रहरी हिरासतमा रहेको अवस्थामा वा प्रचलित कानुनबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर वा अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा बस्नुपर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको भएमा निजलाई सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुनेछैन। यस्तो अवधिभर निजको सेवा-सुविधा स्थगित हुनेछ।'

०७५ को नियमावलीमा 'कुनै सदस्यलाई फौजदारी अभियोगमा पक्राउ गरिएको जानकारी प्राप्त भएमा त्यस्तो सदस्यलाई प्रहरी हिरासतमा रहेको अवस्थामा वा प्रचलित कानुनबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर निजलाई सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुनेछैन। यस्तो अवधिभर निजको सेवा-सुविधा स्थगित हुनेछ' भन्ने थियो।

यसैगरी विषयगत समितिमा स्वार्थ बाझिने सांसद सदस्य रहन नपाउने प्रावधान राखिएको छ। समितिले कार्यक्षेत्रमा पर्ने कानुन कार्यान्वयनको अध्ययन तथा मापन गर्ने व्यवस्था गरिएको छ।

सभामुखको बैठक बोलाउने अधिकार कटौती गर्ने सत्तापक्षको संशोधन प्रस्तावले नियमावलीमा सत्ता र प्रतिपक्षी विभाजित भएका वेला सभामुख देवराज घिमिरेले दलहरूसँग निरन्तर परामर्श गरेर सहमतिमा ल्याएका थिए। त्यसपछि सत्ता र प्रतिपक्षी सहमतिमै नियमावली पारित भएको छ। सभामुखको अधिकार कटौतीको प्रस्ताव फिर्ता लिएर बाँकी संशोधनलाई समूहकृत रूपमा परिमार्जन गरेर मस्यौदामा समावेश गरिएको थियो। नेमकिपाका प्रेम सुवालबाहेक सबै दलको सहमतिमा नियमावली पारित भएसँगै प्रतिनिधिसभाले नयाँ कानुन पाएको हो।

२५ पुसमा पुरानै नियमावलीबाट अधिवेशन सुरु गरेको प्रतिनिधिसभाले नयाँ नियमावली बनाउन १० माघमा २१ सदस्यीय मस्यौदा समिति गठन गरेर १५ दिनको कार्यावधि दिएको थियो। १३ माघमा कार्यविधि बनाएर काम सुरु गरेको समितिले काम नसकेपछि २७ माघमा सात दिनको समय थपिएको थियो।

४ फागुनमा बहुमतले मस्यौदा पारित गरेको समितिले १० फागुनमा प्रतिनिधिसभामा पेस गरेको थियो। ५ चैतमा मस्यौदाको सैद्धान्तिक छलफलमा सत्तापक्षले सभामुखको अधिकार कटौतीसहितको संशोधन हालेपछि विवाद भएर अलपत्र परेको थियो। दलहरूबीच नियमित संवादपछि आइतबार दफावार छलफलमार्फत संशोधन समेटेर मस्यौदा सहमतिमै पारित भएर कानुनको रूप लिएको हो।

नयाँ नियमावलीमा पहिलोपटक उपसभामुखलाई बैठक शुभारम्भ गर्ने र अन्त्य गर्ने अधिकार दिइएको छ। यसमा सभामुखको अनुमतिमा वा काबुबाहिरको परिस्थिति हुनुपर्ने भनिएको छ। त्यसैगरी, १७ सदस्यीय कार्यव्यवस्था परामर्श समितिलाई २१ सदस्यीय बनाउने व्यवस्था गरिएको छ। प्रतिनिधिसभाका विषयगत समितिको नाम र कार्यक्षेत्र हेरफेर गरिएको छ। १० वटा नै कायम गरिएको समितिमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिको नाममा पर्यटन पनि थपिएको छ। महिला तथा सामाजिक समिति, पूर्वाधार विकास समिति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको पनि नाम फेरेर कार्यक्षेत्र संशोधन गरिएको छ।

प्राकृतिक प्रकोप, महामारी वा काबुबाहिरको परिस्थितिमा संसद् र संसदीय समितिको भर्चुअल बैठक बस्ने व्यवस्था गरिएको छ। समितिको भर्चुअल बैठकका लागि सभामुखको अनुमति लिनुपर्नेछ। सञ्चारकर्मीका लागि लबी रिपोर्टिङ र सूचना कक्षको व्यवस्थापन गरिने प्रावधान राखिएको छ। प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक पदाधिकारीविरुद्धको महाभियोग प्रतिनिधिसभाले बढीमा पाँच महिनाभित्र टुंगो लगाइसक्नुपर्ने व्यवस्था गरिएको छ। पाँच महिनाभन्दा कम रहेको अवस्थामा दर्ता भएमा द्रुत प्रक्रिया अपनाई टुंगो लगाउने र टुंगो लाग्न नसकेको महाभियोगको प्रस्ताव निर्वाचनपश्चात् गठन हुने प्रतिनिधिसभाका लागि अभिलेखका रूपमा रहने र नयाँ प्रतिनिधिसभाले आवश्यक निर्णय गर्ने व्यवस्था गरिएको छ।



आइतबारको प्रतिनिधिसभा बैठक। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

■ प्रतिनिधिसभा नियमावलीमा रहेका मुख्य विषय

- **सभामुखको बैठक बोलाउने अधिकार यथावत्, सदन चलिरहेको अवस्थामा नियमित रूपमा कार्यव्यवस्था राख्ने र अन्य अवस्थामा आवश्यकताअनुसार बस्न सक्ने, उपसभामुखलाई बैठकको प्रारम्भ र अन्त्य गर्ने अधिकार**
- **फौजदारी अभियोगमा अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेको अवस्थामा वा थुनामा नबसी फरार रहेको अवस्थामा सांसद निलम्बनमा रहने, सेवा-सुविधा रोक्का हुने**
- **विषयगत समितिको नाम र कार्यक्षेत्र हेरफेर, विषयगत समितिमा स्वार्थ बाझिने सांसद सदस्य रहन नपाउने**
- **महाभियोग प्रस्तावमाथिको कारबाही बढीमा पाँच महिनाभित्र टुंगो लगाइसक्नुपर्ने, टुंगो लाग्न नसके अभिलेखका रूपमा नयाँ प्रतिनिधिसभाले आवश्यक निर्णय गर्ने**
- **सरकारी र गैरसरकारी विधेयकको परिभाषा, विधेयकमाथिको संशोधनलाई पनि वेबसाइटमा राखिने**
- **२१ सदस्यीय कार्यव्यवस्था परामर्श समिति, बैठक बस्नु एक घन्टाअघि कार्यसूची उपलब्ध गराउने**
- **द्यूाप-द्यूापलाई आकस्मिक समय भन्ने, अघिल्लो बैठक र आउँदो बैठकबीच भएका गम्भीर घटना वा विषय मात्र राख्ने**
- **कार्यव्यवस्थाको परामर्शमा सभामुखले सभा वा समितिमा राय सल्लाह दिने विज्ञ समूह तोक्न सक्ने**
- **विषम परिस्थितिमा सभा र समितिको बैठक भर्चुअल बस्न सक्ने, समिति बैठक भर्चुअल राख्दा सभामुखको अनुमति लिनुपर्ने**
- **महिलाका विषयमा साझा धारणा बनाउन महिला समन्वय समिति बनाउने, संयोजक कुनै महिला सांसदलाई तोक्ने र थप पारिश्रमिक र सुविधा उपलब्ध नगराउने**

संसदीय समिति गठनको बाटो खुल्यो

नियमावली पारित भएसँगै संसदीय समिति गठनको बाटो खुलेको छ। कानुन निर्माण र संशोधनमा पर्याप्त छलफल गर्न, सरकारका कामकारबाही निगरानी तथा निर्देशन दिन मिनी संसद्को भूमिका हुन्छ। नियमावली पारित भएसँगै दलहरूले संसदीय समिति गठनको गृहकार्य थालेका छन्। माओवादी सचेतक हितराज पाण्डेले नियमावलीको व्यवस्थाबमोजिम समितिहरू गठन हुने बताए। 'समितिहरू चाँडै गठन हुन्छ। हामी छलफलमा छौं। नियमावली पारित भएसँगै सहज अवस्था बनेको छ,' उनले भने। सरकारको प्राथमिकतामा रहेको संवैधानिक परिषद् र संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संशोधनसहित दफावार छलफलको चरणमा पुगेको भन्दै पाण्डेले चाँडै पारित गरेर कानुन बन्ने बताए। 'यी विधेयकहरू प्राथमिकताका आधारमा पारित हुन्छन्। त्यसपछि अधिवेशन अन्त्य हुने प्रक्रियामा जान्छ,' उनले भने।

नियमावलीको मस्यौदामा सदनले सहमतिमा केही संशोधन गरेको छ। सभामुखले सदन चलिरहेको अवस्थामा नियमित रूपमा कार्यव्यवस्था राख्ने र अन्य अवस्थामा आवश्यकताअनुसार बस्न सक्ने व्यवस्था संशोधनमार्फत गरिएको छ। संघीय संसद्का पदाधिकारीको परिभाषाबाट महासचिव र सचिव हटाउने, संसद्को तोकिएको बैठक एक घन्टाभित्र बस्न नसके स्थगित हुने व्यवस्थालाई संशोधन गरी दुई घन्टासम्म बस्न नसके स्थगित हुने व्यवस्था गरिएको छ। सभामुख र उपसभामुख पद रिक्त हुन गएमा १५ दिनभित्र निर्वाचन गर्ने र यो अधिवेशन चालू रहेकोमा वा अधिवेशन चालू नभएको अवस्थामा पछि प्रारम्भ भएको १५ दिनभित्र हुने व्यवस्था गरिएको छ।

सरकारी विधेयक भन्नाले मन्त्रीको तर्फबाट प्रस्ताव गरिने र गैरसरकारी विधेयक भन्नाले मन्त्रीबाहेकले गरेको प्रस्ताव भनेर परिभाषित गरिएको छ। सम्भावित कार्यसूची एक दिनअगावै दिनुपर्ने र अन्तिम कार्यसूची बैठक बस्नु एक घन्टाअघि दिनुपर्ने र विद्युतीय माध्यममार्फत जानकारी गराउनुपर्ने संशोधन गरिएको छ।

कार्यव्यवस्था समितिलाई थप प्रभावकारी बनाउने, द्यूाप-द्यूापलाई नियमावलीमा राख्ने, आकस्मिक समय भन्ने तथा पहिला बसेको बैठक र आज बसिराखेको बैठकको बीचमा गम्भीर किसिमका घटना भएका छन् भने त्यसलाई आकस्मिक समयमा राख्ने व्यवस्था गरिएको छ। सबै विधेयक दर्ता भएकै दिन वेबसाइटमा राख्ने र विधेयकमा परेका संशोधनलाई पनि वेबसाइटमा राख्ने व्यवस्था संशोधनमार्फत गरिएको छ। समितिको सचिवमा सहसचिव हुनुपर्ने र कर्मचारी अपुग भएमा उपसचिवलाई पनि तोक्ने सक्ने व्यवस्था गरिएको छ। सांसदले सबै मातृभाषामा आफ्नो कुरा राख्न सकिने, मातृभाषाबाहेक कुनै राष्ट्रभाषामा राख्न पनि पाउने व्यवस्था गरिएको छ। औपचारिक मौलिक सांस्कृतिक, परम्परा वा पहिचान झल्किने सभ्य पोसाक प्रयोग गर्न पाउने उल्लेख छ। कार्यव्यवस्था समितिको परामर्शमा सभामुखले सभा वा समितिमा राय-सल्लाह दिन विज्ञ समूह तोक्न सकिने व्यवस्था गरिएको छ।

■ मेयरको नाममा परीक्षा दिने इन्जिनियर पक्राउ

काठमाडौं/ रौतहटको देवाही गोनाही नगरपालिकाका प्रमुख प्रेमलाल साह कानुको नाममा एसइई परीक्षा दिने नक्कली परीक्षार्थी पक्राउ परेका छन्। आइतबार अनिवार्य गणितको परीक्षा दिइरहेका कमल साह पक्राउ परेका हुन्। उनी रेडियो नेपाल बर्दिवासका कर्मचारी र नाताले मेयर कानुका ज्वाइँ पर्ने बताइएको छ। परीक्षा सञ्चालन भएको अवस्थामा अनुगमन टोलीलाई विद्यार्थीप्रति शंका लागेर चेकजाँच गर्दा साह पक्राउ परेका हुन्।

महोत्तरीको लोहारपट्टी नगरपालिका- ७ स्थित श्री रामदेव जनता माध्यमिक विद्यालयका शिक्षक विक्रमकुमार महतो पक्राउ परेका छन्। गणित विषयको एसइई परीक्षामा ह्वाट्सएपको माध्यमले प्रश्नपत्र बाहिर पठाएको र बाहिरबाट उत्तर रिसिभ गरेको भेटिएपछि उनलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको हो।

धादिङको खनियावास गाउँपालिकास्थित बच्छलादेवी माध्यमिक विद्यालय स्रोत केन्द्रबाट एसइई परीक्षा दिन आएका एकजना नक्कली विद्यार्थी पक्राउ परेका छन्। खनियावास गाउँपालिका वृत्तेत माध्यमिक विद्यालयका परीक्षार्थी राज तामाङको सट्टा परीक्षा दिइरहेको अवस्थामा सञ्जय लामा पक्राउ परेका हुन्। परीक्षालाई मर्यादित बनाउन अनुगमन गर्ने क्रममा केन्द्राध्यक्ष चित्रबहादुर गुरुङसहितको टोलीले नक्कली परीक्षार्थीले परीक्षा दिइरहेको अवस्थामा फेला परेको जिल्ला शिक्षा समन्वय एकाइ धादिङका प्रमुख राजेन्द्रबहादुर क्षेत्रीले बताए।

सरकारका सय दिन

सेवाप्रवाहका सम्बन्धमा सुधारको प्रयास भए पनि समस्या जस्ताको त्यस्तै

नयाँ पत्रिका
काठमाडौं, १९ चैत

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा गठन भएको सरकारले सय दिनको अवधि पूरा गरेको छ। एमालेसहितको गठबन्धनमा गत १० पुसमा गठन भएको यो सरकारबाट अहिले एमालेसहितका दल बाहिरिएर कांग्रेससहितका दल सहभागी छन्। तर, मन्त्रिपरिषद्ले अझै पूर्णता पाएको छैन। घोषणा गरिएका कार्यक्रम र योजना सम्पन्न गर्न सय दिनको अवधि पर्याप्त नहुने भए पनि यसको संकेत भने सरकारले दिन सक्छ। यसै सन्दर्भमा पछिल्लो सरकारले गरेका प्रतिबद्धताअनुसार केही काम टुंगोमा पुऱ्याएको छ भने अधिकांश बाँकी छन्।

सरकार गठन भएपछि १९ पुसमा प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरकारका मुख्यसचिवसहित संवैधानिक अंग तथा सरकारका सचिव र प्रदेशका प्रमुख सचिवहरूको संयुक्त बैठक गरेर सेवा प्रवाहलाई केन्द्रित गरेर ३० बुँदे निर्देशन दिएका थिए। त्यस्तै, २५ पुसमा उच्चस्तरीय राजनीतिक संयन्त्रले 'नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम' तयार गरेको थियो।

सय दिनको अवधिमा सरकारले कतिपय सेवा प्रवाह र भिडभाड हुने कार्यालयमा सेवाग्राहीलाई सहज गराउने काम गरेको छ। नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानीका सेवामा भिड नियन्त्रणका लागि सरकारले केही प्रयास गरेको छ। यसको परिणामस्वरूप नागरिकता, राष्ट्रिय परिचयपत्रलगायतका जिल्ला प्रशासन कार्यालयका सेवामा टाइम कार्ड लागू भएको छ।

सरकारका सचिवहरूलाई निर्देशन दिँदै १९ पुसमा प्रधानमन्त्री प्रचण्डले राहदानी, राष्ट्रिय परिचयपत्र, सवारी लाइसेन्सको लाइन नहटे कारबाही गर्नेसम्मको चेतावनी दिएका थिए। शिक्षा, स्वास्थ्य, यातायातजस्ता आधारभूत सेवा, राहदानी, सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत कर दस्तुर बुझाउनेजस्ता सेवा प्राप्तिमा नागरिकले व्यहोरेका सास्ती हटाउने कामलाई तत्काल प्राथमिकतामा राख्न प्रधानमन्त्रीले सचिवहरूलाई निर्देशन दिएका थिए। सेवा प्रवाहलाई सहज बनाउन र विकासको गतिलाई तीव्र बनाउन सुधारका लागि तत्काल काम थाल्न निर्देशन दिएका थिए। केही सेवाहरूमा लाइन घटे पनि सवारी लाइसेन्स, शिक्षा मन्त्रालयबाट प्रदान गरिने नो अब्जेक्सन सर्टिफिकेट, सरकारी अस्पतालमा बिरामीको उपचार, मालपोत, नापी, कर दस्तुर बुझाउने ठाउँमा सेवाग्राहीको लाइन उस्तै छ।

विकास निर्माण र आयोजनाको अनुगमन आवश्यकताअनुसार आफैं गर्ने घोषणा गरेका प्रधानमन्त्रीले यसबीचमा यस्तो अनुगमन गरेका छैनन्। प्रधानमन्त्री कार्यालयको 'एक्सन रुम'बाट अनुगमन गर्ने व्यवस्था पनि प्रभावकारी छैन। नयाँ सरकार गठन भएयता एक्सन रुमबाट एउटै पनि अनुगमन भएको छैन। संघको दरबन्दी कटौती गरी प्रदेश र स्थानीय तहमा पठाउने घोषणा पनि प्रधानमन्त्री प्रचण्डले गरेका थिए। यसबीचमा रिक्त रहेका कतिपय स्थानीय तहमा कर्मचारी पठाइए पनि संघको दरबन्दी कटौती गरेर प्रदेश र स्थानीय तहमा पठाउने काम भने भएको छैन।

सरकारले सार्वजनिक प्रशासनमा देखिएका समस्या सुधारका लागि प्रधानमन्त्रीको नेतृत्वमा उच्चस्तरीय प्रशासन पुनर्संरचना आयोग गठन गर्ने तयारी यसबीचमा गरेको छ। सार्वजनिक प्रशासनलाई कम खर्चिलो, चुस्त, जवाफदेही र सक्षम बनाउने उद्देश्यसहित आयोग गठन गर्न लागिएको हो।

सयदिने उपलब्धिको प्रतिवेदन तयार हुँदै छ



● **सुमनराज अर्याल, सचिव**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सरकारका सयदिने उपलब्धिको प्रतिवेदन तयार हुँदै छ। प्रधानमन्त्रीज्यूको सय दिनको अवधिमा सम्पन्न भएका, सुरु भएका तथा अहिले चलिरहेकासमेतका कामबारे सबै मन्त्रालयसँग प्रतिवेदन माग गरेका छौं।

सरकार आफैं पूर्ण छैन, अरू के कुरा गर्नु ?



● **शारदाप्रसाद त्रिताल**, पूर्वसचिव

सरकारको प्रगतिबारे केही भनिरहनुपर्छ र ? अहिलेसम्म सरकार आफैं त पूर्ण छैन अरू के कुरा ? कर्मचारी सरुवाबाहेक प्रशासनिक रूपमा अरू प्रगति भएजस्तो लाग्दैन।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
शाखा कार्यालयः भोर्लेटार, लमजुङ (सम्पर्क नं. ०६६-४१०००२)
को

शाखा कार्यालय भोर्लेटार, लमजुङको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७९/१२/२० गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय भोर्लेटार, लमजुङबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/०६/२५ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण			
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय लमजुङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६८/१०/१२ मा दर्ता नं. ८३३/०६८/०६९ कायम भई दर्ता भएको लमजुङ जिल्ला, भोर्लेटार गा.वि.स वडा नं. ७ स्थित **गुरुङ फेन्सी,** **प्रोप्राइटर : बृन्दा माया गुरुङ**			
व्यक्तिगत जमानतकर्ताहरु			**धितोमा रहेको सम्पत्तिको विवरण**
नाम : **बृन्दा माया गुरुङ**		**नाम** : **मीनमाया गुरुङ**	**बृन्दा माया गुरुङ**को नाममा मालपोत कार्यालय, लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, भोर्लेटार गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ७५६ को क्षेत्रफल ०-४-३-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
बाबु : सानु काजी गुरुङ		पति : श्याम प्रसाद गुरुङ	
बाजे : जमसेर गुरुङ		ससुरा : पदम बहादुर गुरुङ	
ठेगाना : करापु वडा नं.६, लमजुङ		ठेगाना : करापु वडा नं.८, लमजुङ	
ना.प्र.प.नं. : ४५३०१७/२१४, लमजुङ		ना.प्र.प.नं. : २०२५२, लमजुङ	

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०७९/१२/२० गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय भोर्लेटार, लमजुङबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/०१/०४ गते सोमवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय, भोर्लेटार, लमजुङमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०१/०५ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय, भोर्लेटार लमजुङमा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत

मिटरब्याजको अर्थ–सांस्कृतिक आयाम

मिटरब्याजपीडितसँग भएको पाँचबुँदे सम्झौता पहिलो नजरमा आसलाग्दो परिणाम हो, तर सरकारको विगतको रबैया हेर्दा भने भरपर्ने अवस्था अहिले पनि छैन



● रोशन जनकपुरी

अग्रलेख

नेपाली भाषाका प्रसिद्ध कथाकार ध्रुवचन्द्र गौतमको चर्चित उपन्यास 'अलिखित'मा तराई-मधेसमा बस्ने एकजना पहाडिया मूलका 'जिम्दार' छन्, जसले त्यहाँका मानिसलाई गाह्रोसाह्रो परेका वेला 'माना' ऋण दिएर खातामा 'मुरी' लेख्छन् र यसै माध्यमबाट गाउँलाई नै आफ्नो दासमा परिणत गरिदिन्छन् । उनी गाउँका निर्विरोध जनप्रतिनिधि पनि छन् । त्यसैले कसैले उनको ऋणको पासोबाट मुक्त हुन खोजे वा उनको शोषणको विरोध गर्न खोजे उनले सत्तामा आफ्नो पहुँचको पनि उपयोग गर्छन् ।

अंग्रेजीका प्रसिद्ध साहित्यकार सेक्सपियरको 'दी मर्चेन्ट अफ भेनिस' नामक नाटकमा 'साइलक' नामक व्यापारीले ऋण दिएको साटो ऋणीसँग एक पाउन्ड मासुको माग गर्छ । यसैले होला, अंग्रेजीमा ऋणको ब्याजको निहुँमा ऋणीको सबै जायजेथा हडप्ने वा हडप्न खोज्ने साहुलाई 'लोन सार्क' भनिन्छ । सार्क अर्थात् मांसाहारी क्रुर दैत्य, जसले सबै निल्छ ।

हिन्दीका विश्वप्रसिद्ध साहित्यकार प्रेमचन्दले यस ब्याजी चलनलाई महाजनी सभ्यता भनेका छन् । 'महाजनी सभ्यता' शीर्षकबाट उनले एउटा निबन्ध नै लेखेका छन् । २०औँ शताब्दीको चौथो-पाँचौँ दशकतिर लेखिएका उनका कैयौँ कथा र उपन्यासमा सुदखोर महाजनबाट धोती न टोपी हुन पुगेका गरिब किसान र श्रमिकको पीडा जीवन्त रूपमा अभिव्यक्त भएको छ । प्रेमचन्दको समयमा स्थानीय पुँजी वैदेशिक पुँजीको संगत गरेर स्थानीयस्तरमा विशिष्ट प्रकारको वित्तीय पुँजी व्यवसायमा परिणत भइरहेको थियो । स्थानीय सामाजिक संरचनामा नयाँ परिस्थिति अनुकूल गरिबको निर्धनता, आवश्यकता र विवशताबीच फाँगिँदै गएको पुँजीको यो व्यवसाय अनैतिक र अमानवीय भए पनि सत्ता र समाजस्वीकृत व्यवसायका रूपमा स्थापित थियो । प्रेमचन्दले, यसैकारण यसलाई व्यवसायभन्दा पनि अमानवीय महाजनी सभ्यता र संस्कृतिका रूपमा देखे ।

२०औँ शताब्दीमा प्रेमचन्दले देखेको ब्याजको सांस्कृतिक सत्य हाम्रो समयको आत्मामा पनि टाँसिएको छ । राजनीतिक र सांस्कृतिक सभ्यताका दृष्टिले हामीले परिवर्तनका जतिसुकै युग पार गरे पनि यो नाफा, आर्थिक लाभ, ब्याजको व्यवसायले हाम्रो साथ छाडेको छैन ।

हामीले राजनीतिक परिवर्तनमा मौद्रिक व्यवहारलाई जनहितअनुकूल नियन्त्रण गर्नतिर सोचेनौँ । त्यसैकारण, वर्तमानमा समग्र मानवीय संरचनाको केन्द्रमा बसेको मुद्राले राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तनलाई आफ्नो स्वाभावअनुकूल ढाल्दै गएको छ । मार्क्सवादका प्रमुख विचारकमध्येका एक र कार्ल मार्क्सका मित्र फ्रेडरिक एंगेल्सले ठीकै भनेका छन् : 'मुद्राको अनन्त व्यवहारले आत्मालाई पनि मुद्रामा परिणत गरिदिन्छ ।' ब्याज र नाफाको व्यवसायजन्य संस्कृति यस्तै असंवेदनशील र अमानवीय व्यवहार हो, जसमा जड मुद्रा मात्र हुन्छ ।

हामीकहाँ यस्ता लोभीपापी आत्माहीन साहु-महाजनका निम्ति 'मिटरब्याजी' भनेर आधुनिक शब्दावली विकसित भएको छ । यसै वर्षको गत भदौमा सरकारबाट गठित 'मिटरब्याजी अपराध नियन्त्रण सिफारिस कार्यदलबाट प्रस्तुत प्रतिवेदन'मा 'ब्याज तिर्ने भाका छोटो भएकाले तोकिएको भाकामा नतिरे वा तिर्न नसके 'स्पिडोमिटर'मा बढेजस्तो ब्याज रकम बढ्ने हुनाले यस्ता कारोबारलाई मिटरब्याज भनिएको हो' भनेर उल्लेख गरिएको छ ।

यसै प्रतिवेदनको पृष्ठभूमिमा मिटरब्याजलाई प्रस्ट्याउँदै भनिएको छ : 'वित्तीय कारोबार गर्न अनुमति नलिई अति उच्चदरमा ऋण प्रवाह गर्ने, किर्ते कागज खडा गर्ने र ऋण तिर्न नसक्ने ऋणीलाई धम्की वा हिंसाका माध्यमबाट आतंकित वा भयभीत पारी या छलपूर्वक जायजेथा हडपी ऋणको धेरै गुणा रकम असुल गर्ने व्यक्तिलाई मिटरब्याजी भनेर चिनिन्छ ।' गत भदौमा काठमाडौंमा आन्दोलन गरिरहेका मिटरब्याजीबाट पीडित नवलपरासीका ऋणीसँगको वार्तापछि यो प्रतिवेदन तयार पारेर तत्कालीन गृहमन्त्री बालकृष्ण खाणलाई बुझाइएको थियो । तर, स्थिति फरक भएन । सरकारी संरचनामा पहुँच बनाएका मिटरब्याजीहरूले पीडित ऋणीमाथि उल्टो धाकधम्की बढाउन थालेका समाचार आउन थाले । नयाँ गठबन्धन सरकारको अस्थिरता तथा अनिश्चिततालेपनि मिटरब्याजीबाट पीडित ऋणीको दुःख घट्नुको साटो बढायो नै । सरकारलाई बुझाइएको त्यो सिफारिस प्रतिवेदन पनि अन्य प्रतिवेदनजस्तै विनाकार्यान्वयन थन्किको ।

केही दिनदेखि फेरि तराई-मधेसको मिटरब्याजीपीडित ऋणीहरूको एउटा समूह काठमाडौंमा संघर्षरत छ । यसपटक पनि हल्लीखल्ली राम्रै छ । मिडियामा प्रमुख समाचार बनेको छ, अन्य वेला बेखबरझैँ देखिए पनि काठमाडौंमा केही राजनीतिक दलले आन्दोलनकारी पीडित ऋणीसँग भेटेर सहानुभूति देखाइरहेका छन् र समर्थनमा वक्तव्य प्रकाशित गरेका पनि छन् । प्रधानमन्त्रीले पीडित ऋणीलाई आफ्नो निवास बालुवाटारमै बोलाएर उनीहरूको दारुण दुखेसो सुने र गृहमन्त्री पीडितहरू रहेकै स्थलमा पुगेर



उनीहरूको समस्या समाधान हुने विश्वास दिलाए । सरकारले त्वरित गतिमा मिटरब्याजीपीडितको समस्या समाधानका लागि यस सम्झौतापश्चात् बस्ने मन्त्रिपरिषद्को पहिलो बैठकबाट आयोग गठन गर्ने गरी संघर्षरत मिटरब्याजपीडितसँग पाँचबुँदे सम्झौता पनि गरेको छ । पहिलो नजरमा यो आसलाग्दो परिणाम नै हो, तर सरकारको विगतको रवैया हेर्दा भने भरपर्ने अवस्था अहिले पनि छैन । यस्तो किन भनियो भने, यस सम्झौताको प्रवृत्ति पनि विगतका अन्य सम्झौताजस्तै कानुनी छ, जब कि यो राजनीतिक, सामाजिक र सांस्कृतिक समस्या हो ।

> सरकार विपन्न मिटरब्याजपीडितको पक्षमा छ भने उसले विशेष विधेयकमार्फत तिनले गरेका सबै तमसुकलगायत कागजात रद्द गर्नुपर्छ र अनेक गरेर मिटरब्याजीले आफ्नो नाममा पारित गराएको जग्गा पुनः पीडित ऋणीकै नाममा फर्काउन सक्नुपर्छ

२०७९ चैत १८ गते सरकार र संघर्षरत मिटरब्याजीपीडितबीच भएको पाँचबुँदे सम्झौतामा समस्यालाई 'मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिक रूपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेनभन्दा बढीको तमसुक-कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुष्चक्रमा फसाई विभिन्न ढंगले गरिने शोषण'को पहिचान गरिएको छ । (पीडितको अकल्पनीय शोषणको विवरण सुन्ने हो भने 'विभिन्न ढंगले गरिने शोषण'मा ऋणी र उनको परिवारको श्रम र यौन शोषणसमेत सामेल छन् ।) प्रश्न छ, सरकार वा सरकारले गठन गर्ने आयोगले कानुनबाहिर गएर राजनीतिक अर्थमा यी समस्याको हल खोज्नतिर सोच्न सक्छ ? यस समस्याको समाधान यसै प्रश्नमा निहित छ ।

कानुनी रूपले यसको हल खोज्न थाल्ने हो भने ऋणीसँग गराएको कागजी प्रमाणमा त्रुटि गरेका मिटरब्याजी मात्र दोषी देखिन सक्छन् । मिटरब्याजीहरूले ऋणीले लिएको रकमभन्दा बढी रकमको तमसुक वा दृष्टिबन्धक गराए पनि वा जग्गा आफ्नो वा आफूले चाहेको व्यक्तिका नाममा नामसारी कानुनी आधारमै गराएका हुन्छन् । सोझा ऋणीले बुझाएको रकमको भर्पाई साहु (मिटरब्याजी)ले नदिएमा वा ऋण फर्स्योट गर्ने वेला तमसुक नच्यातेर साहुले राखेपछिको स्थितिमा कानुनी रूपमा ऋणीको निर्दोषिताको अवस्था सिद्ध गर्न सक्ने स्थिति नै रहँदैन । यस्तोमा सरकारले दबाब सिर्जना गरे अदालत साहु (मिटरब्याजी)को रक्षाकवच बन्ने अवस्था आउने देखिन्छ । यो समस्या पटक-पटक चिसिनुको कारण पनि यही हो । यसकारण यस समस्यामा सरकारले विपन्न वर्गीय दृष्टिकोण नअपनाएसम्म यसको हल देखिँदैन, जसको सम्भावना धेरै कम छ । यी मिटरब्याजी नयाँ होइनन् । यिनीहरू पुरानो सामन्ती व्यवस्थाका आधारभूत आर्थिक अंग हुन्, जो आर्थिक समृद्धिको कारण यस गणतन्त्रमा पनि सामाजिक र राजनीतिक रूपमा प्रभावशाली छन् ।

वर्तमान राजनीतिमा केन्द्रीय सत्तामा दलाल तथा नोकरशाही पुँजीले वर्चस्व कायम गरेझैँ स्थानीय सत्तामा यो मिटरब्याजी पुँजीको बहुआयामिक वर्चस्व छ । राजनीतिक परिवर्तनपछि पनि बैंक र सरकारी वित्तीय संस्थामा व्याप्त भ्रष्टाचार, घुस र कमिसन तथा प्रक्रियागत जटिलताका कारण विपन्न वर्गका निम्ति आपत्विपत्मा आर्थिक समस्या समाधानमा अहिले पनि मिटरब्याजीहरू नै सहज माध्यम हुन् ।

यसले के देखाउँछ भने विपन्न वर्गप्रति सरकारको यो अक्षमता र आवश्यकताको विवशता नै यी मिटरब्याजीको जीवन हो । त्यसैले सरकार विपन्न वर्गको पक्षमा हो भने उसले विशेष विधेयकमार्फत विपन्न वर्गले गरेका सबै तमसुकलगायत कागजात रद्द गर्नुपर्छ र अनेक गरेर मिटरब्याजीले आफ्नो नाममा पारित गराएको जग्गा पुनः विपन्न पीडित ऋणीका नाममा फर्काउन सक्नुपर्छ । केहीलाई यो निष्कर्ष अतिशयोक्तिपूर्ण लाग्न सक्छ, तर मिटरब्याजीले गर्ने गरेको अमानवीय ऋण असुली तथा ब्याजको अनन्त राक्षसी विस्तारसँग तुलना गर्ने हो भने यो पनि थोरै हुनेछ । यसका निम्ति सरकार कानुनीभन्दा पनि विपन्न वर्गीय राजनीतिक हुनुपर्छ । तर यसभन्दा पनि, विपन्न वर्गको आर्थिक गर्जो टार्नका निम्ती राज्यसत्ता बलियो अभिभावकका रूपमा खडा भएन भने तथा उसले सहज प्रक्रियाका निकाय खडा गरेन भने नयाँ मिटरब्याजीहरू जन्मिई नै रहन्छन् ।

यसको अर्को भयावह आयाम पनि छ । ठूला मिटरब्याजीहरू अहिले समस्याको केन्द्रमा छन्, तर यो आर्थिक लाभको आकर्षण मध्यम वर्ग र निम्न मध्यम वर्गमा व्यवसायका रूपमा विकसित हुँदै गएको छ । स्थानीयस्तरमा जुकाझैँ फैलिइरहेका यिनीहरू धेरथोर पैसा हुने जो पनि हुन सक्छन् : खातेपिते मध्यम व्यवसायी, कृषि, खाद्यान्न र अन्य उपभोग्य सामानको बेचबिखनका बिचौलिया व्यापारी, थोरै पैसा दिएर गरगहना, घरखेत, जग्गाजमिन बन्धकी राख्ने टुटपुँजिया साहु, होमजप र पूजापाठ गरेर दक्षिणाबापत प्राप्त रकम जम्मा गरेको पुरोहित, पुजारी वा पन्डा, अनेक गरेर केही रकम जम्मा गर्न सफल कर्मचारी, शिक्षक वा निजी क्षेत्रमा कार्यरत ह्वाइट कलर मजदुर । एक लगाएर डेढ वा दोब्बरको आशा राख्ने जोसुकै पनि यसमा पर्न सक्छन् । यो ठूला मिटरब्याजीको सहजता तथा दिन दुईगुना रात चौगुना हुने लाभको आकर्षणबाट विकसित अवैध, अनैतिक र अमानवीय भयावह आर्थिक-सांस्कृतिक विस्तार हो ।

प्रधानमन्त्री प्रचण्डले एउटा कार्यक्रममा मिटरब्याजीलाई सामन्तवादको अवशेष भनेका थिए । तर, यथार्थमा यो अवशेष होइन, बरु नयाँ रूपमा फैलिँदै गएको महाजनी संस्कृति हो । वस्तुतः यो संविधानको राजनीतिक आर्थिक लक्ष्य समाजवादसँग जोडिएको विषय हो र सरकार विपन्न वर्गको पक्षमा व्यावहारिक रूपमा उभिन सकेन भने समाजवाद भजनबाहेक अरू केही बाँकी रहँदैन ।

३ प्रश्न

मिटरब्याजपीडित पक्षका वार्ता टोली संयोजक **मनोजकुमार पासवान**लाई



सरकारसँगको सहमतिपछि आफूहरूले उठाएका माग पूरा हुनेमा कति आशावादी हुनुहुन्छ ?

हामीले सुरुदेखि नै हाम्रा माग सम्बोधन गर्न सरकारले शक्तिशाली आयोग गठन गर्नुपर्छ भन्दै आएका थियौँ । त्यस्तो आयोगलाई 'अन द स्पट' छानबिन गर्नेदेखि लिएर कारबाही गर्नेसम्मका न्यायिक अधिकार दिइनुपर्छ । हामीले प्रधानमन्त्री र गृहमन्त्रीज्यूकै उपस्थितिमा सहमति गरेका छौँ । सरकारको नियतमै खोट देखियो भने फरक कुरा हो, नत्र आयोग गठन हुन्छ र त्यसले हाम्रा समस्याको समाधान निकाल्छ भन्नेमा हामी आशावादी छौँ ।

तपाईंहरूका पूरा हुनैपर्ने मुख्यमुख्य माग के के हुन् ?

मिटरब्याजी साहूकारहरूले थोरै ऋण दिएकै भरमा हामीबाट चर्को ब्याज र सावाँ सबै असुलिसकेपछि पनि हाम्रा घरखेत कब्जा गरेका छन् । उल्टै पीडितलाई पक्राउ गर्न अदालतबाट पक्राउ पुर्जी जारी गराइएको छ । हामीलाई पटकपटक आफू बसिरहेको घर खाली गर्न धम्कीपूर्ण चेतावनी आइरहेको छ । हो, यिनै अत्याचारबाट गरिब जनतालाई बचाउनु राज्यको दायित्व हो । राज्यले आफ्नो दायित्व पूरा गरोस् भन्ने हाम्रो माग हो ।

सरकारले सहमतिअनुरूप नै आयोग गठन गऱ्यो भने त्यसले कसरी काम गर्ला ?

अहिले पीडितले सिडिओ कार्यालयमा निवेदन दिएका छन् । आयोग गठन भएपछि सिडिओ, जिल्लाका प्रहरी प्रमुख, पीडितका प्रतिनिधि र अन्य सरोकारवाला निकायका प्रतिनिधिसमेत भएको एक सहजीकरण समिति गठन हुन्छ । आयोगले सो समितिसँग मिलेर काम गऱ्यो भने समाधान कठिन छैन ।

प्रेरक प्रसंग

गान्धीको आश्रममा चोर

त्यतिखेर महात्मा गान्धी सावरमती आश्रममा थिए । एकरात एउटा चोर आश्रममा चोरी गर्न गयो । सायद चोर निकै मूर्ख थियो । नत्र आश्रममा चोरी गर्न किन पो जाँदो हो र ? संयोगवश चोर आश्रममा प्रवेश गरेकै समयमा कोही आश्रमवासी बिउँझिए । उनले आश्रममा चोर पसेको सुइँको पाइहाले । उनले बिस्तारै अन्य आश्रमवासीलाई बिउँझाएर आश्रममा चोर पसेको अवगत गराए । त्यसपछि सबै मिलेर चोरलाई घेरा हालेर समाते र उसलाई एउटा सानो कोठामा बन्द गरिदिए ।



भोलिपल्ट बिहान आश्रम व्यवस्थापकले चोरलाई महात्मा गान्धीसमक्ष प्रस्तुत गरे । गान्धीले शिर उठाएर त्यस चोरलाई हेरे । युवक शिर झुकाएर उनका सामु उभिएको थियो । ऊ निकै आतंकित देखिन्थ्यो । महात्मा गान्धी आफूसित निकै रिसाएका छन् र उनले आफूलाई प्रहरीसमक्ष सुम्पिन पनि सक्छन् भनेर ऊ भयग्रस्त देखिन्थ्यो ।

गान्धीले उनलाई सोधे- बाबु, के तिमीले खाजा खाएका छैनौ ? चिन्तित भइरहेको समयमा गान्धीले जुन प्रश्न गरे, त्यसबारे उसले सपनामा पनि कल्पना गरेको थिएन । उसले कुनै उत्तर दिन सकेन । ऊ केवल शिर झुकाएर मूर्तिवत् उभिइरह्यो । युवकबाट कुनै जवाफ नपाएपछि गान्धीले आश्रमका व्यवस्थापकतिर प्रश्नसूचक दृष्टि दिए । व्यवस्थापकले जवाफ दिए- बापु, यो चोर हो, यसलाई खाजा खुवाउने त प्रश्नै उठ्दैन नि !

आश्रम व्यवस्थापकको जवाफ सुनेपछि गान्धीको अनुहार निकै गम्भीर देखियो । दुःखी आवाजमा उनले प्रश्न गरे- किन ? के ऊ मानिस होइन ? के उसले खानुपर्दैन ? के उसलाई भोक लाग्दैन ? अब उसलाई लगेर पेटभर खाजा खुवाऊ ।

गान्धीको जवाफ सुनेर आश्रममा चोरी गर्न पसेको युवकको आँखाबाट आँसु बग्न थाल्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यसरी बढाऔँ बिजुलीको खपत

उत्पादित बिजुली खेर जाने अवस्था नजिकिँदै जाँदा स्वदेशमै विद्युत् खपत बढाऔँ भन्ने भाषण सुन्न थालेको धेरै भयो । नेपालीले आयातीत महँगो ग्यासको बढी खपत गर्दा यसबाट नेपाल आयल निगम चर्को घाटामा परिरहेको पनि सुनिन्छ । साथै, ग्यासको घाटा पूर्ति गर्ने निहुँमा निगमले अन्य पेट्रोलियम पदार्थको मूल्य निकै बढाउँदै आएको छ । यस्तोमा अबका दिनमा सरकारले ग्यासको खपत घटाएर बिजुलीको खपत बढाउने योजना ल्याउनुपर्छ । यसका लागि सरकारले सबैभन्दा पहिले बिजुलीको महसुल घटाउनुपर्छ । साथै, बर्खा मासमा बढी उत्पादन हुने समयमा मूल्य निकै कम गर्ने र हिउँदमा कम उत्पादन हुँदा केही बढाउने पनि गर्न सकिन्छ । साथै, इन्डक्सन चुलोमा अनुदान पनि दिन सकिन्छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

यो कस्तो आवास हो ?

'घर पक्की, शौच खुला स्थानमा' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । 'जनता आवास'ले रौतहटको चन्द्रपुर नगरपालिका- ५, मोतीपुरमा ३६ परिवारका लागि पक्की घर बनाइदिए पनि तिनका लागि शौचालयको आवश्यकता पर्छ भन्नेसम्म ख्याल नगरिएको हुनाले देश खुला दिसामुक्त घोषणा भइसकेपछिको समयमा विपन्नका लागि घर निर्माण गर्दै गर्दा सम्बन्धित निकायका अधिकारीलाई त्यहाँ शौचालय आवश्यक पर्छ भन्ने थाहा थिएन हो ?

● **सुनिता महतो**
जलेश्वर- ८, महोत्तरी

कोभिडबारे सचेत बनौं

विगतमा कोभिड संक्रमणले विश्वलाई अलगथलग बनाइदियो । पछिल्लो समयमा केही मत्थर देखिएको यो भाइरस अहिले पुनः विश्वभर सक्रिय हुन थालेको देखिँदै छ । नेपालमा पनि यसबाट प्रभावित हुनेको संख्या बिस्तारै बढ्दै गएको छ । खासगरी मैले त खोपका सबै मात्रा लगाइसकेको छु, मलाई के फरक पर्छ र भनेर निस्फिक्री हुन थालियो भने पहिलेजस्तै सकेटमा पर्न बेर छैन ।

● **भूमिका चन्द**
मातातीर्थ, काठमाडौं

युवा निराश, सरकार मौन

केही समयअघि भक्तपुरस्थित स्कुलबाट परीक्षा दिएर बिदा भएका १२ कक्षाका विद्यार्थीले मन छुने शब्द स्कुल पोसाकमा लेखेर साथीभाइसँग छुट्टिएको तस्बिर सामाजिक सञ्जालमा भाइरल भयो । सायद देश चलाउने नेताहरूले त्यो तस्बिर देख्न र त्यससम्बन्धी प्रकाशित समाचार पढ्न या हेर्न भ्याएनन् होला । भर्खरका 'उरन्ठेउला' केटाकेटीले लेखेको त्यस्तो सन्देशले ६० कटेका 'रिटायर्ड' हुने उमेर पुगिसके पनि जबर्जस्ती सत्तामा टाँसिइरहेका वृद्धवृद्धा क्लबका सदस्यलाई सायद छुन सकेन ।

साथीको टिसर्टमा परीक्षाको अन्तिम दिन उनीहरूले लेखेका थिए 'खाडीमा भेटौंला' । तर, हाम्रा युवाले कतार, साउदी, कोरिया या मलेसिया जता भेटे पनि हाम्रा नेतालाई केही फरक पर्दैन । सबैले पठाउने रेमिट्यान्स नै हो र त्यो तिनले जहाँ भेटे पनि पठाउने नेपालमै हो । हाम्रा नेतालाई त्यति भए पुगिहाल्यो । अनि यस्ता लेखाइले किन पोल्दो हो र नेताको मन ?

युवाले आफनो वेदना पोखे । पढेर नेपालमा रोजगारी पाइन्छ भन्ने आस युवा पुस्तामा हराउँदै गएको छ । हरेकदिन, हप्ता, महिना र वर्ष लाखौँ नेपाली युवा विदेश पलायन भएका छन् । अलिअलि हुनेखानेका छोराछोरी युरोप, अमेरिका, जापान, अस्ट्रेलिया या क्यानडा गएका छन् । अलि आर्थिक अवस्था कमजोर भएका युवा ऋण गरेर गाडी मुलुक गएका छन् । यस्तो दयनीय अवस्था हुँदा पनि देश चलाउँछु भन्ने नेताहरूको मन नपग्लनु बडो दुःखको विषय हो । देशको अवस्था दिनप्रतिदिन संकटग्रस्त बन्दै छ भने नेताहरूचाहिँ मोजमस्तीमा व्यस्त छन् । यसरी कहिलेसम्म चल्ला ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

के विश्वव्यापीकरणको अन्त्य भएकै हो ?

विश्वव्यापीकरणको अन्त्य भएको छैन, बरु विश्वव्यापीकरण हामीले खोजेको जस्तो सहज नहुन सक्छ

देश / विदेश



● जोसेफ एस नाई जुनियर

ताइवान र विश्वकै अग्रणी सेमिकन्डक्टर उत्पादकका संस्थापक मोरिस चाङले गत वर्ष 'विश्वव्यापीकरण मोटामोटी रूपमा मरिसक्यो' भन्ने दाबी गरे । कैयौँ विश्लेषक कोभिड- १९ र चीन-अमेरिकी टकरावले आपूर्ति शृंखलामा अवरोध आएको बताउँछन् र कैयौँ कम्पनीले उत्पादनस्थल अब आफ्नै मुलुक वा उत्पादित मालवस्तुको बजारमै सारेका छन् । तर, यति हुँदा पनि विश्वव्यापीकरणको अन्त्य भइसक्यो भनेर निष्कर्ष निकाल्नु गलत हुन्छ ।

विश्वव्यापीकरण मुलुक वा क्षेत्रबीचको अन्तरनिर्भरता नभई बढ्दो अन्तरमहादेशीय अन्तरनिर्भरता हो । विश्वव्यापीकरण आफैंमा सही वा खराब होइन, यसका कैयौँ आयाम छन् । जलवायु परिवर्तन र आदिमकालदेखि अफ्रिकाबाट चलेको आप्रवासनले मानवता विश्वभर फैलिँदो छ । यी प्रक्रियाले जहिल्यै जैविक अन्तर्क्रिया एवं अन्तरनिर्भरता निम्त्याएको छ । सन् १३४६ देखि १३५२ सम्म एसियामा सुरु भएको प्लेग महामारीले युरोपको एकतिहाइ जनसंख्याको ज्यान लिएको थियो । जब युरोपेली १५औँ र १६औँ शताब्दीबीच पश्चिमी गोलार्धमा पुगे तब उनीहरूले बोकेको रोगका जीवाणुले आदिवासी जनसंख्या सखाप पाऱ्यो । सैन्य विश्वव्यापीकरणको इतिहास खोज्ने हो भने सम्राट जर्कसिजदेखि एलेकजेन्डर-महानका समयकालसम्म पुग्छ, जहाँ यी शासकका साम्राज्य तीन महादेशमा फैलिएका थिए । १९औँ शताब्दीमा बेलायती साम्राज्यमा कहिल्यै सुर्यास्त भएन । यसबाहेक सामाजिक-सांस्कृतिक विश्वव्यापीकरणका कारण ठुल्ठूला धर्म विश्वभर फैलिए ।

अहिलेको चासो भनेको आर्थिक विश्वव्यापीकरण हो, जहाँ अन्तरमहादेशीयस्तरमा वस्तु, सेवा, पुँजी, प्रविधि र सूचनाको प्रवाह हुने गर्छ । आर्थिक विश्वव्यापीकरण पनि नौलो होइन, तर प्रविधिमा आएका परिवर्तनले दूरीसँग जोडिएको मूल्यमा भारी कटौती ल्याएको हो । यसले अहिलेको आर्थिक विश्वव्यापीकरण 'बाक्लो र छरितो' बनेको हो । मध्ययुगमा रेसम मार्गले एसिया र युरोपलाई जोडेकै हो, तर यो जोड अहिलेको इन्टरनेट सम्पर्क त परको कुरो, आधुनिक जहाज ढुवानीनिकट पनि पुग्दैन । विश्वव्यापीकरणलाई २०औँ शताब्दीका दौरान आर्थिक परिघटनाका रूपमा लिइन्थ्यो, तर सन् २००० को दशकमा यो शब्द राजनीतिक शब्दावली बन्यो । जब डाभोसका उपद्रवी दंगाईले एसियाली मजदुरका लागि त्यहाँको मेकडोनाल्डको झ्यालको सिसा फुटाए तब त्यो घटना एक राजनीतिक विश्वव्यापीकरण थियो ।



चित्र : युचिरो चिनो

हालको विश्वव्यापीकरण १९औँ शताब्दीको भन्दा निकै भिन्न थियो । त्यसवेलाको विश्वव्यापीकरणको संस्थागत संरचना मूलतः युरोपेली साम्राज्यवादमा निहित थियो र त्यसवेला बढी खर्चले थोरै मानिस संलग्न भएका छन् भन्ने अर्थ दिन्थ्यो । पश्चिमा कम्पनी सन् १६०० देखि फैलिन थालेका हुन् र १९औँ शताब्दीमा आइपुग्दा विदेशी प्रत्यक्ष लगानी विश्वको कुल आम्दानीको १० प्रतिशत पुगेको थियो । अहिले यो आँकडा (गैरपश्चिमा कम्पनीसहित) विश्वको कुल गार्हस्थ्य उत्पादनको ३० प्रतिशत पुगेको छ । पहिलो विश्वयुद्धको पूर्वार्धमा वैश्विक अन्तरनिर्भरता धेरै थियो जहाँ मानिस, वस्तु र सेवाको प्रवाह देखिन्थ्यो । त्यसवेला असमानता पनि थियो किनभने आर्थिक विश्वव्यापीकरणको लाभ समान ढंगले वितरण भएको थिएन । तर, आर्थिक अन्तरनिर्भरताले प्रमुख व्यापारिक साझेदारबीचको युद्धलाई रोक्न सकेन । चारवर्षे विध्वंशात्मक युद्धपछि वैश्विक आर्थिक अन्तरनिर्भरतामा भारी गिरावट आयो ।

के यो इतिहास फेरि दोहोरिन्छ ? जब अमेरिका र रुस वा चीन एक नयाँ युद्धमा झोसिन्छन् तब इतिहास दोहोरिन सक्छ । तर, यसको सम्भावना निकै कम छ । जहाँसम्म अहिले चर्चामा रहेको आर्थिक 'अलगीकरण' (डिकपलिङ) को विषय छ, त्यसले गरेको विभाजनलक्षित र अपूरो देखिन्छ । उसो त सबै क्षेत्रमा बराबरी ढंगले पुनरुत्थान नभए पनि कोभिड महामारीले थलिएको वस्तु एवं सेवाको विश्व व्यापारको बलियो फिर्ती गरेको छ ।

अमेरिकाले चीनबाट आउने र चीनतर्फ जाने केही संवेदनशील वस्तुको प्रवाहमा अवरोध सिर्जना गरेको अवस्थामा अमेरिकामा चिनियाँ आयात कोभिडपूर्वको अवस्थाको तुलनामा ६ प्रतिशत मात्रैले बढेको छ भने क्यानडा र मेक्सिकोको सन्दर्भमा यो आँकडा ३० प्रतिशतले बढेको छ । अमेरिकाको सन्दर्भमा विश्वव्यापीकरणभन्दा पनि क्षेत्रीयकरण बढी फस्टाएको छ । सूक्ष्म ढंगले हेर्ने हो भने सन् २०१८ देखि २०२२ सम्ममा अमेरिकामा चिनियाँ आयात २१ देखि १७ प्रतिशतमा झरेको छ जब कि भियतनाम, बंगलादेश र थाइल्यान्डको आयात ८० प्रतिशतले बढेको छ । यसले पनि विश्वव्यापीकरण मरिसक्यो भन्ने संकेत गर्दैन । अमेरिकासँगको यो नयाँ एसियाली व्यापार वास्तवमा मध्यमस्तरमा झरेको चिनियाँ व्यापार हो । तत्कालीन सोभियत र अमेरिकाको आर्थिक सम्बन्धको तुलनामा अहिले अमेरिका र यसका साझेदारको चीनसँगको आर्थिक सम्बन्ध जटिल एवं घनीभूत नै छ । अर्थात्, वैश्विक आपूर्ति शृंखलामा अवरोध नल्याईकन पनि पश्चिमा मुलुक हुवावेलाई फाइभजी नेटवर्कबाट अलग्याएर आफ्नो सुरक्षा जोखिम कम गर्न सक्छन् ।

भूराजनीतिक प्रतिस्पर्धाले आर्थिक विश्वव्यापीकरणमा रोक लगाए पनि विश्व पारिस्थितिक प्रणालीको विश्वव्यापीकरणले एकअर्कासँग जोडिने नै छ । महामारी र जलवायु परिवर्तनले राजनीति नभई जीवविज्ञान र भौतिकविज्ञानको नियम मान्छ । पारिस्थितिक प्रणालीसँग सम्बन्धित समस्या कुनै एक मुलुकले मात्र समाधान गर्न सक्दैन । जलवायु र महामारीजन्य समस्यामा एक ठाउँमा नआउने हो भने ठूलो मूल्य चुकाउनुपर्नेछ । वैज्ञानिकका अनुसार कोभिड- १९ महामारीका कारण अमेरिका र चीनमा १० लाखभन्दा बढी मानिस मारिएका थिए ।

विश्वव्यापीकरणलाई मूलतः दूरी घटाउने प्रविधिगत परिवर्तनले यहाँसम्म ल्याइपुऱ्याएको हो । यसमा परिवर्तन भने हुनेछैन । विश्वव्यापीकरणको अन्त्य भएको छैन, बरु विश्वव्यापीकरण हामीले खोजेजस्तो सहज नहुन सक्छ ।

(अमेरिकी पूर्वसहायक रक्षामन्त्री एस नाई जुनियर हार्भर्ड विश्वविद्यालयका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

सलारको रेकर्ड



प्रभास अभिनीत सलारले रिलिजअघि नै रेकर्ड बनाउन थालेको छ। यस फिल्मको ओभरसिज राइट्स ९० करोड भारुमा बिक्री भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। यो आफैंमा एउटा नयाँ रेकर्ड हो। यसअघि महँगो मूल्यमा ओभरसिज राइट्स बिक्री गर्ने रकर्ड रजनीकान्त र अक्षय कुमार स्टारर २.० को नाममा थियो। यस फिल्मको राइट्स ८० करोड भारुमा बिक्री भएको थियो।

सिटाडेलमा प्रियंका




प्रियंका चोपडा अभिनीत स्पाई सिरिज 'सिटाडेल'को दोस्रो ट्रेलर रिलिज भएको छ।। रुसो ब्रदर्सको निर्देशनमा बनेको यस सिरिजमा प्रियंकाले एक जासुसको भूमिका निर्वाह गरेकी छिन्। यस सिरिजको प्रिमियर २८ अप्रिलमा अमेजन प्राइम भिडियोमा हुनेछ।

किशोर-किशोरीलाई अभिभावकले कस्तो व्यवहार गर्ने ?

किशोरावस्थामा शारीरिक र मानसिक स्वास्थ्यमा तीव्र परिवर्तन भइरहको हुन्छ। त्यसैले गर्दा उनीहरूको मुड धेरै समय एकनासको हुँदैन। उनीहरूले दुःख, सुख रिस, ईर्ष्याजस्ता कुरा अभिव्यक्त गर्न थाल्छन्। यसलाई नकारात्मक रूपमा मात्रै लिनुहुँदैन। यो सामान्य मानवीय अनुभूतिको दर्पण हो। यस्ता व्यवहार प्रकटले उनीहरूको जीवनज्ञान बढेर जान्छ। अनुकूल र प्रतिकूल अवस्थाको अनुभूतिले मानसिक क्षमताको विकास गर्न सहयोग मिल्छ। जुन उनीहरूको जीवन भोगाइ र सिकाइ हुन्छ। तर, यसरी उनीहरूले प्रकट गर्ने संवेदनाहरूलाई हामीले उचित र आवश्यकताअनुसार सम्बोधन गर्न जरुरी छ। उनीहरू जिज्ञासु हुन्छन्। तर, कहिलेकाहीं जिज्ञासा प्रश्नको रूपमा नभएर अनौठो र फरक व्यवहारका रूपमा पनि प्रस्फुटन हुन सक्छ।

व्यवहारको रूपमा त्यो प्रकट रिस, खुसी, ईर्ष्याको रूपमा त्यो प्रकट हुन सक्छ। मुड अस्थिर हुने हुँदा सही निर्णय लिन नसक्ने, ध्यान केन्द्रित नहुने, सजिलै विश्वास गर्ने आदि जस्ता व्यवहार देखाउँछन्। तसर्थ, त्यसको सम्बोधन हुनु जरुरी छ। यस्तो अवस्थामा अभिभावकले उनीहरूको स्वास्थ्यबारे विशेष ख्याल गर्नुपर्ने हुन्छ। विशेषगरी, १० देखि २४ वर्षसम्म मानसिक स्वास्थ्य एकदमै महत्त्वपूर्ण हुन्छ।



विजय ज्ञवाली
साइकोथेरापिस्ट
अमोहा क्लिनिक



कस्तो व्यवहार देखाउँछन् ?

यो उमेरसमूहका कतिपयले स-साना कुरामा झर्किने, बुबाआमासँग सधैं विवाद गरिराख्ने, घरमा सधैं कोठाभित्र चुकुल लगाएर मात्रै बस्ने, आफ्नो सामान स्याहार नगर्ने, हदैसम्मको हेलचेक्र्याइँ पनि गर्छन्। घरमा पाहुना आउँदा संवाद गर्न नरुचाउने र उनीहरूको क्रियाकलाप फरक किसिमको हुन्छ। कहिलेकाहीं दुर्व्यसनमा फस्दा पनि त्यसो गर्छन्। त्यसले गर्दा पारिवारिक दूरी बढेजस्तो देखिन्छ।

अभिभावक र छोराछोरीबीच ग्याप हुन्छ। राम्रो पारिवारिक वातावरण हुँदैन। अभिभावकले जेनेरेसन ग्यापले गर्दा यस्तो भएको होला भनेर सोच्छन्। तर, जेनेरेसन ग्यापले मात्रै हुन्छ भन्ने हुँदैन। उनीहरू विभिन्न प्रकारको मनोवैज्ञानिक समस्याबाट ग्रसित भएका हुन सक्छन्।

भावना बाँड्न प्रोत्साहन गर्ने

उनीहरूलाई सामान्य महसुस गराउन अभिभावकले कुरा गर्ने, समस्या सुन्ने, सल्लाह दिने गर्नुपर्छ। यो अवस्थामा व्यक्तिमा मिश्रित किसिमको मनोभावना विकसित हुने हुँदा अभिभावकको सल्लाह निकै महत्त्वपूर्ण हुन्छ।

किशोर-किशोरीहरू हामीले गर्ने दैनिक क्रियाकलापबाट समेत निकै प्रभावित भइरहेका हुन्छन्। उनीहरूलाई घरको महत्त्वपूर्ण सदस्य हुन् भन्ने महसुस गराउनुपर्छ। किशोरावस्थामा धेरै गल्ती दोहोरिरहेका हुन सक्छन्। जुन अभिभावकलाई मन नपर्न सक्छ, तर उनीहरूको मानसिक अवस्था बुझेर आफूलाई रोलमोडल बनाएर सल्लाह र सहयोग दिनु बढी महत्त्वपूर्ण हुन सक्छ। किशोरावस्था भनेको स्वतन्त्रता पनि हो, यसर्थ उनीहरूलाई उचित समय र ठाउँ पनि दिनुपर्छ।

समस्या समाधानमा सहयोग

वयस्क र किशोरावस्थाको विचार फरक हुने गर्छ। उमेर, ज्ञान र भोगाइका कारणले उनीहरूको सोच्ने तरिका पनि अभिभावकभन्दा निकै फरक हुन्छ। तर, उनीहरूको कुरा शान्त भएर सुन्नुपर्छ। कुनै समस्याका विषयमा कुरा गर्दा सामान्य ढंगबाट सम्झाउनुपर्छ। अभिभावकको प्रतिक्रियाले उनीहरूको धारणामा निकै ठूलो प्रभाव पार्ने हुँदा सजग हुन जरुरी हुन्छ।

किशोर-किशोरीले सामान्य समस्या आफैंले समाधान गर्ने बानीले भविष्यमा आत्मनिर्भर बनाउँदै लैजान्छ। यस्तो कुरा अभिभावकले बुझाउन सक्नुपर्छ। निर्णय लिने, काम गर्ने, सम्बन्ध वा अन्य विषयमा उनीहरू स्वयंलाई सोच्ने समय दिनुपर्छ। यसका लागि अभिभावकले उनीहरूको भवनालाई ध्यानपूर्वक सुन्न सक्नुपर्छ। उनीहरूको भावना र भोगाइ सुन्न सकिन्छ, जसले उनीहरूमा बिस्तारै समस्या समाधानको सीप विकास हुँदै जान्छ। अभिभावकले स्वतन्त्रतासँगै आत्मनिर्भर बन्न हौसला दिन सके किशोरावस्थामा शारीरिक र मानसिक विकास सहज हुने गर्छ।

परिवार नै रोलमोडल

अभिभावकले अरूसँग तुलना गर्नुहुँदैन। यसले उनीहरूमा हीनताबोध, निराशा र आत्मविश्वासको कमी गराउँछ। उनीहरूका लागि परिवार नै रोलमोडल हो। परिवारभित्रका दुःख र बाध्यता उनीहरूसँग छलफल गर्नुपर्छ। यसले उनीहरूलाई जीवनशैली सिकाउँछ। परिवारले कसरी समस्या समाधान गर्छ भन्ने सीपले उनीहरूलाई जीवनमा कठिनाइ कसरी पार गर्ने भनेर परिपक्व बनाउँछ। अभिभावकले सन्तानसँग अपेक्षा राख्नु र सन्तानले पनि अभिभावकसँग अपेक्षा गर्नु कुनै अपराध होइन।

बिहानको समय यस्ता योगासन



विजय सापकोटा
योग प्रशिक्षक
सम्बोधी योग केन्द्र

बिहान राम्रो भए दिन राम्रो हुन्छ। बिहानीलाई रमाइलो बनाउनका लागि योगले राम्रो भूमिका खेलेको हुन्छ। योग गर्दा मन शान्त रहन्छ, शरीर उत्साह र उमंगले भरिन्छ। बिहानको समयमा योग गर्दा फ्रेस महसुस हुने मात्रै होइन, शरीरको ऊर्जा पनि बढ्छ। तर, कुनै पनि योगासन विज्ञसँग परामर्श गरेर मात्रै सुरु गर्नु राम्रो हुन्छ।

सूर्य नमस्कार : शरीरलाई स्वस्थ र तन्दुरुस्त राख्नका लागि सूर्य नमस्कारको अभ्यास निकै राम्रो हुने विज्ञहरूको सुझाव छ। यसभित्र विभिन्न किसिमका योगासन हुन्छन्। बिहान सूर्यको किरणको स्पर्शमा सूर्य नमस्कार गर्नाले शरीरमा ऊर्जा र भिटामिन डी मिल्छ, जसको कारणले मानसिक तनावसमेत कम हुन सघाउँछ। त्यस्तै, तौल सन्तुलित हुन्छ। सूर्य नमस्कारबाहेक पनि अरू केही योगासनको अभ्यासले प्रभातलाई शुभ बनाउन सकिन्छ।

भुजंगासन : भुजंगासनले शरीर लचिलो बनाउँछ र ढाडलाई बलियो बनाउँछ। पेटको बोसो घटाउन पनि यो निकै प्रभावकारी छ।

ताडासन : यो आसनले घुँडालाई मजबुत बनाउँछ। शारीरिक र मानसिक सन्तुलन विकास गर्छ। करङलाई स्वस्थ राख्छ।

त्रिकोणासन : यसले एसिडिटीबाट छुटकारा दिलाउँछ। पाचन प्रक्रियालाई दुरुस्त राख्छ। चिन्ता, तनाव, कम्मर तथा पिठ्युँमा हुने दुखाइ कम गर्छ। गर्दन, पिठ्युँ, कम्मर र खुट्टाका नसा मजबुत बनाउँछ।

बालासन : केही कठिन आसनहरूको अभ्यासपछि बालासन गरेर शरीरलाई आराम प्रदान गर्न सकिन्छ। डिप्रेसन, माइग्रेनलगायत समस्या कम गर्न यसले निकै ठूलो भूमिका खेल्छ। रक्तसञ्चार ठीक गर्छ। पिठ्युँ र कम्मरको दुखाइ कम गर्छ।



पुरुषलाई सुहाउँछ पर्फेक्ट फिटिङ



पर्फेक्ट फिटिङ : तपाईंले लुज कपडा लगाउँदा उमेर धेरै भएजस्तो देखिन्छ। भर्खरको देखिनका लागि न त धेरै लुज, न धेरै टाइट अर्थात् तपाईंको शरीरमा फिट हुने कपडा लगाउनुपर्छ।

सही कलर : ब्ल्याक कलरको सुट र ह्वाइट कलरको सर्टलाई युनिभर्सल कम्बिनेसन मानिन्छ। गहुँगोरो स्किन भएकालाई साइनिङ कलर छनोट गर्दा राम्रो देखिन्छ। रंगिचंगी सर्ट रोज्नुको साटो एकै कलरको सर्ट रोज्नुभयो भने राम्रो हुन्छ। किनकि, फर्मल ड्रेसअप भनेकै सिम्पल र क्लासिक हो। त्यसैले धेरै टल्कने रङ पनि नछान्नुस्। दिउँसोको समय कुनै इभेन्टमा जाँदै हुनुहुन्छ भने ह्वाइट, लाइट ब्लुजस्ता लाइट कलरका सर्ट छान्नुस्। यदि रातको समारोह छ भने डार्क, नेभी ब्लु, मरुनजस्ता डार्क कलरका सर्ट छान्नुपर्छ। यदि सर्टमा प्याटर्न टाई गर्न चाहनुहुन्छ भने छोटो-छोटो प्याटर्नको सर्ट छान्नुहोस्।

पाइन्टको सही लेन्थ : पाइन्ट छान्दा सही लेन्थको छान्नुस्। तपाईंको पाइन्टको लेन्थ धेरै लामो भयो भने राम्रो देखिँदैन। धेरै छोटो पनि सुहाउँदैन।

घडी लगाउनुस् : फर्मल ड्रेसमा घडी पनि महत्त्वपूर्ण मानिन्छ। घडीले तपाईंको व्यक्तित्वलाई खुलाउन मद्दत गर्छ। लेदरवाला वा सिम्पल मेटल वाच लगाउनुस्।

डाइनिङ टेबल छान्दा...

तपाईं कुन आकारको टेबल किन्न चाहनुहुन्छ भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण हो। तपाईंले आफ्नो किचेनको स्पेस हेरेर यसको चयन गर्नुपर्ने हुन्छ। तपाईंको परिवारका सदस्य बस्न मिल्ने त हुनैपऱ्यो, यससँगै कहिलेकाहीं दुई-तीनजना पाहुना आउँदा पनि बस्न मिल्ने खालको डाइनिङ टेबल चयन गर्नु राम्रो हुन्छ। पहिले-पहिले डाइनिङ टेबल र कुर्सी एकसाथ आउँथ्यो, तर अहिले टेबल अलग र कुर्सी अलग किन्ने सुविधा छ। त्यसैले आफूलाई जतिजना बस्न मिल्ने टेबल मन पर्छ, त्यही किन्दा हुन्छ।



परम्परागत डाइनिङ टेबल काठबाट बनेको हुन्छ। तर, अहिले बजारमा प्लास्टिक, एक्रेलिक, मेटल, स्टोन आदि विभिन्न थरीका डाइनिङ टेबल उपलब्ध छन्। तपाईंले आफ्नो आवश्यकता र बजेट हेरेर आफूलाई मन पर्ने टेबल खरिद गर्न सक्नुहुन्छ। बजारमा विभिन्न डिजाइनका डाइनिङ टेबल आउने गर्छन्। राउन्ड डाइनिङ टेबल सबैभन्दा धेरै चलेको पाइन्छ। आवश्यक परेको खानेकुरा आफू बसेकै ठाउँमा ल्याउन मिल्ने खालका टेबल पनि हुन्छन्।

Government of Nepal
Ministry Of Home
Madesh Province Police Office
Janakpur, Dhanusha

Invitation for Online Bids

Date of Published- 2079/12/20 (03 April, 2023)

Madesh Province Police Office Janakpur, Dhanusha invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp .

SN	Contract Identification Number	Description of Works	Cost of Bidding Document	Last date and time of bid submitting electronically	Date of bid opening time and place	Bid Security	Account Details	Estimated Amount With PS And VAT
1.	MP/MPPOJ/FW/ NCB/2079-80/01	Finishing Works Of Warehouse Block at Madesh Province Police Office Janakpur, Dhanusha.	Nrs.3000.00	2023/05/03 till 12:00 Hrs from e-GP system http://bolpatra.gov.np/egp	2023/05/03 13.00 Hrs at Madesh Province Police Office, Janakpur, Dhanusha	NRS. 2,00,000.00	Account Name: Rajaswa khata- (1000200010000) Rajaswa Shirshak no. (14229) Bank Name: Rastriya Banijya Bank Janakpur,Dhanusha Office Code: (3140017022) Dharauti Account No :- (1220100202030000) Office name : Madesh Province Police Office Janakpur, Dhanusha	Nrs. 77,26,249.93
2.	MP/MPPOJ/FW/ NCB/2079-80/02	Finishing Works Of Quarter Buildings at Madesh Province Police Traffic Office Pathalaiya, Bara.				NRS. 60,000.00		Nrs. 24,15,349.19
3.	MP/MPPOJ/WORKS/ NCB/2079-80/03	Construction of Woman Cell Block at Area Police Office Ramgopalpur, Mahottari.				NRS. 75,000.00		Nrs. 28,70,838.59
4.	MP/MPPOJ/WORKS/ NCB/2079-80/04	Construction of Compound wall,Main Gate at Area Police Office Golbazar, Siraha.				NRS. 75,000.00		Nrs. 28,92,306.14
5.	MP/MPPOJ/WORKS/ NCB/2079-80/05	Construction of Mess ,Compound Wall,Duty Post,Main Gate and Earth Filling Works at PP Aurahi,Siraha				NRS. 1,25,000.00		Nrs. 48,12,722.61
6.	MP/MPPOJ/WORKS/ NCB/2079-80/06	Construction of Compound wall,Main Gate at Police Post Koiladi Barsain, Saptari.				NRS. 1,15,000.00		Nrs. 44,14,758.02
7.	MP/MPPOJ/WORKS/ NCB/2079-80/07	Construction of Compound wall,Main Gate at Police Post Bisanpur, Saptari.				NRS. 60,000.00		Nrs. 24,40,293.34

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २० चैत ०७९

कोभिडपछि पहिलोपटक महिनामै भित्रिए लाख पर्यटक

सन् २०२३ को जनवरी, फेब्रुअरी र मार्चमा आए दुई लाख २७ हजार पर्यटक

नवीन अर्याल/नयाँ पत्रिका

विश्वभर फैलिएको कोभिड महामारीपछि थलिएको पर्यटन व्यवसायमा आशा पलाउन थालेको छ। लकडाउनपछि पहिलोपटक एक महिनामा करिब एक लाख पर्यटक नेपाल भ्रमणमा आएका छन्। सन् २०२३ को मार्च महिनामा भारत, अमेरिकासहित विभिन्न देशबाट हवाईमार्ग हुँदै ९९ हजार चार सय २६ पर्यटक भित्रिएका हुन्।

कोभिडअघि सन् २०१९ को मार्च महिनासँग तुलना गर्दा पर्यटक आगमन ७८ प्रतिशत रिकभर भएको पर्यटन बोर्डले जनाएको छ। मार्च २०१९ मा एक लाख २७ हजार तीन सय ५१ पर्यटक नेपाल भ्रमणमा आएका थिए। महामारीपछि खस्किएको पर्यटक आगमन पछिल्ला महिनामा बढ्दै गइरहेको तथ्यांकले देखाउँछ। मार्च २०२० मा ४२ हजार सात सय ७६, मार्च २०२१ मा १५ हजार दुई सय ५४, मार्च २०२२ मा ४२ हजार ६ पर्यटक नेपाल भित्रिएका थिए। कोभिडपछिको तथ्यांक केलाउँदा पर्यटक आगमन लयमा फर्किने स्पष्ट संकेत देखिइसकेको पर्यटन बोर्डका निर्देशक मणि लामिछानेले बताए।

मार्च महिनामा सबैभन्दा बढी पर्यटक भारतबाट भित्रिएका छन्। एक महिनाको अवधिमा २५ हजार नौ सय ११ भारतीय पर्यटक भ्रमणमा आएका हुन्, जुन कुल पर्यटक संख्याको २६ प्रतिशत हो। अमेरिकाबाट एक महिनामा नौ हजार पाँच सय ५७ पर्यटक भित्रिए दोस्रो ठूलो पर्यटन बजार बनेको छ। बेलायतबाट ६ हजार एक सय ३३ पर्यटक भित्रिएका छन् भने जर्मनीबाट चार हजार एक सय ४९ पर्यटक भित्रिएको पर्यटन बोर्डको तथ्यांक छ। 'भारतीयपछि सबैभन्दा बढी पर्यटक भित्रिनेमा अमेरिकन छन्, युरोपबाट आउने पर्यटकको संख्या पनि बढेको देखिन्छ,' निर्देशक लामिछानेले भने, 'पश्चिमा मुलुकहरूबाट पर्यटक आगमन बढ्नु सुखद संकेत हो।'

यस्तै, श्रीलंकाबाट तीन हजार आठ सय ९८, थाइल्यान्डबाट तीन हजार आठ सय २९, अस्ट्रेलियाबाट तीन हजार ६ सय ३५, फ्रान्सबाट तीन हजार नौ, चीनबाट दुई हजार ६ सय ३५, साउथ कोरियाबाट दुई हजार ६ सय ३९ पर्यटक भित्रिएका छन्। कोभिडपछि ठप्प भएको चिनियाँ पर्यटक आगमन पछिल्लो दुई-तीन महिनायता बढ्न थालेको देखिन्छ। चिनियाँ सरकारले आफ्ना नागरिकका लागि भ्रमणमा निस्कने देशको सूचीमा नेपाललाई पनि समेटेको छ। 'चिनियाँ पर्यटकको आगमन बढ्दै गइरहेको छ। छिट्टै चिनियाँ पर्यटक आगमनले पनि पुरानै लय समाल्ने विश्वास छ,' निर्देशक लामिछानेले भने।

क्षेत्रगत रूपमा मार्च महिनामा सार्क मुलुकबाट ३३ हजार चार सय ५४, अन्य एसियाली मुलुकबाट १५ हजार ६ सय ४३, युरोपेली मुलुकबाट २३ हजार दुई सय ६५, ओसियानाबाट तीन हजार नौ सय ५८, अमेरिका र क्यानडाबाट ११ हजार पाँच सय ५७, मध्यपूर्वी मुलुकबाट एक हजार चार सय ६७ र अन्य मुलुकबाट १० हजार तीन सय ७५ पर्यटक नेपाल भ्रमणमा आएको तथ्यांकले देखाउँछ।

■ तीन महिनामा सवा दुई लाख पर्यटक

सन् २०२३ को पहिलो तीन महिनामा कुल दुई लाख २७ हजार सात सय ५५ पर्यटक नेपाल भ्रमणमा आएको तथ्यांक छ। जबकि, सन् २०२२ मा वर्षभरि ६ लाख १४ हजार पर्यटक नेपाल आएका थिए। पर्यटन बोर्डका अनुसार यस वर्ष जनवरीमा ५५ हजार ७४, फेब्रुअरीमा ७३ हजार दुई सय ५५ र मार्चमा ९९ हजार चार सय २६ पर्यटक भित्रिएका छन्।

सन् २०१९ सँग तुलना गर्दा २०२२ मा पर्यटक आगमन आधाभन्दा बढी रिकभर भइसकेको देखिन्छ। सन् २०१९ मा इतिहासकै सबैभन्दा धेरै करिब १२ लाख पर्यटक नेपाल भित्रिएका थिए। पर्यटक आगमनले उचाइ समातिरहेको वेलामा एक्कासि फैलिएको कोभिड महामारीले पर्यटन उद्योग थला परेको हो। यही अनुपातमा पर्यटक बढ्दै गइरहे सन् २०२३ मा नौदेखि १० लाख पर्यटक नेपाल भित्रिने अनुमान गर्न सकिन्छ।

■ तर, होटेल व्यवसायीमा छैन उत्साह


पर्यटक आगमन बढ्दै गइरहे पनि होटेल व्यवसायी उत्साहित देखिएका छैनन्। अधिकांश होटेलको अकुपेन्सी औसतमा २५ प्रतिशत मात्रै रहेको होटेल संघ नेपाल (हान)की अध्यक्ष सिर्जना राणाको जिकिर छ। 'एउटा होटेल-रिसोर्ट ब्रेकइभनमा सञ्चालन हुन करिब ३५ देखि ४० प्रतिशत अकुपेन्सी चाहिन्छ,' हानका प्रथम उपाध्यक्ष विनायक शाहले भने, 'सिजनमै होटेल खाली हुनु पक्कै पनि सुखद होइन।'

अहिले सञ्चालनमा रहेका होटेलमा आम्दानी नहुँदा टिक्नै नसक्ने अवस्थामा रहेको बाराही ग्रुपका अध्यक्ष विप्लव पौडेलले बताए। 'निर्माणाधीन होटेल पेन्डिङमा राख्नुपरेको छ, सञ्चालनमा आएका होटेल खर्च धान्न नसकेर बन्द गर्नुपर्ने अवस्था छ,' उनले भने, 'यदि नेपाल राष्ट्र बैंकले होटेल तथा रिसोर्टले लिएको कर्जालाई पुनर्संरचना र पुनर्तालिकिकरण नगरे धेरै होटेल बन्द हुने देखिन्छ।' यतिवेला ९० प्रतिशत अकुपेन्सी हुनुपर्ने पोखराका होटेलमा १५-२० प्रतिशत मात्रै अकुपेन्सी रहेको उनको भनाइ छ।

भैरहवामा पाँचतारे होटेल पवन प्यालेस सञ्चालन गरिरहेका पवनकुमार हलुवाई पनि कोभिडपछि सहज अवस्था नआएको बताउँछन्। 'भैरहवा एयरपोर्ट बन्ने भएपछि हतार-हतार होटेल बनाएँ, मलाई लाग्यो कि चाँडै होटेल सञ्चालनमा ल्याएँ भने त्यसको फाइदा पनि हुनेछ,' उनले भने, 'तर, एयरपोर्ट राम्रोसँग नचल्दा होटेलमा सञ्चालन खर्च पनि निकाल्न मुस्किल परिरहेको छ।'

पछिल्लो समय होटेल तथा रिसोर्टको आपूर्ति बढेपछि अहिले आइरहेका पर्यटकले धान्न नसकेको पर्यटन बोर्डका निर्देशक लामिछानेको बुझाइ छ। तर, कतिपय पाँचतारे होटेल भने राम्रै अकुपेन्सीमा सञ्चालन भइरहेका छन्। सभा-सम्मेलन, बिहा, भोज बढेका कारण होटेलमा ब्यांक्वेट बिजनेस पनि बढेको उनको भनाइ छ।

सरकारले २० लाख पर्यटक भित्र्याउने महत्वाकांक्षी लक्ष्यसहित सन् २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने घोषणा गरेपछि हस्पिटालिटी उद्योगमा ठूलो लगानी ओइरिएको थियो।



स्रोत : पर्यटन बोर्ड

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक



■ पर्यटक आगमन बढ्दो ट्रेन्डमा छ

● **मणि लामिछाने**, निर्देशक, नेपाल पर्यटन बोर्ड

तथ्यांकले पर्यटक आगमन बढ्दै गइरहेको देखाउँछ। कोभिडअघि सन् २०१९ सँग तुलना गर्दा रिकभरी पनि बढिरहेको छ। सन् २०२३ कै जनवरीमा रिकभरी रेट करिब ७०-७२ प्रतिशत रहेकोमा फेब्रुअरीमा करिब ७४-७५ प्रतिशत पुग्यो भने पछिल्लो महिना मार्चसम्म आइपुग्दा ७८ प्रतिशत पुगेको छ। ट्रेकिङ र एक्स्पडिसनको सिजन सुरु भएको हुँदा अप्रिलमा रिकभरी दर ८५ प्रतिशतसम्म पुग्न सक्छ। अमेरिकन र युरोपेली देशबाट पर्यटक आगमन बढ्दै गइरहेको छ। चिनियाँ मार्केट पनि सुधार हुँदै छ। फेब्रुअरीमा २२ सय ६६ चिनियाँ आएकोमा मार्चमा २६ सय ३५ पुगेका छन्। यसपटक अमेरिकन र युरोपियन पर्यटक धेरै आउँदा थप उत्साह देखिएको छ। भारत र चीनबाट यसै पनि पर्यटक आइहाल्छन्। थाइल्यान्डबाट पनि पर्यटक बढ्न थालेका छन्।

यात्रुलाई नेपालगन्जमा अलपत्र पार्ने सीता एयरमाथि छानबिन

काठमाडौं/ दाङबाट काठमाडौं आउने यात्रुलाई नेपालगन्जमा लगेर अलपत्र पार्ने सीता एयर प्रालिमाथि नियमनकारी निकायले छानबिन प्रक्रिया अगाडि बढाएको छ। १५ चैतमा दाङबाट काठमाडौं उड्नुपर्ने जहाजले विनाजानकारी नेपालगन्जमा अवतरण गरी यात्रुलाई अलपत्र छाडेर हुम्ला उडान गरेको थियो।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले सीता एयरले यात्रुलाई अलपत्र पारेर अन्य सेक्टरमा उडान गर्न गएको विषयमा ध्यानाकर्षण भएको र छानबिन प्रक्रिया अगाडि बढाएको जनाएको छ। यदि छानबिनका क्रममा सीता एयरको लापरबाही भेटिएमा कानुनबमोजिम कारबाही गर्ने क्यानले जनाएको छ।

नबिल बैंक लिमिटेड, दल्दले शाखा, नवलपरासीं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/१२/२०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

औद्योगिक व्यवसाय ऐन २०७३ तथा औद्योगिक व्यवसाय नियमावली २०७६ बमोजिम प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व)मा, मिति २०७८/०४/१८ मा दर्ता.नं. २०२८/०७८/०७९ अन्तर्गत दर्ता भएको **श्री पर्वत आल्मुनियम एण्ड स्टील वर्कशप।**

ठेगानाः नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला देवचुली नगरपालिका वडा नं १, क्यौरेनी चोक नवलपरासी ।

ऋणी फर्मका प्रोप्राइटरः भुवन सिं के.सीको नाति चन्द्र बहादुर के.सीको छोरा नवलपरासी जिल्ला दिव्यपुरी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १ बस्ने नागरिकता नं. ३६२०१३/१५८४, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नवलपरासी, मिति : बि.सं. २०७०/०४/२२ भएको **श्री पर्वत के.सी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. टेक बहादुर के.सीको नाति भुवन सिं के.सीको छोरा नवलपरासी जिल्ला दिव्यपुरी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १ बस्ने नागरिकता नं. ७८९५२, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नवलपरासी, मिति : बि.सं. २०४६/०३/०८ भएको **श्री चन्द्र ब. के.सी।**

२. रोली प्रसाद क्षेत्रीकी छोरी, भुवन सिं के.सीकी बुहारी, चन्द्र बहादुर के.सीकी श्रीमती नवलपरासी जिल्ला, दिव्यपुरी गाँउ पञ्चायत.न.पा वडा नं. ३ घर भई हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ७८९६३ (जारी मितिः २०४६/०३/०८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नवलपरासी) भएकी **श्रीमती धन कुमारी के.सी.।**

३. भुवन सिं के.सीको नाति चन्द्र बहादुर के.सीको छोरा नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १ बस्ने नागरिकता नं. ३६-०२-७४-००७६६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नवलपरासी, मिति : बि.सं. २०७४/०२/०८ भएको **श्री सुरज के.सी. ।**

४. भद्र बहादुर थापा क्षेत्रीको छोरी चन्द्र बहादुर के.सीकी बुहारी, पर्वत के.सीकी श्रीमती स्याङ्जा जिल्ला बालिङ न.पा. वडा नं ९ स्थायी घर भई हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १ बस्ने नागरिकता नं.४२२०४१/९/३३ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: स्याङ्जा, मिति : बि.सं. २०७०/०४/२१ भएकी **श्री दिपा थापा।**

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः

नवलपरासी जिल्ला दिव्यपुरी गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं. १ बस्ने **श्री चन्द्र बहादुर के.सी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला सिसवार गा.वि.स वडा नं. ६ सिट नं. ६ग मा अवस्थित कि.नं. ५८९ क्षेत्रफल ०-८-१९-० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

महासंघको वरिष्ठ उपाध्यक्षमा संघाईको उम्मेदवारी

उमेशलालले सोमबार उम्मेदवारी दिँदै, अन्जन पनि अन्तिम कसरतमा

नयाँ पत्रिका
काठमाडौं, १९ चैत

नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा रामचन्द्र संघाईले उम्मेदवारी दर्ता गरेका छन्। महासंघले आसन्न अधिवेशनका लागि आइतबारदेखि उम्मेदवारको मनोनयन दर्ता खुला गरेको छ। त्यसमा महासंघका वर्तमान एसोसिएट उपाध्यक्ष संघाईले वरिष्ठ उपाध्यक्षमा पहिलो उम्मेदवारी दर्ता गरेका हुन्।

साथै, उनले आइतबार नै आफ्नो प्यानल घोषणा गरेका छन्। उनको प्यानलबाट जिल्ला नगर उपाध्यक्षमा सुरकृष्ण वैध, वस्तुगत उपाध्यक्षमा महासंघका वर्तमान कोषाध्यक्ष सकुन्तलाल हिराचन र एसोसिएट उपाध्यक्षमा ज्योत्स्ना श्रेष्ठले उम्मेदवारी घोषणा गरेकी छिन्।

महासंघको ५७औँ वार्षिक साधारणसभा तथा अधिवेशन यही चैत २८ र २९ गते काठमाडौंमा हुँदै छ। महासंघमा वरिष्ठ उपाध्यक्ष नै स्वतः अध्यक्ष हुने व्यवस्था छ। सोहीअनुसार



वर्तमान वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल महासंघको अध्यक्ष बन्दै छन्। साथै, अर्कोपल्टको नेतृत्व लिने उद्देश्यसहित व्यवसायीहरू वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी दिने तयारीमा छन्। महासंघको अधिवेशनका लागि यही २१ चैतभित्र उम्मेदवारी दिइसक्नुपर्नेछ।

■ को-को छन् अन्य प्रत्याशी ?

महासंघको वरिष्ठ उपाध्यक्षमा व्यवसायी उमेशलाल श्रेष्ठ र अन्जन श्रेष्ठ पनि तयारीमा छन्। श्रेष्ठले सोमबार प्यानलसहित उम्मेदवारी घोषणा गर्दै छन्। उनको प्यानलबाट दिनेश श्रेष्ठले जिल्ला नगरतर्फको उपाध्यक्षमा उम्मेदवारी दिँदै छन्। यसैगरी, वस्तुगततर्फको उपाध्यक्षमा हेमराज ढकाल र एसोसिएटतर्फको उपाध्यक्षमा भरतराज आचार्य रहेका छन्।

यस्तै, अन्जन श्रेष्ठ पनि चाँडै प्यानल घोषणा गर्ने तयारीमा छन्। उनको टिमबाट वस्तुगत उपाध्यक्षमा मनीषलाल प्रधान, जिल्ला नगर उपाध्यक्षमा अरुण सुमार्गी र एसोसिएट उपाध्यक्षमा प्रबलजंग पाण्डे उम्मेदवार हुने चर्चा छ। संघाई टिमकी एसोसिएट उपाध्यक्षकी उम्मेदवार ज्योत्स्नाले यसअघि अन्जनकै टिमबाट उम्मेदवारी दिने तयारी थियो। अन्तिम समयमा आएर उनले प्यानल परिवर्तन गरेकी हुन्।

लघुवित्तका समस्या अध्ययन गर्न समिति

काठमाडौं/ नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाको समस्या समाधानका लागि अध्ययन गर्न एक समिति गठन गरेको छ। केन्द्रीय बैंकको सञ्चालक समितिले असारसम्म प्रतिवेदन बुझाउने म्याद राखेर समिति बनाएको राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले जानकारी दिए। आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा दुईजना विज्ञ सदस्य, लघुवित्त बैंकर्स एसोसिएसनका अध्यक्ष प्रकाशराज शर्मा, बैंक तथा वित्तीय संस्था नियमन विभागका एक निर्देशक, लघुवित्त वित्तीय संस्था सुपरिवेक्षण विभाग, संघका सदस्य सम्मिलित सात सदस्य समिति बनेको छ। विज्ञ सदस्यमा अच्युतहरि अर्याल र डा. भरत थापा छन्। समितिले लघुवित्त वित्तीय संस्थाको वर्तमान समस्या र यो समस्या समाधान गर्न चाल्नुपर्ने कदमहरूबारे सुझावसमेत मागेको छ। २० वैशाखभित्र सुझाव पठाउन केन्द्रीय बैंकले आह्वान गरेको छ।

के-के छन् कार्यादेश ?

समितिलाई अध्ययनका लागि सञ्चालक समितिले चारवटा कार्यादेश दिएको छ। पहिलोमा लघुवित्तमा देखिएका वर्तमान समस्या पहिचान गरी त्यसका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन समाधानका उपाय पहिल्याउने रहेको छ।

त्यस्तै, देशमा आवश्यक लघुवित्त वित्तीय संस्थाको संख्या निर्क्योल गर्ने पनि कार्यादेश दिइएको छ। अहिले देशभर ६४ वटा लघुवित्त वित्तीय संस्थाहरू सञ्चालनमा छन्।

राष्ट्र बैंकले लघुवित्तमा देखिएका समस्या समाधान गर्न गत फागुन ८ गते निर्देशन पनि जारी गरेको थियो। तर, सो निर्देशन केन्द्रीय बैंकको नियमित कर्मकाण्डजस्तो मात्रै भएको लघुवित्त बैंकर्स एसोसिएसनका अध्यक्ष प्रकाशराज शर्माले बताए। उनले भने, 'केन्द्रीय बैंकले आफ्नो नियमित कामका रूपमा त्यो निर्देशन दिएको थियो। तर, आर्थिक मन्दीका कारण निष्क्रिय कर्जा बढ्न थालेको छ। यसले लघुवित्तको वासलातमा समेत समस्या परेको छ।'

आउँदो रोपाइँमा पनि मल अभाव हुने संकेत

आगामी धानखेतीमा रासायनिक मल जुटाउन सरकारलाई चुनौती



भोजराज भण्डारी/नयाँ पत्रिका

हरेक वर्ष मलको चरम अभाव व्यहोरिरहेका किसानले आउँदो रोपाइँमा पनि रायायनिक मल सहजै नपाउने सम्भावना देखिएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार हालसम्म जिटुजीसहित तीन लाख ३१ हजार मेट्रिकटन मल खरिदको व्यवस्थापन भएको छ। खरिद व्यवस्थापन भएकोमध्ये पनि दुई लाख ३७ हजार पाँच सय मेट्रिकटन मात्रै आयात भएको छ। अझै ९४ हजार मेट्रिकटन मल आउन बाँकी छ। कृषि मन्त्रालयका अनुसार नेपालमा कुल पाँच लाख २० हजार मेट्रिकटन मल आवश्यक पर्छ। युरिया, डिएपी र पोटास गरेर जेठदेखि असोजसम्म मात्रै दुई लाख ४९ हजार मेट्रिकटन मल चाहिन्छ। विशेष गरी जेठमा धानको बिउ राख्ने वेलादेखि साउनको अन्तिम महिनासम्म धान रोपाइँ हुने र पसाउने समय असोजसम्म मलको सबैभन्दा बढी माग हुन्छ। हरेक वर्ष मलको माग करिब २ प्रतिशतले बढ्ने मन्त्रालयको भनाइ छ।

धान बाली विशेषज्ञ उज्ज्वल कुशहवाले मलको माग बाली लगाउने हरेक समयमा बढ्छ र मौसमले पनि त्यसको प्रभाव पार्छ। उनले भने, 'यस समयमा डिएपी मल र रासायनिक मल खपत हुन्छ, चियाखेती, उखु र तरकारीमा बढी खपत हुन्छ।'

त्यस्तै, चैते धानका लागि यतिवेला मलको माग भइरहेको छ। वैशाखमा रोपिने धानका लागि मलको आवश्यकता पर्ने मुख्य समय रहेको कृषि मन्त्रालयको भनाइ छ। माघदेखि वैशाखसम्ममा धान, मकै, तरकारी आदिको सिजनमा ९४ हजार मेट्रिकटन मल चाहिने अनुमान छ। कृषक समूह महासंघका अनुसार चैते धानका लागि करिब ४० मेट्रिकटन मल आवश्यकता पर्ने बताए।

मल अनुदानमा आर्थिक भार

मल आयातमा दिएको अनुदान रकमले राज्यलाई आर्थिक भार परेको भन्दै घटाए पनि चौतर्फी विरोध भएपछि सरकार पछि सर्न बाध्य भयो। पुरानै अनुदान पुनः कायम रहेपछि सरकारले पुनः आर्थिक भारको सामना गर्नुपर्ने देखिएको छ।

यसले पनि आगामी दिनमा मल ल्याउन चुनौती हुन सक्ने मन्त्रालयका एक अधिकारीले बताए। तर, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले भने मल अभाव हुन नदिने बताए। उनले भने, 'मल ल्याउन चुनौती हुन्छ, तर यसपटक त्यो चुनौतीलाई चिरेर आन्तरिक वितरणदेखि आयातको अवस्थालाई लिएर पक्रिया अघि बढाएका छौं।'

कृषि मन्त्रालयका अनुसार पाँच लाख २० हजार मेट्रिकटन मलका लागि सरकारले दिने अनुदान रकममा ४४ अर्ब २५ करोड खर्च हुन्छ। सरकारले युरियामा प्रतिकेजी १४ रुपैयाँ, डिएपीमा ४३ रुपैयाँ र पोटासमा ३१ रुपैयाँ अनुदान दिँदा सो र कमको अनुदान बाहिरिने गरेको हो।

अघिल्लो वर्ष ०७८/०९ मा एक लाख ९१ हजार पाँच सय ६२ मेट्रिकटन मल आयात भएको थियो। सरकारले मुख्य बालीका रूपमा रहेको धानका लागि मलको अभाव नहोस् भनी आगामी वर्षका लागि सात अर्ब ५० करोड रुपैयाँ सुनिश्चित गरिएको छ।

अर्थतन्त्र उकास्ने सुझावसहित नवनियुक्त अर्थमन्त्रीसँग निजी क्षेत्रको भेट

'अर्थतन्त्रमा सुधार ल्याउँछु, साथ चाहिन्छ'

नयाँ पत्रिका
काठमाडौं, १९ चैत

निजी क्षेत्रका संगठनहरू नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघका प्रतिनिधिमण्डलले नवनियुक्त अर्थमन्त्री डा. प्रकाशशरण महतसँग भेट गरेका छन् । आइतबार महासंघ र परिसंघका प्रतिनिधिमण्डलले अर्थमन्त्री डा. महतसँग छुट्टाछुट्टै भेट गरेका हुन् ।

भेटमा महासंघ र परिसंघका पदाधिकारीले अर्थतन्त्रमा देखिएको संकटबारे ध्यानाकर्षण गराएका छन् । साथै, अर्थतन्त्र उकास्नका लागि विभिन्न सुझावसमेत पेस गरेका छन् । महासंघका अध्यक्ष शेखर गोल्छाले अर्थतन्त्रको पछिल्लो अवस्थाबारे संक्षिप्त जानकारी दिँदै ब्याजदर घटाउनुपर्ने सुझाव दिएका थिए । यसका लागि केन्द्रीय बैंक र सरकारको संयुक्त पहलमा बजारमा तरलता प्रवाह गर्नुपर्ने उनको भनाइ थियो । साथै, सरकारले सहकारी र लघुवित्तमा तरलता प्रवाह बढाउने गरी काम अघि बढाउनुपर्नेमा उनको जोड थियो ।

अध्यक्ष गोल्छाले खर्च बढाउन पनि सरकारलाई सुझाव दिएका छन् । अहिले सकारी खर्च निकै सुस्त छ । फलस्वरूप बजारमा तरलता प्रवाह हुन सकेको छैन । यसैकारण सरकारी खर्च बढाउनुपर्ने महासंघको सुझाव छ । अहिले राजस्व कम उठेको, चालू खर्च धान्न मुस्किल पर्न थालेको अवस्था भएकाले बाहिरी ऋण उठाएर भए पनि खर्च गर्नुपर्ने गोल्छाको सुझाव थियो । साथै, यसरी लिएको ऋण विकास खर्चमा मात्रै प्रयोग गर्नुपर्ने उनले बताए । अध्यक्ष गोल्छाले विदेशबाट पैसा भित्र्याउनका लागि दाताहरूसँग पहल गर्नुपर्ने बताउँदै स्थानीय दाताहरूसँग समेत सम्मेलन गर्न आग्रह गरेका थिए ।





■ के भने अर्थमन्त्रीले ?

महासंघसँगको भेटमा मन्त्री डा. महतले समस्याग्रस्त अर्थतन्त्र सुधार्ने आफ्नो पहिलो प्राथमिकता र प्रतिबद्धता रहेको बताए । यसमा निजी क्षेत्रका छाता संस्थाको सुझाव र सहकार्यबाट आफू अगाडि बढ्ने उनको भनाइ थियो । अर्थमन्त्री डा. महतले भने 'तपाईंहरूको मनोबल घट्न दिन्न, तपाईंहरूसँग निरन्तर संवादमा रहन्छु । मैले अर्थतन्त्रलाई सुधार गर्न गरेको प्रतिबद्धता पूरा गर्न तपाईंहरूबाट पूर्ण सहयोग पाउने अपेक्षा गरेको छु ।'

यस्तै, परिसंघसँगको भेटवार्तामा अर्थमन्त्री डा. महतले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताए । उनले भने, 'अर्थतन्त्र सुधारका लागि सकारात्मक सेन्टिमेन्ट निर्माण गर्न पूर्ण रूपमा लाग्नेछौं । जहाँबाट समस्या आएको छ, त्यहींबाट सुधार गर्न तयार छौं । त्यसमा तपाईंहरूको पनि सहयोग आवश्यक पर्छ ।' यसका लागि परिसंघसँग सहकार्य गर्ने पनि उनको भनाइ थियो ।

त्रसित पार्न नहुने भन्दै उनले निजी क्षेत्रको मनोबल उच्च बनाएर अगाडि बढ्ने वातावरण तयार पार्नसमेत सुझाव दिएका थिए ।

यस्तै, परिसंघले नवनियुक्त अर्थमन्त्री डा. महतलाई अर्थतन्त्रमा तत्काल सुधार ल्याउन १० बुँदे सुझाव दिएको छ । परिसंघका अध्यक्ष अग्रवालले हालको चुनौतीपूर्ण अर्थतन्त्रमा तत्काल सुधार ल्याउन ब्याजदर घटाइनुपर्ने, तरलता सहज गराइनुपर्ने, लगानीका लागि प्रोत्साहन गर्नुपर्ने बताए । यी तीन विषयलाई केन्द्रमा राखेर उच्च मनोबलका साथ काम हुन पाएमा अर्थतन्त्रमा छिटो सुधार आउने उनको भनाइ थियो । ब्याजदर घटाउन एवं तरलताको स्थिति सहज बनाउन सिआरआर ३ प्रतिशतमा झारिनुपर्ने, नीतिदर र बैंकदर घटाइनुपर्ने, बैंक तथा वित्तीय संस्थामा रहेको स्थानीय तहको सञ्चित कोषमा भएको मौज्दात रकमको शतप्रतिशत निक्षेपका रूपमा गणना गर्ने व्यवस्था गर्नुपर्ने उनको सुझाव थियो ।

यस्तै, मुद्दती खाता र बचत खाताको ब्याजदरको अन्तर अधिकतम ५ प्रतिशत हुने व्यवस्था हटाउनुपर्ने, सेयर बजार तथा घरजग्गामा जाने मार्जिन ल्यान्डिङमा जोखिमभार १०० प्रतिशतमा झारिनुपर्ने सुझाव पनि परिसंघले दिएको छ । निर्माण क्षेत्रमा दिइनुपर्ने भुक्तानी छिटो निकासा गराउन पनि परिसंघले सुझाव दिएको छ । यसले बजारमा तरलता बढाउन सहयोग पुग्ने परिसंघको भनाइ छ ।

नेपाली सेनाको हिमाल सफाइ अभियानमा युनिलिभरको सहकार्य

नयाँ पत्रिका
काठमाडौं, १९ चैत

युनिलिभरले नेपाली सेनाले सञ्चालन गर्ने हिमाल सफाइ अभियानमा सहकार्य गर्ने भएको छ । कम्पनीले 'विश्वलाई दिगो साझा वासस्थान बनाउने' प्रतिबद्धताको एक अंशका रूपमा, 'हिमाल सरसफाइ अभियान २०२३' मा नेपाली सेनासँग सहकार्य गरेको हो ।

नेपालका लागि जे राम्रो छ, त्यसको पक्षमा उभिने र विश्वास गर्ने हुनाले हिमालयलाई फोहोरबाट स्वच्छ राख्न राष्ट्रिय सरसफाइ कार्यक्रमसँग तेम्रो सहकार्य गरेको युनिलिभरले जनाएको छ । हिमालको संरक्षण गर्ने र चुचुरा-हिमालहरू सरसफाइ गरी जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उद्देश्यले बहुपक्षीय कार्यक्रम सञ्चालन गरिएको कम्पनीको भनाइ छ ।

यस वर्षको अभियानअन्तर्गत सगरमाथा, ल्होत्से, अन्नपूर्ण, बरुणत्से हिमालहरूको सफाइ गर्दै ३५ टन फोहर संकलन गर्ने लक्ष्य राखेको जनाइएको छ । फोहोरमुक्त विश्वका लागि चक्रिय आर्थिक प्रणालीको दृष्टिकोण रणनीतिको केन्द्रमा रहँदै आएको युनिलिभरले जनाएको छ ।

हिमाल सफाइमा सहकार्यको घोषणा गर्दै युनिलिभर नेपाल लिमिटेडका प्रबन्ध निर्देशक अम्लान मुखर्जीले भने, 'यो निरन्तर सहकार्यमार्फत हामीले यस वर्ष फोहोर संकलन, छुट्याउने, सञ्चित फोहोरको पुनः प्रयोगमा नयाँ कीर्तिमान कायम गर्ने लक्ष्य राखेका छौं ।' नेपाललाई आफ्ना शिखरहरूका लागि गौरव कायम राख्न सहयोग गरी नेपालको सेवामा क्रियाशील रहेका कारण यसका लागि हिमालहरूको सफाइभन्दा अर्को राम्रो कारण फेला नपारेको उनको भनाइ थियो ।

ग्लोबल आइएमई बैंकले ल्यायो ह्याप्पी आवर्स योजना

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकका लागि ह्याप्पी आवर्स योजना सार्वजनिक गरेको छ । बैंकले ग्लोबल स्मार्ट प्लसबाट अनलाइन भुक्तानी गर्दा खरिदको २० प्रतिशतसम्म क्यासब्याक पाउने योजना ल्याएको हो ।

मोबाइल बैंकिङ एप्लिकेसन ग्लोबल स्मार्ट प्लसबाट तथा क्युआरमार्फत गरिने भुक्तानी प्रक्रियालाई प्रवर्द्धन गर्नका लागि क्यासब्याक योजना ल्याएको बैंकले जनाएको छ । योजनाअन्तर्गत ग्लोबल स्मार्ट प्लसबाट अनलाइन भुक्तानी गर्दा ग्राहकले क्यासब्याक पाउने जनाइएको छ । चैत १९ देखि वैशाख १६ गतेसम्म लागू हुने योजनामा प्रत्येक दिनको पहिलो भुक्तानीमा मात्र क्यासब्याक प्राप्त हुने जनाइएको छ । प्रत्येक दिनका लागि फरक-फरक भुक्तानीमा क्यासब्याक पाइने उल्लेख छ ।

योजनाअनुसार सोमबार बेलुका सातदेखि १० बजेसम्म टिभीको बिल भुक्तानीमा २० प्रतिशत वा अधिकतम एक सय रुपैयाँ क्यासब्याक प्राप्त हुने जनाइएको छ । त्यस्तै, मंगलबार बेलुका सात बजेदेखि १० बजेसम्म इन्टरनेटको बिल तिर्दा २० प्रतिशत वा अधिकतम एक सय रुपैयाँ, बुधबार बेलुका सात बजेदेखि १० बजेसम्म हवाईजहाजको टिकट खरिद गर्दा २० प्रतिशत वा अधिकतम दुई सय रुपैयाँ र शनिबार बिहान सात बजेदेखि बेलुका सात बजेसम्म केबलकारको टिकट खरिद गर्दा २० प्रतिशत वा अधिकतम दुई सय रुपैयाँ क्यासब्याक पाउने बैंकले जनाएको छ ।

बैंकले हाल देशका ७७ वटै जिल्लामा तीन सय ६४ शाखा, तीन सय ६३ एटिएम, तीन सय २१ शाखारहित बैंकिङ सेवा, ५४ एक्सटेन्सन तथा राजस्व काउन्टरका साथै तीन वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ ।

टिसिएलको 'नगद वृष्टि' योजना सार्वजनिक

काठमाडौं/ एन्ड्रोइड टिभी ब्रान्ड टिसिएलले यो नयाँ वर्षलाई लक्षित गरेर 'टिसिएल नगद वृष्टि' योजना सार्वजनिक गरेको छ । कम्पनीले टिसिएलका होम इन्टरटेन्मेन्ट र होम एप्लायन्सका उत्पादनहरू खरिद गर्दा आकर्षक नगद छुट र उपहारहरू प्राप्त गर्न सक्ने योजना ल्याएको हो ।

सीमित समयका लागि देशभर लागू हुने योजनामा ग्राहकले टिसिएलका कुनै पनि सामानको खरिदमा ६१ हजार तीन सय रुपैयाँसम्मको छुट पाउन सक्ने उल्लेख छ । वासिङ मेसिन खरिदमा नगद छुटका साथै ६ केजीको एरियल म्याटिक वासिङ पाउडर उपहार पनि पाउने कम्पनीको भनाइ छ ।

त्यस्तै, एयर कन्डिसनरको खरिदमा नगद छुटका साथै चार हजार रुपैयाँबराबरको निःशुल्क एसी जडान सुविधा पनि पाउन सक्ने जनाइएको छ । यसका साथै कम्पनीले फ्री डेलिभरी, फ्री इन्स्टलेसन एन्ड डेमो र शून्य प्रतिशतमा फाइनान्स सुविधा पनि प्रदान गरेको जनाएको छ ।

माउन्टेन डिउको नयाँ टिभिसी सार्वजनिक

काठमाडौं/ माउन्टेन डिउले ब्रान्ड सद्भावनादूत अनुपविक्रम शाही अभिनीत आफ्नो नयाँ विज्ञापन चलचित्र सार्वजनिक गरेको छ । जिन्दगीभन्दा ठूलो, अत्यन्त जोखिमयुक्त स्टन्ट र प्रेरणादायी कथा भएको नयाँ प्रचार अभियानले ब्रान्डको विद्यमान 'डरको अगाडि जित छ' भन्ने मान्यतालाई निरन्तरता दिँदै नेपाली उपभोक्तामाझ अझ व्यापक बनाउने विश्वाससहित टिभिसी सार्वजनिक गरेको हो ।

विज्ञापनमा अनुपले एउटा कार्गो प्लेनमा एकदमै उच्च स्थानबाट यसभन्दा अघि कहिल्यै नगरेको विनासहायता हाम फाल्ने स्टन्ट गर्न लागेबाट सुरु हुने जनाइएको छ । त्यो स्टन्टको टेलिभिजनमा प्रत्यक्ष प्रसारण भइरहेको र जब उसको समूहले स्टन्टको जोखिम स्थानमा औंल्याउँछ, तब उनले आफ्नो अगाडि आएको छनोटको मूल्यांकन गरेर चिन्ता लिएको देखाइएको छ । त्यसपछि माउन्टेन डिउको एक चुस्की पिएपश्चात् उसको मुहारमा दृढता आउने र चुनौतीको सामना निर्धक्कपूर्वक गरी सबैसामु ऊ विजेता बनेर उभिएको देखाइएको छ ।

फिल्ममा माउन्टेन डिउको विश्वासलाई दर्साइएको कम्पनीको भनाइ छ । जसअनुसार अगाडि आइपरेका चुनौती सामना गर्नुपर्दा डरदेखि डराएर भाग्ने अथवा डरलाई जितेर अगाडि बढ्ने भन्ने रोजाइलाई दर्साइएको कम्पनीको भनाइ छ । पेप्सीको नेपालका लागि वरिष्ठ मार्केटिङ डाइरेक्टर अनुज गोयलले 'डरको अगाडि जित छ' भन्ने वाक्यका साथ माउन्टेन डिउले सधैं नै जोखिम मोल्नेहरूलाई सम्मान गर्दै आएको र ग्राहकलाई उनीहरूको डरसँग जुध्नेर, कठिनाइहरूको सामना गर्दै सफलता चुम्न हौस्याउँदै आएको बताए ।

आइएमई एजेन्ट्समार्फत अन्तर्राष्ट्रिय हवाई टिकट खरिद गर्न सकिने



काठमाडौं/ आइएमई लिमिटेड तथा आइएमई डिजिटल सोलुसन लिमिटेडका एजेन्टमार्फत हवाई यात्रुहरूले सजिलै अन्तर्राष्ट्रिय हवाई टिकट काट्न पाउने भएका छन् ।

कम्पनीले देशभरि छरिएर रहेका आइएमईका हजारौं एजेन्ट्ससँग यात्रुहरूले सुपथ मूल्यमा अन्तर्राष्ट्रिय हवाई टिकट खरिद गर्न सक्ने व्यवस्था गरेको हो ।

यसका साथै साझेदार एजेन्टहरूले 'आइएमई-एजेन्ट पोर्टल'मार्फत नै अन्तर्राष्ट्रिय हवाई टिकटको मूल्य, उडानको तालिका हेर्न तथा तुलना गर्न सक्ने व्यवस्था मिलाएको जनाइएको छ । यस सेवामार्फत समग्र पर्यटन उद्योगको विकास तथा प्रवर्द्धनमा टेवा पुग्ने कम्पनीले विश्वास व्यक्त गरेको छ ।

आइएमई पे मोबाइल वालेटमार्फत व्यक्ति-व्यक्तिबीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा क्युआर स्क्यान गरी भुक्तान गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिलहरू भुक्तान गर्न मिल्ने सेवा प्रदान गर्दै आइरहेको जनाएको छ ।

महालक्ष्मी विकास बैंकले १२.९९ प्रतिशतमा कर्जा दिने

नयाँ पत्रिका
काठमाडौं, १९ चैत

महालक्ष्मी विकास बैंक लिमिटेडले नयाँ वर्षको अवसर पारेर १२ दशमलव ९९ प्रतिशत ब्याजदरमा कर्जा दिने भएको छ । बैंकले घर खरिद गर्न अथवा घर निर्माण गर्न इच्छुकहरूलाई लक्षित गरी आवास कर्जा र उद्यम गर्न इच्छुकहरूलाई लक्षित गरी व्यावसायिक कर्जा दिने योजना ल्याएको हो ।

सस्तो ब्याजदरका साथै नयाँ वर्षको अवसरमा कर्जा सेवा शुल्कमा पनि छुट दिने बैंकले जनाएको छ । महिला सशक्तीकरणमा जोड दिँदै बैंकले घरधनी वा व्यवसाय धनी महिला भएमा सेवा शुल्कमा ०.२५ प्रतिशत छुट दिने जनाइएको छ । उक्त छुट सुविधा सीमित समयका लागि रहेको उल्लेख छ ।

आवास कर्जा योजनाअन्तर्गत ऋणिका लागि निर्माण लागतको शतप्रतिशत कर्जा प्रवाह गर्नुका साथै कर्जाको अवधि अधिकतम ३० वर्ष, घर निर्माणमा अग्रिम कर्जा प्रवाह तथा सेवा शुल्कमा छुटजस्ता सुविधा रहेको बैंकले जनाएको छ । व्यावसायिक कर्जा योजनाअन्तर्गत ऋणीका लागि धितो मूल्यांकनमा उच्चतम कर्जा प्रवाह गर्नुका साथै व्यवसाय सुरु गर्न अग्रिम कर्जा प्रवाह गर्ने तथा सेवा शुल्कमा छुटजस्ता सुविधाहरू प्रदान गर्ने जनाइएको छ । हाल विद्यमान तरलता अभाव तथा बढ्दो ब्याजदरबीच पनि बैंकले सुलभ ब्याजदरमा सरलीकृत तवरले कर्जा प्रवाह गरिरहेको दाबी गरेको छ ।

घर खरिद गर्न अथवा घर निर्माण गर्न र स्वदेशमै उद्यम गर्न चाहनेहरूका लागि लाभदायक महालक्ष्मी आवास कर्जा र महालक्ष्मी व्यावसायिक कर्जा बैंकका सम्पूर्ण एक सय तीनवटै शाखाबाट उपलब्ध हुने जनाइएको छ । यो कर्जा सुविधाले आर्थिक मन्दीबाट ग्रस्त व्यवसायीले व्यवसाय सञ्चालन गर्ने र आफ्नै घरको चाहना गर्ने ग्राहकले घर निर्माण वा खरिद गर्न सक्ने बैंकले विश्वास व्यक्त गरेको छ ।

वरिष्ठ उपाध्यक्षमा अन्जन श्रेष्ठलाई उवा महासंघ गण्डकीले समर्थन गर्ने



नयाँ पत्रिका
काठमाडौं, १९ चैत

नेपाल उद्योग वाणिज्य महासंघको आउँदो निर्वाचनमा वरिष्ठ उपाध्यक्ष पदका प्रत्याशी अन्जन श्रेष्ठलाई उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले समर्थन गर्ने भएको छ । श्रेष्ठलाई वरिष्ठ उपाध्यक्ष पदमा जिताउनका लागि उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले सर्वसम्मत रूपमा समर्थन गर्ने निर्णय गरेको हो ।

शनिबार पोखरामा बसेको प्रदेश समितिको बैठकले वरिष्ठ उपाध्यक्ष उम्मेदवार श्रेष्ठसहित प्रदेशबाट कार्यसमितिमा उम्मेदवारी दिने सम्पूर्ण उम्मेदवारलाई पनि जिताउन सक्रिय भूमिका निर्वाह गर्ने सर्वसम्मत निर्णय गरेको जनाइएको छ । पोखरा उद्योग वाणिज्य संघको प्रस्तावमा वरिष्ठ उपाध्यक्ष पदका उम्मेदवार श्रेष्ठलाई प्रदेशबाट सघाउने प्रदेश महासंघका अध्यक्ष अमृत भट्टचनको अध्यक्षतमा बसेको बैठकले सर्वसम्मत निर्णय गरेको जनाइएको छ ।

बैठकमा गण्डकी प्रदेश समितिका सम्पूर्ण सदस्यहरू, पोखरा उद्योग वाणिज्य संघका साथै लुम्बिनी प्रदेश र बागमती प्रदेशका केही जिल्ला नगरका अध्यक्षहरूको पनि सहभागिता रहेको जनाइएको छ । सर्वसम्मत उम्मेदवार घोषणा भएसँगै वरिष्ठ उपाध्यक्षका प्रत्याशी श्रेष्ठले आफ्नो उम्मेदवारीलाई सबै सदस्यहरूले सर्वसम्मत रूपमा सहयोग गर्ने घोषणा गरेकोमा धन्यवाद दिएका थिए । कार्यक्रममा उनले उद्योगीहरूको समस्या र चुनौतीलाई समाधान गर्न आफू लागिपर्ने बताए ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय अत्तरिया, कैलालीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रकाशित मिति २०७९/१२/२० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडै शाखा कार्यालय अत्तरिया, कैलालीबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० बैशाख ०५ गते मंगलबार**का दिन शाखा कार्यालय अत्तरिया, कैलालीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७३/०४/०९ मा दर्ता नं. १५२४६६/०७३/०७४ कायम भई दर्ता रहेको कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **दियाकोटी ब्रदर्स अटो मोवाइल एण्ड इन्जिनियरीङ् प्रा.लि.**का सञ्चालक धन बहादुर दियाकोटी/हिरा देवी दियाकोटीको नाति, करन बहादुर दियाकोटी/ईशरा देवी दियाकोटीको छोरा, कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. ०१, (साबिक दरख गा.वि.स., वडा नं. ०५) बस्ने **हेम राज दियाकोटी** (ना.प्र.नं. ६७३०२९/१७८५, जारी मिति २०६३/११/२२, जिल्ला प्रशासन कार्यालय कैलाली) ।

संचालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धन बहादुर दियाकोटी /हिरा देवी दियाकोटीको नाति, करन बहादुर दियाकोटी/ईशरा देवी दियाकोटीको छोरा, निर्मला देवी दियाकोटीको पती, कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ०१ (साबिक दरख गा.वि.स. वडा नं. ०५) बस्ने **हेम राज दियाकोटी** (ना.प्र.नं.६७३०२९/१७८५, जारी मिति २०६३/११/१२, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
२. परी जोराको नातिनी, गोपाल सिंह जोरा/वेदमती जोराको छोरी, बल विर महराको बुहारी, पदम सिं महराको पत्नी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०५ (साबिक फुलबारी गा.वि.स. वडा नं. ०७) बस्ने **हिरा देवी महरा** (ना.प्र.नं.६९१८६ जारी मिति २०६३/०१/२०, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
३. हर्क बहादुर दियाकोटीको नाति, धन बहादुर दियाकोटी/हिरा देवी दियाकोटीको छोरा, ईशरा देवी दियाकोटीको पति, कैलाली जिल्ला, खैराना गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ०१ बस्ने **करन बहादुर दियाकोटी** (ना.प्र.नं.८९३७, जारी मिति २०५२/१०/१२, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
४. दिल बहादुर साँकीको नाति, खडक बहादुर साँकी/अनिता साँकीको छोरा, कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ०१ (साबिक दरख गा.वि.स. वडा नं. ५) बस्ने **दिपेन्द्र साँकी** (ना.प्र.नं.६७१०२९/१२ ९५९, जारी मिति २०६८/०७/०७, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
५. नर बहादुर दियाकोटीको नाति, भिम बहादुर दियाकोटी/कोइला देवी दियाकोटीको छोरा, अन्जु देवी दियाकोटी बोहराको पति कैलाली जिल्ला गौरीगंगा न.पा. १ बस्ने **डबल बहादुर दियाकोटी बोहरा** (ना.प्र.नं.१४७९९, जारी मिति २०५०/२/१४, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
६. बल विर महराको नाति, पदम सिंह महरा/हिरा देवी महराको छोरा, कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०५ बस्ने **चन्द्र सिंह महरा** (ना.प्र.नं.६७-०१-७१-०६०७७ जारी मिति २०७१/०७/१६, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
७. धन बहादुर दियाकोटी /हिरा देवी दियाकोटीको नाती, करन बहादुर दियाकोटी/ईशरा देवी दियाकोटीको छोरा, निता कुमारी महराको पति, कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ०१ (साबिक दरख गा.वि.स. वडा नं. ०५) बस्ने **पदम सिंह दियाकोटी** (ना.प्र.नं.६७१०२९/७३५८, जारी मिति २०६५/१०/०५, जिल्ला प्रशासन कार्यालय कैलाली) ।
८. चक्र बहादुर धामीको नातीनी, खडक बहादुर धामी /विरमा धामीको छोरी, धन बहादुर दियाकोटी/हिरा देवी दियाकोटीको बुहारी, करन बहादुर दियाकोटीको पत्नी, कैलाली जिल्ला घोडाघोडी न.पा. वडा नं. ०१ (साबिक दरख गा.वि.स. वडा नं. ०५) बस्ने **ईशरा देवी दियाकोटी** (ना.प्र.नं. ५६७३३, जारी मिति २०६०/१०/०४, जिल्ला प्रशासन कार्यालय कैलाली) ।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **हिरा देवी महरा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, फुलबारी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ६३३ को क्षे.फ. १६३४ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **डबल बहादुर दियाकोटी बोहरा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, चौमला गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. २३३ को क्षे.फ. ८१२७.१० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०८० बैशाख ०४ गते** भित्र बैंकको शाखा कार्यालय अत्तरिया, कैलालीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय अत्तरिया, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०८० बैशाख ०५ गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय अत्तरिया, कैलालीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालै सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय अत्तरिया, कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० बैशाख ०५ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय अत्तरिया, कैलाली फोन नं. ०९१-५५१३३४/५५१०८८/५५१०७२

मूलपानीमा पहिलो अन्तर्राष्ट्रिय क्रिकेटको तयारी

त्रिवि र मूलपानी क्रिकेट मैदानमा ५ वैशाखदेखि एसिसी प्रिमियर लिग हुनेछ। आयोजक क्यानले मूलपानीको मैदानलाई अन्तर्राष्ट्रिय रूपमा परिणत गर्न धमाधम तयारी गरिरहेको छ, जहाँ ११ खेल हुनेछन्।

रमेश सुवेदी/नयाँ पत्रिका
काठमाडौं, १९ चैत

मूलपानी क्रिकेट मैदानमा पहिलो अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता वैशाखमा आयोजना हुँदै छ। एसियन क्रिकेट काउन्सिल (एसिसी) र नेपाल क्रिकेट संघ (क्यान)को संयुक्त आयोजनामा मूलपानी माथिल्लो मैदानमा पहिलोपटक अन्तर्राष्ट्रिय खेल हुन लागेको हो। एसिसी प्रिमियर लिग नेपालले आयोजना गर्दै छ। मूलपानी र कीर्तिपुरस्थित त्रिवि खेलमैदानमा प्रिमियर लिगका खेल हुनेछन्। फाइनलसहित अधिकांश खेल त्रिवि क्रिकेट मैदानमा हुनेछन्।

लिग चरण र एक सेमिफाइनलसहित ११ खेल मूलपानीमा हुने निश्चित छ। ५ वैशाखमा हङ्कङ र सिंगापुरबीच हुने खेल नै मूलपानी क्रिकेट मैदानको पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता हुनेछ। यसै दिनमा नेपालले त्रिवि मैदानमा मलेसियाको सामना गर्नेछ। मूलपानी मैदानमा ११ वैशाखमा नेपाल र साउदी अरेबियाबीचको खेल हुनेछ।

■ मूलपानी मैदान धमाधम तयार गर्दै क्यान

प्रतियोगिता सुरु हुन १५ दिन मात्रै बाँकी रहँदा क्यानलाई निकै चटारो छ। अहिले क्यानलाई मैदान निर्माणदेखि आवश्यक अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न उत्तिकै ध्यान दिनुपर्छ। क्यानका कोषाध्यक्ष रोशनबहादुर सिंहको दैनिकी नै मूलपानी मैदान बनिरहेको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्द र कार्यवाहक सचिव दुर्गाराज पाठकको चिन्ता पनि समयअगाडि नै मैदानको तयारी पूरा हुन्छ वा हुँदैन भन्ने छ। क्यानले एक हप्ताभित्र मैदान एसिसी प्रतिनिधिलाई उपलब्ध गराउनेछ। 'अहिले चटारो नै छ, तर सम्भावित काम पूरा गरिसकेका छौं,' क्यानका अध्यक्ष चन्दले नयाँ पत्रिकालाई भने, 'हामी अन्तिम चरणमा छौं।' चन्दका अनुसार अर्को साता एसिसीका प्रतिनिधि नेपाल आउनेछन्। उनीहरूले मूलपानी मैदानको अवस्था बुझ्नेछन्।

'अर्को साता प्रतिनिधिहरू मैदान अवलोकनका लागि आउनेछन्, हामीले अझै केही मर्मत गर्न बाँकी छ, एसिसीका प्रतिनिधिले दिएको सुझावअनुसार अगाडि बढ्छौं,' चन्दले भने। क्यानलाई त्रिवि मैदानमा कुनै समस्या छैन। क्यानले एसिसी प्रिमियर लिगलाई ध्यानमा राख्दै मूलपानी मैदानको पिच दुई महिनादेखि नै तयारी सुरु गरेको हो। पछिल्ला समय आउटफिल्डको काम अन्तिम चरणमा पुऱ्याएको छ। बाउन्ड्री लाइन सानो हुँदा त्यसलाई मापदण्डअनुसार नै ठूलो आकार दिइएको छ।

■ विवादले थलिएको मैदान

समयमै मैदान तयारी भएको भए मूलपानी मैदानमा अहिलेसम्म धेरै अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता भइसक्थे। ०६० सालमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को परियोजनाअन्तर्गत तत्कालीन मूलपानी गाविसले वडा ८ को लगभग चार सय रोपनी खाली जग्गा उपलब्ध गराएको थियो। जग्गा हस्तान्तरणको तीन वर्षपछि मैदानको निर्माण कार्य सुरु भयो। तर, यसमा धेरै विवाद देखियो। मुख्य विवाद जग्गाको मुआब्जामा नै थियो। जसका कारण मूलपानी मैदानको निर्माण कार्य अगाडि बढ्न सकेन।

स्थानीय र केही घरेलु प्रतियोगिता आयोजना भए पनि यहाँ अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना हुन सकेका छैनन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले तल्लो मैदान बनाइरहेको छ। पछिल्लो दुई वर्ष जग्गा मुआब्जाको विवाद टुंगिएपछि भिआइपी र खेलाडी चेन्जिङ रुमको ब्लक निर्माण भइरहेका छन्।

सामान्यतर्फको एक ब्लक बन्ने चरणमा छ। तल्लो मैदानको पिच र आउटफिल्डको अवस्था सामान्य छ। पूर्वतर्फको हालको पिच बाटो नहटाएसम्म तल्लो मैदानले पूर्ण आकार नपाउने अवस्था छ। एसिसी प्रिमियर लिगकै लागि क्यानले तल्लो मैदानमा नेट अभ्यास गर्ने तयारी गरेको छ। माथिल्लो मैदान भने पछिल्लो समय क्यानले मुख्य कार्यालय बनाउँदै निर्माणमा आफैंले स्वामित्व लिएको छ।



५ वैशाखदेखि सुरु हुने एसिसी प्रिमियर लिग हुने मूलपानी मैदान सम्याउन खटिएका कामदार

चेन्जिङ रुमको अन्तिम तयारी

लगातारको कामपछि क्यानले मैदानमा स्कोर बोर्ड राखेको छ। चारैतर्फ जाली राखेर दर्शक मैदानभित्र प्रवेश गर्न नमिल्ने बनाइएको छ। खेलाडी डकआउट र चेन्जिङ रुमका कार्य अन्तिम चरणमा छन्। पहिरोले सर्घै दुःख दिने क्षेत्रमा पर्खालले पूर्णता पाएको छ। दर्शकदिर्घासमेत बनिरहेको छ। 'सबै कार्य अन्तिम चरणमा छन्। एक हप्तामा सकाउने लक्ष्य राखेका छौं, हामीलाई नेपालको खेलमा अलि समस्या हो,' चन्दले भने, 'नेपालको खेल हुँदा दर्शकको उपस्थिति बाक्लो हुने निश्चित छ, मैदानको पूर्वीतर्फ मात्रै दर्शक बस्न पाउनेछन्। जुन माटो भरेर भर्खरै बनाइएको छ।'

दर्शक, सुरक्षा, पार्किङ र प्यारापिटको अवस्था नै क्यानको टाउको दुखाइको विषय बन्ने पक्का छ। त्रिवि खेलमैदानमा १५ हजारभन्दा बढी उपस्थित हुँदा मूलपानीमा बढीमा पाँच हजार दर्शक अट्ने अवस्था देखिएको छ। पार्किङ, खानेपानी, शौचालयलगायत कार्यमा क्यानलाई मनोहरा नगरपालिकाले सहयोग गर्नेछ।

एक हप्तामा सबै तयारी हुन्छ



चतुरबहादुर चन्द,
अध्यक्ष, क्यान

मैदानभित्रका अधिकांश काम पूरा भइसकेका छन्। आउटफिल्ड र पिचको काम भइरहेका छन्। दर्शकदिर्घा, चेन्जिङ रुमको कार्य अन्तिम चरणमा छ। हामीले पहिलोपटक अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्दै छौं। सबै काम गर्नुपर्दा हतार पनि भयो। हामीसँग अझै १५ दिन बाँकी छ।

एक हप्ताभित्र सबै कामले पूर्णता पाउनेछ। यसपछि एसिसीका प्रतिनिधिले हेर्नुहुन्छ। हामीले पिच र आउटफिल्डमा बढी ध्यान दिएका छौं। नेपालको खेलमा समस्या भए पनि मूलपानीमा अन्य खेलमा समस्या हुँदैन। बंगलादेशका दुईसहित नेपाली क्युरेटरले पिच आकर्षक बनाएका छन्। मूलपानी पिचको पुरानो माटो भने केही मात्रामा हटाइएको छ।

खेल संक्षेप

बाह्रखरी गल्फ ९ वैशाखमा

काठमाडौं/ बाह्रखरी मिडियाले वार्षिक रूपमा आयोजना गर्दै आएको बाह्रखरी गल्फ ९ वैशाखमा गर्ने भएको छ। बाह्रखरी मिडियाले आइतबार पत्रकार सम्मेलन गर्दै एनसेल बाह्रखरी गल्फ एन्ड इकोनोमिक सिम्पोजियमको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने जानकारी दिएको छ। बाह्रखरी मिडियाका प्रबन्ध निर्देशक ज्ञानेश्वर आचार्यले कार्यक्रममा एक हजार पाँच सयभन्दा बढी पाहुना सहभागी हुने बताए।

यसैगरी, गोकर्ण गल्फ क्लबका अध्यक्ष सुहृद घिमिरेले 'सुनको बल' सार्वजनिक गरेका छन्। गोकर्ण गल्फ क्लबका निर्देशक दीपक आचार्यले गल्फ प्रतियोगिताको निरन्तरता हुनु नै राम्रो पक्ष भएको बताए। प्रतियोगितामा काठमाडौं, धरान, विराटनगर, वीरगन्ज, चितवन, पोखरा, बुटवल, नेपालगन्ज, धनगढीसहित केही विदेशी 'कर्पोरेट' गल्फर पनि उपस्थित हुनेछन्। प्रतियोगितामा सहभागी गल्फरहरूले गोकर्ण गल्फ क्लबको १८ होलमा 'स्टेबल फोर्ड फर्म्याट'मा प्रतिस्पर्धा गर्नेछन्।

चौबिसे फुटबल कपमा १६ टोली सहभागी

धनकुटा/ धनकुटाको राजारानीमा २८ चैतदेखि चौबिसे कप फुटबल प्रतियोगिता हुने भएको छ। चौबिसे गाउँपालिकाको आयोजनामा महिला तथा पुरुष फुटबल प्रतियोगिता हुने भएको हो। १ वैशाखसम्म हुने चौथो संस्करणको फुटबल प्रतियोगितामा ८ वडाका महिला तथा पुरुष गरी १६ टोली सहभागी हुने चौबिसे गाउँपालिका धनकुटाका अध्यक्ष राजकुमार लिम्बूले जानकारी दिए।

गत वर्षको उपाधि विजेता चौबिसे गाउँपालिका ६ राजारानीले खेलकुद विकास समितिलाई रनिङ सिल्ड हस्तान्तरण गरेको छ। यस टोलीले लगातार दुईपटक पुरुष फुटबलको उपाधि जितेको थियो। पुरुष फुटबल प्रतियोगिता चार वर्षअगाडिदेखि खेलाइँदै आएको भए पनि महिला फुटबल प्रतियोगिता गत वर्षबाट मात्र सुरु भएको हो। प्रतियोगितामा पुरुषतर्फका विजेताले ६० हजार र उपविजेताले ३० हजार रुपैयाँ पाउनेछन्। महिला विजेताले ३० हजार र उपविजेताले २० हजार पुरस्कार प्राप्त गर्ने चौबिसेका अध्यक्ष धनबहादुर लिम्बूले बताए।

सेपाकताक्रो च्याम्पियनसिप हुने

संखुवासभा/ कोसी प्रदेशस्तरीय सेपाकताक्रो च्याम्पियनसिप हुने भएको छ। सेपाकताक्रो संघ संखुवासभाको आयोजनामा कोसी प्रदेशस्तरीय सेपाकताक्रो च्याम्पियनसिप ६ देखि ८ वैशाखसम्म हुने संघका अध्यक्ष रोशन थापामगरले बताएका छन्। प्रतियोगिता खाँदबारीको टुँडीखेलमा हुनेछ। प्रतियोगितामा कोसी प्रदेशअन्तर्गतका १४ जिल्लाका खेलाडी सहभागी हुनेछन्।

प्रदेश खेलकुद विकास बोर्डको आर्थिक सहयोगमा सञ्चालन हुने यो प्रतियोगितामा राष्ट्रिय खेलाडीहरूको उपस्थिति रहनेछ। यसअघि सम्पन्न राष्ट्रिय खेलकुद प्रतियोगिता र बंगलादेशमा सम्पन्न साफ च्याम्पियनसिपमा नेपालका तर्फबाट सहभागी खेलाडीहरूमा संखुवासभाका समेत रहेका छन्।

चर्च ब्वाइजलाई जितपुर-सिमरा गोल्डकप

फाइनलमा चर्च ब्वाइजले ए डिभिजनको अनुभवी क्लब हिमालयन शेर्पालाई २-० ले हराउँदै उपाधि उचाल्यो



वसन्त खतिवडा/नयाँ पत्रिका
बारा, १९ चैत

चर्च ब्वाइज युनाइटेड क्लबले पहिलो सहभागितामै १३औं जितपुर-सिमरा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। सिमरा रंगशालामा भएको फाइनलमा हिमालयन शेर्पा क्लबलाई २-० ले पराजित गर्दै चर्च ब्वाइजले उपाधि जितेको हो। चर्च ब्वाइजलाई उपाधि दिलाउने क्रममा मिलन राई र आशिष चापागाईंले एक-एक गोल गरेका थिए। खेलको छैटौं मिनेटमा हिमालयन शेर्पाका दिवस उराउले सीधै रातो कार्ड पाएका थिए। त्यसपछि बाँकी समयमा हिमालयले दश खेलाडीमा सीमित रहँदै प्रतिस्पर्धा गऱ्यो।

१० खेलाडीमा सीमित हिमालयनले अन्तिम समयसम्म संघर्ष गरेको थियो। मैदानको मध्यभागबाट बल अघि बढाएका चर्च ब्वाइजका रञ्जित पान्डेलाई डिबक्सभित्र लडाएपछि दिवसलाई फिफा रेफ्री नविन्द्र महर्जनले सीधै रातो कार्ड देखाएका थिए। खेलको ३५औं मिनेटमा मिलन राईले फ्रिकिक गोल गर्दै चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए। डिबक्सबाहिरबाट कप्तान मिलनले उत्कृष्ट गोल गरेका हुन्। उनको प्रहारलाई हिमालयनका गोलरक्षक किशोर गिरीले छेक्न सकेनन्। खेलको अन्तिम इन्जुरी समयमा आशिष चापागाईंले चर्च ब्वाइजलाई २-० को स्थितिमा राखे। काउन्टर एट्याकमा आशिषले मध्यभागबाट एकल प्रयासमा आकर्षक गोल गरेका हुन्।

चर्च ब्वाइजका कमल सर्वोत्कृष्ट खेलाडी

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाइजका डिफेन्डर कमल श्रेष्ठ घोषित भए। उनले टिभिएस राइडर मोटरसाइकल प्राप्त गरे। प्रतियोगिताको उत्कृष्ट गोलरक्षक विजयी टोलीका युएस प्रिसो, डिफेन्डर फ्रयांकलिन टाला, मिडफिल्डर सुवास गुरुङ र प्रशिक्षक प्रदीप हुमागाईं घोषित भए। उनीहरूले समान २० हजार रुपैयाँ पाए। प्रतियोगिताको उत्कृष्ट स्ट्राइकर हिमालयन शेर्पाका सुशील राई घोषित हुँदै २० हजार रुपैयाँ जिते। सर्वाधिक गोलकर्ता भरतपुर फुटबल क्लबका सुनील श्रेष्ठ घोषित हुँदै २० हजार रुपैयाँ हात पारे।

वाइआरसिसी सेमिफाइनलमा

विराटनगर/ दोम्रो मिल्स टी-२० क्रिकेट प्रतियोगितामा वाइआरसिसी क्रिकेट क्लब विराटनगर र एनबिएससी क्रिकेट क्लब विराटनगर सेमिफाइनलमा पुगेका छन्। विराटनगर जुटमिलको खेलमैदानमा आइतबार भएको पहिलो खेलमा होराइजन क्रिकेट क्लब विराटनगरलाई पाँच विकेटले हराउँदै वाइआरसिसी अन्तिम चारमा पुगेको हो। होराइजनले दिएको १८४ रनको लक्ष्य वाइआरसिसी विराटनगरले १८.४ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो।

विजयी टोलीका लागि दिलीप नाथले ७८ रनको अर्धशतकीय इनिङ्स खेले। दीपक पासवानले २६ रनको योगदान दिए। बलिङमा वाइआरसिसीका कमल खत्री, सचि यादवले समान दुई विकेट हात पारे। यसअघि ब्याटिङ रोजेको होराइजनले निर्धारित २० ओभरमा सात विकेट गुमाई १८३ रनको स्कोर बनाएको थियो। मनीष थापाले शतक बनाए। उनले १०६ रनको योगदान दिँदा आठ छक्का र चार चौका प्रहार गरे। अर्को खेलमा मिल्स एकेडेमी क्रिकेट क्लब रानीलाई ४९ रनले स्तब्ध बनाउँदै एनबिएससी सेमिफाइनलमा पुगेको हो। एनबिएससीले निर्धारित २० ओभरमा आठ विकेट गुमाई २३९ रनको विशाल योगफल खडा गरेको थियो। एनबिएससीका विपिन सौरवले ८५ रन जोडे। विधान गोस्वामीले ४७ रन र प्रशान्त कुमारले ३४ रन बनाए।

बलिङमा मिल्सका मिरास खानले चार विकेट लिए। दुई सय ४० रनको लक्ष्य पछ्याएको मिल्स क्लबले १९.४ ओभरमा १९० रन मात्र बनायो। जसमा विकास लोलियाले ८८ रनको अर्धशतकीय इनिङ्स खेले। एनबिएससीका अनुभव श्रीवास्तवले तीन विकेट लिए। म्यान अफ दी म्याच एनबिएससीका विपिन सौरव घोषित भए।

भारतकी स्नेहालाई दुवाथलनको उपाधि



कास्की/ एसियन ट्रायथलन कप तथा दक्षिण एसियन च्याम्पियनसिप २०२३ अन्तर्गत दुवाथलनको पुरुषमा युएईका साउद अलजावी र महिलातर्फ भारतकी स्नेहल सुनिल जोशी च्याम्पियन बनेका छन्। नेपाल ट्रायथलन संघको आयोजनमा आइतबार पोखरामा भएको प्रतियोगिताको निर्धारित ५ किलोमिटर दौड, २० किलोमिटर साइक्लिङ र २.५ किलोमिटर दौडको दूरी ५९ मिनेट २७ सेकेन्डमा पार गर्दै पुरुषतर्फ अलजावी पहिलो भएका हुन्। एक घन्टा १२ मिनेट १९ सेकेन्डका साथ महिलामा भारतकी जोशीले उपाधि जितेकी हुन्। पुरुषतर्फको प्रतिस्पर्धामा नेपालका हिमाल टमाटा उपविजेता हुँदा निर्धारित दूरी ५९ मिनेट ४७ सेकेन्डमा पूरा गरेका थिए।

एक घन्टा २ मिनेट ९ सेकेन्डका साथ नेपालका वसन्त थारू तेस्रो भए। महिलातर्फ एक घन्टा १३ मिनेट २५ सेकेन्ड दूरी पार गर्दै भारतकी संजना सुनिल जोशी दोस्रो र १ घन्टा १४ मिनेट ३० सेकेन्डमा दूरी पूरा गर्दै नेपालकी हुमी बुढामगर तेस्रो भए।
प्रतियोगिताअन्तर्गत शनिबार एसियन ट्राइथालन कप तथा दक्षिण एसियन च्याम्पियनसिपका खेल सम्पन्न भएको थियो। प्रतियोगितामा नेपालसहित भारत, जापान, उज्वेकिस्तान, लक्जम्बर्ग, उक्रेन, अस्ट्रेलिया, काजाकिस्तान, अस्ट्रिया, स्लोभाकिया, युएई, प्यालेस्टाइन, न्युजिल्यान्ड रोमानिया, अल्जेरिया र मोरिसस गरी १८ देशका ४७ पुरुष र १९ महिला गरी ६६ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

करारनामा बदर गरिएको सार्वजनिक सूचना

नरेन्द्र जङ्ग थापाको नाममा सार्विक कायम रहेको गाउँ ब्लक अर्न्तगतको जि. सप्तरी इनरुवा न.पा. वडा नं. १ कि.नं. १३४ क्षे.फ. ०-१२-१८-० ऐ वडा नं. ३ कि.नं. १५६ क्षे.फ. १८-०३-१०-० ऐ वडा नं. ५ कि.नं. ८५ क्षे.फ. १-२-१६-० जग्गाको नाप नक्शा गराई ज.ध.द.प्र.पुर्जा समेत प्राप्त गर्न लाई का.जि.का.म.न.पा. वडा नं. २ बस्ने बर्ष ६४ की नीता हमाल र जि.धनुषा देवपुरा रुपौठा वडा नं. ५ को परिवर्तित जनकपुर उप.म.न.पा. वडा नं. २० बस्ने बर्ष ४१ को शुभकान्त झा लाई मिति २०७५/३/३१ गतेका दिन गरि दिएको करारनामा बमोजिमको शर्तपालना नगरेकोले सो करारनामा आजैका मिति देखि बदर गरिएको छ।

भाडामा वा बिक्रिमा

ठहीटी श्री घः मन्दीर भित्र १८ आना जग्गा भाडामा वा बिक्रिमा

९८०३५५५२२५

वेस्ट इन्डिज पनि ग्लोबल छनोटमा

सुपर लिगमा २४ खेलबाट ८८ अंक जोडेको वेस्ट इन्डिज नवौं स्थानमा झरेपछि आइसिसी विश्वकप ग्लोबल छनोटमा



नयाँदिल्ली/ दुईपटकको पूर्वविश्वकप च्याम्पियन वेस्ट इन्डिज भारतमा हुने एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको प्लेअफमा पुगेको छ। आइसिसी सुपर लिगमा दक्षिण अफ्रिकाले नेदरल्यान्ड्सलाई तेस्रो एकदिवसीय खेलमा १ सय ४६ रनले पराजित गरेपछि वेस्ट इन्डिज ग्लोबल छनोटमा छनोट भएको हो। वेस्ट इन्डिज सन् १९७५ र १९७९ मा एकदिवसीय विश्वकपको उपाधि विजेता हो। वेस्ट इन्डिजले टी-२० विश्वकप २०१२ र २०१६ मा जितेको थियो। वेस्ट इन्डिजले सुपर लिगमा २४ खेलबाट ८८ अंक जोडेको छ। वेस्ट इन्डिजले नौ जित र १५ हार सामना गरेको छ। नवौं स्थानमा झरेपछि सीधै वेस्ट इन्डिजले विश्वकपमा स्थान बनाउन नसकेको हो। आठौं स्थानमा दक्षिण अफ्रिका रहेको छ। दक्षिण अफ्रिकाले २१ खेलबाट ९८ अंक हात पारेको छ। दक्षिण अफ्रिकाले नौ जित र १० हारको सामना गरेको छ।

आयरल्यान्डले अर्को महिना बंगलादेशसँग घरेलु मैदानमा तीनमध्ये एउटा एकदिवसीय खेलमा पराजित भए दक्षिण अफ्रिका सीधै भारतमा आयोजना हुने एकदिवसीय विश्वकपमा पुग्नेछ। यदि बंगलादेशविरुद्ध तीनवटै एकदिवसीय खेलमा जित निकाल्दा आयरल्यान्डले ९८ अंक बनाउनेछ। यो अवस्थामा दक्षिण अफ्रिकासँग आयरल्यान्डले अंक बराबरी गर्नेछ।

यसअघि श्रीलंका दशौं स्थानमा रहँदै ग्लोबल छनोटमा पुगेको थियो। श्रीलंका सुपर लिगमा २४ खेलमा सात जित र १३ खेलमा हार सामना गर्दै ८१ अंक बनाएको थियो। अब आयरल्यान्ड र दक्षिण अफ्रिकामध्ये एक टोलीले सोझै विश्वकपमा स्थान बनाउनेछन्। आगामी जुन-जुलाईमा जिम्बाबेमा हुने विश्वकप छनोटमा १० टोलीको सहभागिता रहनेछ।

सुपर लिगको नियमअनुसार आयोजक भारतसहित शीर्ष आठ टोलीले मात्रै विश्वकपमा सोझै स्थान बनाउँछन्। भारत, पाकिस्तान, बंगलादेश, अस्ट्रेलिया, न्युजिल्यान्ड, अफगानिस्तान र इंग्ल्यान्ड गरी ७ टोली सोझै विश्वकपमा पुगिसकेका छन्। आइसिसी विश्वकप लिग-२ मा तेस्रो स्थानमा रहँदै नेपालले ग्लोबल छनोटमा स्थान पक्का गरेको थियो। विश्वकप-२ को शीर्ष स्थानमा स्कटल्यान्ड र दोस्रो स्थानको ओमानले विश्वकपको ग्लोबल छनोटमा स्थान बनाएका छन्।

Dharan Sub-metropolitan City
Office Of The Municipal Executive
Dharan, Sunsari

Request for Expression of Interest

Date: 03-04-2023

Name of Project: Preparation of Periodic Plan of Dharan Sub Metropolitan City

1. Dharan Sub Metropolitan City has allocated fund toward the cost of Preparation of Periodic Plan of Dharan Sub Metropolitan City and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Dharan Sub- Metropolitan City Office, Dharan now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Preparation of Periodic Plan of Dharan Sub Metropolitan City
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Dharan SubMetropolitan City Office,Dharan, Sunsari during office hours on or before 18-04-2023 12:00 hours or visit e-GP system www.bolpatra.gov.np/egp
4. Consultants may associate with other consultants to enhance their qualifications. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 18-04-2023 12:00 hours .
5. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
6. EOI will be assessed based on Qualification 45.0 %, Experience 40.0 %, and Capacity 15.0 % of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
7. Minimum score to pass the EOI is 60

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com